ISSN 2631-2298

nepalmag.com.np

आइतबार • ६ पुस २०७६ • मूल्य रु. २५

नेपाल

राष्ट्रिय साप्ताहिक



ठगीराज

२ खर्ब रुपैयाँभन्दा बढीका आयोजना अलपत्र पार्ने ठेकेदारलाई दलीय ओत

|| फलोअप

अटेरी मेडिकल सञ्चालकसामु निरीह सरकार

K. L. DUGAR GROUP
AURA
NOW IN NEPAL
Joy of Freshness
Works on Low Voltage
Longer Freshness
Larger Freezer Space
Toughened Glass Shelves
10 YEARS* WARRANTY
AURA INTELLIGENT REFRIGERATORS
Available in 190 liters to 230 liters
* CONDITIONS APPLY
Smart Appliances P Limited
COMPANY SHOWROOM: KATHMANDU: CHARKHAL, DILLIBAZAR: 01-4436920 | CORPORATE OFFICE: CHARKHAL, DILLIBAZAR, KATHMANDU, TEL: 01-4443119
BIRATNAGAR: JAIN BHAWAN, MAIN ROAD: 9801305494 | FOR SERVICE: TOLL FREE NO.: 16600110090 | FOR DEALERSHIP: 9801105114

AMBE STEELS
दीर्घायु भवः
विकास सम्भव छ, मजबुत निर्माणले
मजबुत निर्माण बन्छ अम्बे स्टील्स्ले
AMBE GROUP
अम्बे स्टील्स्
जे बन्छ, दिगो बन्छ
ने ग्र १९१
नेपाल गुणस्तर प्रमाण चिन्हद्वारा सम्मानित ।
8mm देखि 32mm सम्मको Size मा
CERTIFIED ISO 9001:2008 COMPANY
Fe500 gradesteels
UTM TESTED
TMT STEEL BARS

From a vague bill the government just proposed to a mysterious gold smuggling case that simply won't go away, we'll tell you everything you need to know about the big stories in our weekly Explained series.

Look for it every Thursday on Page 16.

THE KATHMANDU POST

WITHOUT FEAR OR FAVOUR

NABIL BANK®

Presents

NEXT Growth CONCLAVE

POWERED BY ing GROUP

DECODING BUSINESS Growth

COME, BE A PART OF NEPAL's

LARGEST

ENTREPRENEURSHIP CONFERENCE

Learn from global entrepreneurs, business leaders, and investors. Discover new ideas, meet innovative startups and network with entrepreneurs, investors, media and the business community.

Why Attend?

- Global Speakers
- Startup Valley
- Kickstart Hill
- Investor Lounge
- Media Lounge
- Venture Blend

GRAB YOUR TICKETS NOW!

TICKET PRICE | NRs 3000 /-

SHOWCASE YOUR BUSINESS TO THE WORLD

STARTUP VALLEY BOOTH | NRs 20,000 /-

For More Information

www.nextgrowthconclave.com

Download the Growth Conclave App

ANDROID APP ON Google play | Download on the App Store

Our Global Speakers

TING HANG LIU
FOUNDER & CEO,
OPEN MOTORS
CHINA

MOHAN BELANI
CO-FOUNDER & CEO,
E27
SINGAPORE

SHAZEEB M KHAIRUL ISLAM
MANAGING DIRECTOR,
YY VENTURES
BANGLADESH

RIDWAN HAFIZ
FOUNDER & CEO,
GO ZAYAAN, ANALYZEN
BANGLADESH

CARMAN CHAN
FOUNDER AND MANAGING PARTNER,
CLICK VENTURES
HONG KONG

SUMAN JOSHI
MANAGING PARTNER,
TRUE NORTH ASSOCIATES
NEPAL

RAJ BAHADUR SHAH
MANAGING DIRECTOR,
JAWLAKHEL GROUP OF INDUSTRIES
NEPAL

MICHAEL WONG
FOUNDER & CHAIRMAN,
WORKTECH
HONG KONG

MAHESH MURTHY
MANAGING PARTNER,
EXSEED FUND & SEEDFUND
INDIA

ASHUTOSH TIWARI
MANAGING DIRECTOR,
SAFAL PARTNERS
NEPAL

DIPTA SHAH
FOUNDER & MANAGING PARTNER,
541 VENTURES
NEPAL

NITIN SETHI
VICE PRESIDENT-DIGITAL,
INDIGO AIRLINES
INDIA

SHAILENDRA RAJ GIRI
MANAGING DIRECTOR,
MEROJOB
NEPAL

ANSHOO GUPTA
CHIEF OPERATING OFFICER,
PINSTORM
INDIA

JAI KAVI
MANAGING DIRECTOR,
DARAZ NEPAL
NEPAL

BAHAR KUMAR
DIRECTOR,
NEPAL COMMUNITERE
NEPAL

NITISH MITTERSAIN
MD & FOUNDER,
NAZARA TECHNOLOGIES
INDIA

ASHEEM MAN SINGH BASNYAT
REGIONAL DIRECTOR,
PATHAO
NEPAL

Promoted By: NTB | Supported By: UKaid from the British people | Official Hotel: SOALTEE CROWNE PLAZA, AN IHG HOTEL, KATHMANDU | Knowledge Partner: islington college (इस्लिङ्टन कलेज) | Payment Partner: fonepay | Internet Partner: छिटो भनेकै WORLDLINK | Technology Partner: GENESE

Global Education Partner: LANDMARK EDUCATION | Cloud Partner: aws activate | Digital Marketing Partner: OHO DIGITAL | Creative Partner: URBAN NOMADS | Growth Partner: PROVIDHI | Community Partner: UPTRENDLY | Ecosystem Partners: UDHYAMI INNOVATIONS, one to watch, enterprise, NEPAL COMMUNITERE, I CUBE

#GROWFASTER

+977 01 5544879 | 9808377113

nextgrowthconclave@mns.com.np

Find us on

भित्र
आइतबार, ६ पुस २०७६ (वर्ष २०, अंक २०)
Nepal National Weekly, 22 Dec 2019 (Vol. 20, No. 20)

फलोअप
मेडिकल सञ्चालक दलीय आडले अटेरी | २४

१२
हाम्रो नेपालमा
स्वर्ण सेल्फी

१४
बेथिति
असफल कृषि अनुदान

१८
सरोकार
पत्रु खान्कीको पासो

२२
(अ) सहमति
भास्कर गौतम

२८
आवरण
ठेकेदारकै हालीमुहाली

३६
टिप्पणी
चेतन अधिकारी

४२
१३ साग
जसले जिते स्वर्ण

५०
रङ
'...तपाईंलाई कविताको पाप लाग्छ'

सम्पादकीय | ५
प्रतिक्रिया | ६
स्मरण | ७
प्रवेश | ८
परिहास | १०
पुस्तक | ४६
तीन किताब | ४८
नेपाल मण्डल | ५४
नोटबुक | ५६

यो शान हाम्रो | ३८

ठेकेदारप्रति सरकारी रवैयाले उब्जाएको प्रश्न

८ महिनायता मात्रै प्रधानमन्त्री केपी ओलीले ठेकेदारका कामचोर प्रवृत्तिमाथि तीन पटक बोले । राजनीतिक संरक्षणमा ठेकेदारले आयोजना अलपत्र पारेको मात्रै भनेनन्, तिनलाई कारबाही गर्न मन्त्री र सचिवहरूलाई समेत निर्देशन दिए ।

प्रधानमन्त्रीले दिएको निर्देशनको परिणाम नागरिकले अहिलेसम्म देख्न पाएका छैनन् । ०७४ मै गृहमन्त्री रामबहादुर थापाले निर्धारित समयमा काम नगर्ने ठेकेदारलाई कारबाही अभियान चलाए । तर पार्टीको उपल्लो तहका नेताको दबाबमा मन्त्री थापा पछि हटे । ठेकेदारसामु सरकारी निरीहता प्रदर्शित गर्न ती सन्दर्भ पर्याप्त थिए ।

सरकार र नागरिकको अहिले प्रमुख आकांक्षा हो- पूर्वाधार निर्माण । पूर्वाधार निर्माणको गुणस्तर र गतिले सुखी नेपाली : समृद्ध नेपालको सरकारी नारामा एउटा टेकोको काम गर्छ । तर *नेपाल*को यो अंकमा योगेश ढकाल र यम बमको आवरण कथाले भन्छ : नेपालमा पूर्वाधार निर्माणको ढिलासुस्ती र रोगी आयोजनाका कारण नागरिक तहमा आक्रोश मात्र छैन, खर्बौं लगानी बालुवामा पानीझैँ भएको छ ।

समयमा काम नसक्ने ठेकेदारविरुद्ध नागरिकको विरोध शैलीको पछिल्लो जुक्ति मात्रै थियो- सार्वजनिक स्थलमा फोटो टाँस्ने । भक्तपुर-नगरकोट खण्डको सडक ठेक्का पाएका शारदाप्रसाद अधिकारीले सम्झौताअनुसार निर्धारित समयमा मात्र होइन, थप समयमा पनि काम नगरेपछि निस्केको स्थानीयको जुक्ति दोलखासम्म पुग्यो । नागरिक तहमा यसरी बढ्दो वितृष्णा, निराशा र आक्रोशको परिणति सरकारले अनुमान गरेको छैन । यो विरोधको शैली र आक्रोशको निशाना ठेकेदार लक्षित मात्रै नभई सिंहदरबारप्रति नै हो ।

राजनीति-कर्मचारी-ठेकेदार त्रिपक्षीय कनेक्सनको मारमा अहिले २२ सयभन्दा बढी आयोजना छन् । ठेक्का लागेका तर आशातीत काम नभएका ती आयोजनाको बजेट मात्रै करिब २ खर्बभन्दा बढी छ । र, ठेकेदारले पेस्की रकमबापत करिब ४५ अर्ब रुपैयाँ हात पारिसकेका छन् । ठेकेदारले पाउने राजनीतिक ओत र कर्मचारीमा कमिसन लोभको भित्री पाटो झनै डरलाग्दो छ । राजनीतिक पहुँच र प्रभाव अनि कर्मचारी प्रशासनसँगको संगतिले टेन्डरको मापदण्ड निर्धारित हुन्छ । मिलेमतोमै निश्चित कम्पनीका लागि मापदण्ड तय हुन्छ अनि निर्माणको आवश्यकता र गुणस्तर ओझेल पर्छ । नेता र पार्टीको खर्च चलाउने जिम्मा ठेकेदारको काँधमा पुगेपछि उनीहरूको धर्म धरमराउनु अस्वाभाविक होइन ।

नीति निर्माण तहमा रहेका ठेकेदारले लाइन मिलाएर आफ्नै कम्पनीलाई ठेक्का दिने र समयमा काम नगर्ने प्रवृत्ति झनै खतरनाक छ । ठेकेदारको प्राविधिक क्षमता, वित्तीय सक्षमता र दक्ष जनशक्तिको मूल्यांकन नगरी ठेक्का सम्झौता गर्ने प्रचलन अर्को जटिल समस्या हो । आयोजनाको डिजाइनमा एकातिर सरकारसँग दक्ष जनशक्तिको कमीकै कारण परामर्शदातामा निर्भरता बढेको छ । यसले संरचनाको डिजाइनमा समस्या देखिएको छ, अर्कातिर लागत बढाइरहेको छ ।

ठेकेदारलाई मात्रै दोषको भारी बोकाएर सरकारी पक्ष पानीमाथिको ओभानो रहन सक्दैन । पूर्वाधार निर्माणमा प्रस्थानबिन्दुबाटै सरकारी कार्यशैलीमाथि प्रश्न उठ्छ । आयोजनाको विस्तृत डिजाइन, पर्याप्त बजेट, मुआब्जा वितरण र साइट क्लियरेन्सको टुंगो नलाग्दै टेन्डर आह्वान गर्ने सरकारी परिपाटी छ । त्यही सरकारी कमजोरीका कारण ठेकेदारले पेस्की रकम लिएर आयोजना अलपत्र पार्ने अनि अन्यत्र व्यापार गर्ने छूट पाएका छन् ।

निर्माण आयोजना ठेक्का लिने तर काम अलपत्र छाड्ने ठेकेदारप्रति सरकारी रवैयाले नागरिकमा अविश्वास पैदा हुनु स्वाभाविक हो । त्यस अर्थमा सरकारको ठेकेदारप्रति ठोस कदम, टेन्डर प्रथाको सुधार र नैतिक आचरण अपेक्षित छ । निर्माण उद्योगको रणनीतिमै बहस गर्न पनि ढिला भइसकेको छ ।

कान्तिपुर पब्लिकेसन्सका लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया** निर्देशक : **स्वस्तिका सिरोहिया** सम्पादक : **बसन्त बस्नेत** सहायक सम्पादक : **सन्तोष आचार्य** नायब प्रमुख संवाददाता : **राजकुमार बानियाँ** वरिष्ठ संवाददाता : **जनक नेपाल, माधव बस्नेत** सहायक वरिष्ठ संवाददाता : **योगेश ढकाल, मनबहादुर बस्नेत, गोकर्ण गौतम** संवाददाता : **सुनिता लोहनी, यम बम, कल्पना भट्टराई** डेस्क : **गोकुल अर्याल, गुरुङ सुशान्त** डिजिटल : **रविराज बराल** तस्बिर : **रवि मानन्धर** (संयोजन), **सरोज बैजु** सज्जा : **चन्द्रकुमार प्रजापति** (संयोजन), **घनश्याम डंगोल, यमन मानन्धर, सुनीता अधिकारी** कार्टुन/ग्राफिक्स : **रवीन्द्र मानन्धर** मार्केटिङ : **असुरारी ज्ञवाली, सन्तोष ढकाल**

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि., सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौं, पो.ब.नं. ८५५९, फोन नं : ५१३५००० (एक्सटे. १६२२), फ्याक्स : ५१३५०२५, विज्ञापन : ५१३५००० (एक्सटे. ११०७), ग्राहक सेवा : ५१३५००० (एक्सटे. १२१३), इमेल : nepalmag@kmg.com.np, पृथ्वी प्रिन्टिङ प्रेस (प्रा.) लि. काठमाडौंमा मुद्रित, प्रकाशन मिति : २९ मंसिर २०७६, का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८

सत्यतथ्य बाहिर आओस्

द्वन्द्वकालमा बाँकेको चिसापानीस्थित भीमकाली गुल्मबाट भएका गैरन्यायिक हत्याको छानबिन हुनुपर्छ *(बर्दीका अपराधलाई उन्मुक्ति, २९ मंसिर)* । भीमकाली गुल्मका तत्कालीन सहसेनानी रमेश स्वाँर र सहायक रथी अजित थापाले माओवादीका नाममा निर्दोष नागरिकमाथि गरेको अत्याचार सभ्य समाजका लागि क्षम्य हुन सक्दैन । द्वन्द्वकालीन घटनाको सत्यतथ्य बाहिर ल्याउन अधिकारसम्पन्न न्यायिक आयोग गठन गरेर दोषीमाथि कारबाही होस् ।

■ **कमलबहादुर कठायत**
घोडाघोडी नगरपालिका, कैलाली

नेपालकै कमजोरी

कालापानी, लिम्पियाधुरा नेपालकै जमिन भए पनि यसबारे कुरा उठाउन नसक्नु नेपालकै कमजोरी हो *(कालापानीमा दुखेको देश, ९ मंसिर)* । सीमा विवाद दुईपक्षीय वार्ताबाट समाधान नभए अन्तर्राष्ट्रिय कानुनको पनि सहारा लिनु अन्यथा होइन । घरभित्र राष्ट्रवादको नारा फलाक्ने तर बाहिर मुकदर्शक भएर बस्ने नेतालाई के नै भन्न सकिन्छ र ?

■ **इन्द्रनारायण सुवेदी**
वालिङ-८, स्याङ्जा

बर्दीका अपराधलाई उन्मुक्ति
sudan adhikari@ApuroSudan

जनयुद्धताका दिइएका अमानवीय यातनाबारे चौथो प्रयासमा पढेपछि आजभन्दा १७ वर्षअघि घरैबाट बेपत्ता पारिनुभएका मेरो बुबालाई सम्झिएँ । कहाँ, किन, कसरी, के गरे, अहिलेसम्म थाहा छैन ।

लाइक, लभ र रिट्वीटको चक्करमा छटपटिएका हामी
Shrestha Jitendra Kumar @SthaJitendra

मान्छेलाई चर्चा कमाउने लालसा हुन्छ । व्यक्त नगरे पनि दिमागमा सधैँ अरूको ध्यान जित्ने लोभले राज गरिरहेको हुन्छ । कतिपय त फेसबुकतिर ठाडै लेखिदिन्छन्, 'लाइक गर्न पैसा तिर्नु पर्दैन, किन कन्जुस्याइँ गर्नुहुन्छ ? एक पटक पढ्नैपर्ने आलेख ।

देशका लागि स्वर्ण जित्ने खेलाडीलाई चिन्नुस्
Bikash Shrestha @sthbikashnsu

हरेक क्षेत्रमा निराशाजनक अवस्था रहिरहँदा १३ औं सागमा नेपाली खेलाडीको उत्कृष्ट प्रदर्शनले खुसी र उत्साहको सञ्चार गरेको छ । सीमित स्रोत-साधन र सुविधाका बाबजुद देशको शान बढाएकामा खेलाडी र प्रशिक्षक सबै बधाईका पात्र छन् ।

'बरु हामीलाई नेपाली होइन भनी परिचयपत्र दिनु'
Bikesh Kabin @bikesh_kabin

म पनि एक अनागरिक । बुबाको जन्मसिद्ध नेपाली नागरिकता छ, मेरो नेपाली जन्मदर्ता र आवश्यक सबै कागजात छन् । तर आमाको नागरिकता छैन, जो बित्नुभएको पनि दशकौं भइसक्यो । सोही कारण ५ वर्षदेखि नागरिकताका लागि धाउँदा पनि पाइनँ ।

बर्दीका अपराधलाई उन्मुक्ति
Bhattarai Babu

पढ्दा पनि शरीर सिरिंग हुन्छ । अफ भोग्नेहरूलाई कस्तो भएको होला, अनुमान पनि लगाउन सक्दैनौं । यी घाउमा मलहम कहिले लाग्छ ? न्याय कहिले पाउने ?

विदेशी फेस्टिभलमा वाहावाही लुटिरहेको एउटा सिनेमा, जसको नेपालमा चर्चा छैन
LB Basnet

किन चर्चा होस् नेपालमा ? न हलमा हेर्न पाइन्छ, न त युट्युबमा भेटिन्छ । यत्तिकै नेपालमा चर्चा हुनुपर्नेचाहिँ किन हो ?

ग्यास च्याम्बर बन्दै छ काठमाडौं
Jitendra Chaudhary

धुलोधुवाँका कारण जनता बिरामी होऊन् अनि अस्पतालमा उपचार गर्दा लुट्न पाइयोस् भन्ने मनसाय होला । यस्तै हो, हाम्रो नेपालमा । फेरि जनता त्यहीं सरकारलाई जिताउँछन् । नेपाली जनता नै सबैभन्दा लाटा छन् ।

साताका ७ — nepalmag.com.np

१ **रियालिटी शोबाट नेता !**
नेतृत्व लिन र सम्हाल्न सकेका भए पूर्वप्रधानमन्त्री बाबुराम भट्टराई किनारीकृत हुंदै अहिलेको स्थितिमा आइपुग्ने थिएनन् । रवीन्द्र मिश्रको राजनीतिक कौशल पनि पछिल्लो उपनिर्वाचनमा उनका सबै उम्मेदवारको जमानत जफतबाटै छर्लंग भइसकेको छ । तर यिनै नेताहरू राजनेता जन्माउने भन्दै 'द लिडर' रियालिटी शोको निर्णायक बन्दै छन् । निर्णायक टोलीमा उनीहरूसँगै छिन्, पूर्वप्रधानन्यायाधीश सुशीला कार्की ।

२ **गढीमाई : राँगालाई नजरबन्द**
राँगालगायत अन्य पशुपक्षीको बलि दिने कि नदिने भन्ने दुई खाले बहस चल्छ । यस क्षेत्रमा मुकाम बनाएर केही पशु अधिकारकर्मीले बलिविरुद्ध अभियान चलाउँछन् भने अर्को समूह, जो स्थानीय र मेला समितिमा छन्, तिनीहरू गढीमाईमा बलि दिने परम्परा कायम राख्ने पक्षमा हुन्छन् । बलि नदिए मेलाको महत्त्व र विशेषता घट्न सक्ने मनोविज्ञानमा रहेका स्थानीय बलि दिने पक्षमा हुन्छन् ।

३ **'बरु हामीलाई नेपाली होइन भनी परिचयपत्र दिनु'**
संसदमा पेस भएको नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयकमाथि संसद्को राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा पटक-पटक छलफल भएको छ । संसद्को पहिलो अधिवेशनबाटै यो विधेयक पास भइसक्नुपर्नेमा विवाद देखिएकाले अफै छलफलमै रहेको छ । फलस्वरूप बाबु विदेशी र आमा नेपाली भएका धेरै जना नागरिकता अभावमा अनागरिक बनेका छन् ।

४ **'मलाई नेपाली होइन भन्न कहाँ पाइन्छ'**
सागको १३ औं संस्करण नेपालमा आयोजना हुने भएपछि गौरिका सिंह थप हौसिएकी थिइन् । अघिल्लो संस्करणमा रजत पदकमा अड्किएको स्वर्णिम सपनालाई आफ्नै घरमा हुने प्रतियोगितामा पूरा गर्न उनी चाहन्थिन् । तर नेपालमै केही यस्ता व्यक्ति पनि थिए, जो गौरिकाले प्रतियोगितामा भाग लिएकामा भन्दा नलिएकामा खुसी हुन्थे । देशका लागि स्वर्ण जित्ने गौरिकाको सपनाको अघि कसैको केही चलेन ।

५ **पोडकास्ट : १३ औं सागमा नेपालले यसरी रच्यो इतिहास**
घरेलु भूमिमा आयोजना हुने १३ औं दक्षिण एसियाली खेलकुदमा नेपालले कति स्वर्ण पदक ल्याउन सक्ला भन्ने प्रश्न साग आयोजना हुनुअघि नै उठेका थिए । तर *नेपाल* म्यागजिनमा पवन आचार्यले नेपालले गरेको तयारी, खेलाडीको मिहिनेत तथा वैदेशिक प्रशिक्षण र नेपालका खेलाडीले पाएको एक्सपोजर स्वर्ण जित्नका लागि सहायकसिद्ध हुन सक्छ भनेर ५० स्वर्ण टाढा नरहेको लेखेका थिए । पवन आचार्यको विश्लेषणसहितको पोडकास्ट ।

६ **फुटबलले जुराएको खुसी**
१३ औं दक्षिण एसियाली खेलकुदमा फुटबलको फाइनलमा भुटानलाई २-१ ले हराएर स्वर्ण पदक जित्यो । काठमाडौंको दशरथ रंगशालामा दर्शक र खेलाडी नेपालले जित हात पार्न सकेकामा खुसी देखिन्थे । तस्बिरमा हेर्नुस्, उनीहरूको खुसी ।

७ **फिल्म : *पति पत्नी और वो***
घरमा माया गर्ने पत्नी छिन्, परिवार खुसीसँग चलिरहेको छ तर पतिलाई त्यतिले पुग्दैन । बाहिर मन डुलाउँछन् । यही स्वभावले सम्बन्धमा विग्रह आउँछ । अहिलेको पुस्ताले भेलिरहेको नियति हो, यो । बलिउडका निर्देशक मुदस्सर अजिजले यो उल्भनमाथि फिल्म बनाएका छन्, *पति पत्नी और वो* । यही नाममा चार दशकअगाडि बनेको फिल्मको रिमेक हो, यो ।

सबै स्टोरी पढ्न क्युआर कोड स्क्यान गर्नुहोस् ।

गोल्डमेडलिस्टलाई विदेशीको बात

भारतीय दूतावासले नेपालमा आर्ट अध्ययनका लागि भारतका तीन कलेजमा ठूलो संख्यामा छात्रवृत्तिको सूचना निकाल्यो, सन् १९६० मा । ठाकुर मैनाली, शशिकला तिवारीहरू गुजरात बडौदास्थित महाराज सयाजीराव गायकवाड विश्वविद्यालय गए । उत्तम नेपालीहरू बनारस हिन्दु युनिभर्सिटी गए भने हामी बम्बईको जेजे स्कुल अफ आर्ट कलेजमा छात्रवृत्तिमा अध्ययनका लागि छानियौं ।



शशि शाह

खासमा म आर्ट अध्ययनका लागि चीन जान इच्छुक थिएँ । तर चीनमा राममान तृषित छानिए । आर्ट विषय पढ्न चीन गएका उनी पछि डाक्टरी पढेर फर्किए । जेजे स्कुलमा विश्वभरका विद्यार्थी आर्ट अध्ययनका लागि आउँथे । विशेषगरी अफ्रिकाबाट धेरै र अरबबाट एक-दुई जना थिए, हाम्रो ब्याचमा । पहिलो ब्याचमा ६० जनाजति विद्यार्थी थियौं । अन्तिम वर्षसम्म पुग्दा दुई-चार जना घट्थे । जेजे स्कुलमा प्रभाववाद र अतियथार्थवाद विषयमा आर्ट अध्ययन गरेको हुँ । चित्रकला, मूर्तिकलामा परम्परालाई भत्काएर पश्चिमा ढंगबाट पढाइ हुन्थ्यो । आर्टलाई आधुनिक स्वरूपमा ढाल्ने विधि सिकाइन्थ्यो, जसलाई ट्रेडिसनल ब्रेक भनिन्थ्यो ।

त्यतिबेला चन्द्रमान मास्के नेपालको छात्रवृत्ति छनोट समितिका प्रमुख थिए । चन्द्रमान ठूला आर्टिस्ट मात्र नभएर उनीसँग पुरातत्त्व विभागमा डाइरेक्टर र पाटन तथा भक्तपुरको मजिस्ट्रेट भएर काम गरेको विज्ञता थियो । श्रवण समस्याका कारण जेजे स्कुलमा छात्रवृत्तिमा छनोट हुन सकेको थिइनँ । पिताजी चूडाविक्रम शाह राजदरबारमा जागिरे थिए । भारतीयले कान नसुन्नेलाई छात्रवृत्ति दिन नसकिने अड्डी लिए । त्यसपछि पिताजीले राजा महेन्द्रसँग मेरो छोरा छानिएन, पठाइदिनुपर्‍यो भनेर जोडबल गरे । राजाले मास्केलाई दरबारमै बोलाएर कला पढ्न किन कान चाहियो, हेयरिङगेट लगाएर पढ्छ, यसैलाई पठाऊ भनेर निर्देशन दिएपछि मात्र म छात्रवृत्ति अध्ययनका लागि छनोटमा परेको हुँ ।

टाटा समूहले सञ्चालन गरेको जेजे स्कुल अफ आर्ट विश्वप्रसिद्ध विश्वविद्यालय थियो । विश्वविद्यालयमा करिब १२ जति संकाय थिए । डिप्लोमा इन फाइन आर्ट पढ्ने नेपाली विद्यार्थीमा मसहित कालिदास, केशव दुवाडी, लक्ष्मण श्रेष्ठ, उर्मिला उपाध्याय, कृष्णप्रसाद श्रेष्ठ, पूर्ण खड्का, कृष्ण मानन्धर, इन्द्र प्रधान, वत्सगोपाल वैद्य, राज मानन्धर, सुधा मानन्धर, मदन चित्रकार थियौं । मदन चित्रकारचाहिं कमर्सियल आर्ट अध्ययनका लागि छानिएका थिए ।

बम्बईमा प्रकाशित हुने *टाइम्स अफ इन्डिया*का सम्पादकहरू हाम्रो कलेजमा आएर आर्ट विषयबारे जानकारी लिन्थे । तिनैले उत्कृष्ट विद्यार्थी छान्थे र रोजगारीसमेत दिन्थे । त्यतिबेला टाइम्स अफ इन्डियाले *धर्मयुग* पनि प्रकाशित गर्थ्यो । सोही हिन्दी साप्ताहिकमा पार्ट टाइम जागिर खाने अवसर पाइयो । त्यहां काम गर्दा कलेजमै अध्ययनरत थिएँ । *धर्मयुग* धेरै वर्ष चलेर पछि बन्द भयो ।

करिब ६ वर्षे डिप्लोमा इन फाइन आर्टमा गोल्डमेडलिस्ट भएँ । त्यसपछि कलेजले १ वर्ष पढाउने अवसर दिंदो रहेछ । तर विदेशीलाई कलेजमा अध्यापन गराउन दिने नियम रहेनछ । त्यसैले दोस्रो भएका श्रीराम बोहरीले अध्यापन गर्ने अवसर पाए । मचाहिं विदेशी भएकैले पढाउन वञ्चित हुनुपर्‍यो ।

जेजे स्कुलमा पढेकैले हुनुपर्छ, नेपाल आएपछि पनि मलाई चित्र बनाउने अवसर जुटिरह्यो । बम्बईबाट आएका आर्टसम्बन्धी काम नेपालमै बसेर गरियो । त्यसको पारिश्रमिक पनि किस्ता-किस्ता गरेर आउँथ्यो ।

जेजे स्कुलको पढाइ पूरा गरेपछि काठमाडौं फर्किएँ, सन् १९६९ मा । त्यतिबेला ललितकला क्याम्पसमा केशव दुवाडी हेडमास्टर थिए । उनकै आग्रहमा ललितकलामा जागिर खाने अवसर मिल्यो । पछि म आफैं ललितकलाको प्रिन्सिपलसमेत भएँ ।

सन् १९६२-१९६८ सम्म भारतका तीन विश्वविद्यालयमा आर्ट अध्ययन गरेको विद्यार्थीको एउटा पुस्ता नै उत्पादन भयो । यसले नेपालमा कला क्षेत्रको विकासमा उल्लेख्य योगदान दिन सक्यो ।

शाह वरिष्ठ चित्रकार हुन् ।

■ प्रस्तुति : गोकुल अर्याल

पोडकास्ट सुन्न soundcloud.com/nepalmagazine

प्रवेश

सोझै



साताका चर्चित

आरती लम्साल
सञ्चारकर्मी

डा भीमराव अम्बेडकर अवार्ड-२०१९ को डा अम्बेडकर कलाश्रीबाट सम्मानित ।

प्रतिभा माली
भलिबल खेलाडी

माल्दिभ्सको पुलिस क्लबमा प्रतिलिग २५ सय डलरमा आबद्ध ।

अनुष्का श्रेष्ठ
मोडल

बेलायतमा भइरहेको मिस वर्ल्ड प्रतियोगिताको सबटाइटल मल्टिमिडिया अवार्ड प्राप्त ।

जनकमान श्रेष्ठ
काठमाडौंका पहिलो मेयर

कलेजोको क्यान्सरबाट ९२ वर्षको उमेरमा निधन ।

कृष्णबहादुर बस्नेत
उपसचिव, तातोपानी भन्सार

अख्तियारद्वारा करिब १० करोड ५७ लाख रूपैयाँ बिगो माग्दै विशेष अदालतमा मुद्दा दायर ।

मुलुकबाहिर

हनुमानको जन्म

आजभोलि एउटा ट्रेन्ड चलेको छ- कोही व्यक्तिले कुनै राम्रो वा नराम्रो काम गरे देवत्वकरण र दानवीकरण गरिहाल्ने ।

यसबाट छिमेकी देश भारत पनि अछुतो छैन । तर यहाँ भने मान्छेको गुण र दोषको आधारभन्दा शारीरिक बनावटका आधारमा देवत्वकरण गरिएको छ । *मिररडटयुकेका* अनुसार भारतमा ६ वर्षीय बालक शिवम् कुमारलाई हिन्दु धर्मका हनुमानको अवतार मानिएको छ । बालकको पछाडि भागमा पुच्छर हुने ठाउँ घना रौँले ढाकिएको छ । बालकबारे थाहा



पाउनेबित्तिकै टाढाबाट मानिस दर्शन गर्न आउन थालेका थिए । पारिवारिक गुरूले यही क्रमले बालक भेट्न आए उसको मनोदशामा फरक पर्ने भएकाले नभेट्न सुझाव दिएपछि अहिले भने त्यो क्रम रोकिएको छ ।

तैपनि छिमेकीले बालकलाई चकलेट, फूल दिइरहने आमा रिना सुनाउँछिन् । भन्छिन्, 'भेट्न आउने क्रम अझै रोकिएको छैन । कतिपय अवस्थामा ऊ घरमा छैन भन्दै बहाना बनाउँछौं ।' हुन त शिवम् सानै भएकाले रौँ लामो छैन । तर रौँ काट्दा परिवारमा अपसकुन हुने डरले काट्न चाहँदैनन् । आमा भन्छिन्, 'जन्मिदै ऊ रौँ लिएर जन्मेकाले विशेष छ । सायद यो भगवान्को उपहार होला, जुन हामी बिगार्न चाहँदैनौं ।' शरीरमा रौँ मात्र होइन, शिवम्को हर्कत पनि बाँदरको जस्तै छ । उनी कुद्ने, टाउकोको बलमा उभिने काम गरिरहन्छन् । ने

त्यस बखतको **नेपाल**

आफ्नो सुरक्षा आफैं गर्ने कुरा

चिठी त अरूहरूले पनि लेख्छन्, तर जब कांग्रेसी नेताले चिठी लेख्छन्, त्यसको बयान बेग्लै हुन्छ । पहिले गणेशमान सिंह चिठी लेख्ने गर्नुहुन्थ्यो र उहाँको चिठीलाई नेपाली अखबार जगत्ले 'लेटर बम' को नाम दिने गर्थ्यो । यस पटक पीएल सिंहले यस्तै एउटा चिठी लेख्नुभएको छ । यसलाई बम भन्न त सकिन्न तर यो पटकाभन्दा चाहिँ कम छैन । गणेशमानको बमबाट नतर्सिने गिरिजाप्रसाद कोइराला पीएल सिंहको पटकाबाट कत्तिको तर्सिनुहोला- त्यो भने बेग्लै विषय हो । पार्टी सभापति कोइरालाका नाममा लेखिएको उक्त 'पटका-पत्र' मा पीएलले 'कुनै समयमा प्रजातन्त्रको पर्याय कहलिने नेपाली कांग्रेस आज एक व्यक्ति वा एउटा परिवार वा भरौटेहरूको जमिनदारी' भएको आरोप लगाउनुभएको छ । पीएल आफैं नेपाली कांग्रेस केन्द्रीय समितिको सदस्य हुनुहुन्छ र उहाँ नै जब कांग्रेस पार्टीलाई अप्रजातान्त्रिक अभ्यास र तानाशाही प्रवृत्तिको दलदलमा फसेको छ भन्नुहुन्छ भने बाँकी गैरकांग्रेस नेपालीले कांग्रेसलाई के भनेर बोलाउने ? एउटा नयाँ प्रश्न खडा भएको छ ।

***नेपाल*, १-१५ पुस २०५७**

स्वर्ण मोह

नेपाली खेलाडीले यसपालि गजबै गरे । ५० स्वर्ण जित्ने लक्ष्य लिइएको थियो तर जिते, ५१ । लक्ष्यभन्दा एउटा बढी । यदि खेलाडीले यसरी नै जित्दै जाने हो भने त एक दिन ओलम्पिकै जित्न पनि के बेर !

वास्तवमा हामी नेपालीको स्वर्ण मोह

यही खेलबाट पनि थाहा भयो । स्वर्ण भनेपछि हामी आँखै चिम्लेर लाग्ने रहेछौं । चाहे त्यो खेलमा होस् वा एयरपोर्टमा । हामी त एयरपोर्टबाट समेत किलोका किलो स्वर्ण ल्याउने नागरिक हौं । स-सानो टुक्रा स्वर्णले हाम्रो चित्तै बुझ्दैन । स्वर्णप्रतिको मोह कति भयानक छ भने हामी सेकुवा पसलमा समेत स्वर्णको कारोबार गर्छौं । चाहे त्यो बाजेको सेकुवा होस् वा नातिको । राष्ट्र बैंकले बजारमा जति स्वर्ण प्रवाह गर्छ, त्यतिले हामीलाई पुग्दैन । त्यसैले हामी चीनबाट तस्करी गरेरै भए पनि स्वर्ण ल्याउँछौं । विदेशबाट आउँदा पनि हामी शरीरको राख्न मिल्ने-नमिल्ने जुनसुकै ठाउँमा पनि स्वर्ण राखेर ल्याउँछौं ।

हाम्रो यो स्वर्ण मोह यस पटक खेलमा पनि प्रदर्शित भयो । स्वर्णप्रति यति मोह नभएको भए सायद खेलाडीहरूले चाँदीमै चित्त बुझाउने थिए होलान् । स्वर्णप्रति नेपाली जनताको यति ठूलो मोह देखेपछि अबचाहिं राष्ट्र बैंकले स्वर्ण आयात केही खुकुलो गर्ला कि ?

सुरेश किरण

ए गोली, नपड्किदेऊ यसरी...

साग खेलकुद भर्खरै सम्पन्न भयो । नेपालले टन्नै स्वर्ण जित्यो । यदि सुटिङ खेलमा नेपाली खेलाडीको गोली पड्केको भए अझ एक-दुइटा थप स्वर्ण जितिन्थ्यो । त्यो जितिएन । नेपाली खेलाडीको बन्दुकबाट गोली नपड्केको समाचार त्यो साताभरि चर्चित रह्यो । गोली पड्केर जसले स्वर्ण जितेको हो, त्योभन्दा पनि बढी गोली नपड्केर स्वर्ण हारेका खेलाडीबारे चर्चा-परिचर्चा भयो । जेहोस्, नेपाली खेलाडी गोली नपड्केर पनि चर्चाबाट अलग भने हुनु परेन ।

वास्तवमा गोली र बन्दुकको सन्दर्भमा नेपाल विश्वकै अनौठो देश होजस्तो लाग्छ । किनभने यहाँ गोली कहाँ पड्किन्छ, कहाँ पड्किँदैन केही भन्न सकिन्न । जहाँ गोली पड्किनुपर्ने हो, त्यहाँ पड्किँदैन, जहाँ नपड्किनुपर्ने हो, त्यहाँ पटापट पड्केको पड्कै हुन्छ । सुटिङको खेल मैदानमा पड्किनुपर्ने गोली कत्ति गर्दा पनि पड्केन, बाहिर विद्यार्थीको जुलुसमा चाहिं गोली पड्केको पड्कै भयो । विद्यार्थी मात्र होइन, कहिले शिक्षकको जुलुसमाथि पनि गोली पड्काइन्छ, कहिले महिलाको जुलुसमाथि गोली पड्काइन्छ । त्यस्तो जुलुसमा गोली पड्काउनुपर्ने त कुनै कारण छैन तैपनि पड्किरहन्छ । कहिलेकाहीं त ब्यारेकमा एक्लै बसिरहँदा पनि गोली पड्किदिन्छ अरे ! फाइनलको दिन त झन्डै पत्रकारैमाथि पनि गोली पड्किन लाग्या थियो । के भाग्यले बचियो ।

अब आइन्दा गोली कहाँ पड्काउने र कहाँ नपड्काउने भन्नेबारे पनि समन्वयको काम होला कि ?

माग्न नपाइने सहर

अब काठमाडौँ सहरमा माग्न नपाइने भएको छ । अर्थात्, काठमाडौँ अब मगन्तेविहीन सहर बन्ने तरखरमा छ । सरकारले सूचनै निकाली अब काठमाडौँमा माग्न नपाइने जानकारी दिएको छ । तथापि काठमाडौँमा अब व्यक्तिगत रूपमा मात्र माग्न नपाइने हो कि संस्थागत रूपमा, त्यो खुलस्त हुन सकेको छैन । यसो सूचना हेर्दा त व्यक्तिगत रूपमा मात्रै माग्न नपाइने भनेजस्तो लाग्छ । यदि संस्थागत पनि हो भने त यसले बबालै गडबडी निकाल्लाजस्तो लाग्छ ।

यदि संस्थागतै पनि माग्न नपाइने हो भने सबैभन्दा पहिले नेपाल सरकारको मन्त्रिपरिषद् कार्यालय नै यहाँबाट हटाउनुपर्ने हुन्छ । यदि माग्न नपाउने हो भने मन्त्रिपरिषद् कार्यालय पनि यहाँ बस्न नपाइने हुन्छ । माग्नै पाइँदैन भने मन्त्रिपरिषद् कार्यालयको यहाँ के काम ?

सरकारले 'भोकले कोही मर्दैन' भन्ने नारा पनि अघि ल्याएको छ । तर भोकले मान्छे मर्दैन मात्र भनेर पुग्दैन । भोक कस्तो हो, त्यो पनि जान्नुपर्छ । काठमाडौँमा धेरै मान्छे यस्ता छन्, जसलाई भातको मात्र भोक लाग्दैन । उनीहरू विभिन्न खाले भोकले ग्रस्त भएका हुन्छन् । भातकै मात्र भोकले त कोही पनि मर्दैन होला । तर 'गैरभात' वाला भोक पऱ्यो भने त्यस्तो भोकले मान्छे मर्छ । त्यसैले सरकारले आफ्नो नारा अघि सार्दा यो भोकको पनि सामान्य वर्गीकरण गर्नुपर्ने हो कि ?

[झटारो]

सरकारलाई अप्ठेरोमा नपारौँ क्या !

लक्ष्मण गाम्नागे

मानिस भन्छन्, 'भारतले नेपालको भूभाग आफ्नो नक्सामा पारेर प्रकाशित गरेको दुई महिनाभन्दा बढी भइसक्दा पनि नेपाल सरकारले केही गर्न सकेन । दुई तिहाईको शक्तिशाली सरकार भनेको त हेर्नको डाल मात्रै पो रहेछ ।'

भन्न पाएँ भन्दैमा यसरी प्याच्च नभनौँ क्या ! सरकार कहाँ चुप लागेर बसेको छ ? सरकारले गर्न सक्नेजति त गरिसक्यो नि ! भारतले नयाँ नक्सा प्रकाशित गरेको हल्ला फैलिएपछि बिस्तारै सरकार जुर्मुरायो । मिचिएको जमिन हाम्रो हो भनेर मन्त्रीहरूले भन्न थाले । हामी हाम्रो जमिन एक इन्च पनि छाड्दैनौँ भनेर प्रधानमन्त्रीले पनि भन्नुभयो । परराष्ट्रले भारत सरकारलाई पत्र लेखेर वार्ता गर्न पाए हुन्थ्यो भन्यो । सत्ताधारी पार्टीले वरिष्ठ नेतालाई दूत बनाएर दिल्ली पठाउने हल्ला आयो । सत्तापक्षकै नेताहरूले अन्तर्वार्ता, भाषणमा नक्साको विरोध गरे । यहाँभन्दा बढी के गर्नु ? भारतले नै कानमा तेल हालेर बसेपछि जतिसुकै शक्तिशाली सरकारको पनि के लाग्छ ! शक्तिशाली सरकार छ भन्दैमा हाम्रो सरकार भारतभन्दा शक्तिशाली त छैन नि हजुर ! त्यत्तिकै केही गरेन भन्ने ?

नसक्ने काममा सरकारलाई दबाब दिनुभन्दा बरु यो सरकार साँच्चिकै शक्तिशाली हो कि होइन भनेर यसको पाइन जाँचौँ न ! भारतसँगको सिमाना होइन कि घरेलु सिमाना मिलाउन लगाऊँ । आन्तरिक अतिक्रमणकारीलाई तह लगा भनौँ । पोखरामा फेवातालको जमिन व्यापारीले मिचेर खाइसक्न लागेछन् । तालको सिमाना मिचेर तारे होटलहरू बनाएछन् । केन्द्रीय राजधानीको बीचैबीच बग्ने बाग्मती, विष्णुमतीदेखि देशका विभिन्न नदी-किनारका सरकारी जमिन मिचेर लाखौँ नेपाली नागरिकले क्याम्प खडा गरेका छन् । सिंहदरबारको दुई सय मिटर पर्तिर संघीय राजधानीको मुटु टुँडिखेलकै खुला जमिनमा ठेकेदारहरूले सटर बनाएर भाडामा लाएछन् । उता, पर्तिर तीनकुनेमा हेर्नुस्, ४०-५० वर्षअघि अधिग्रहण गरिएको जग्गामा जग्गाधनीका नाति-पनातिहरूसँग सरकार अहिले पनि पौँठेजोरी खेलेर बसेको छ ।

तपाईंले बारम्बार सुनिरहनुभएको होला, हाम्रा राष्ट्रिय निकुन्ज, सरकारी वन तथा जमिन हड्पेर कतिपय महात्मा, सन्त र बाबाहरूले होटल, धर्मशाला, निवास, आश्रम बनाएर स्वतन्त्र राज्य खडा गरेका छन् । बेलाबेला उनीहरूले हाम्रो राज्यका नेता, मन्त्री, प्रधानमन्त्री, राष्ट्रपतिलाई पनि आमन्त्रण गरेर दर्शन दिन्छन्, आफ्ना अलौकिक शक्तिको प्रदर्शन गर्छन् । सार्वजनिक जमिनमा बिनाअनुमति बनेका त्यस्ता संरचनाको निर्माणसम्पन्न प्रमाणपत्रमा लालमोहर लगाउन लगाउँछन् । त्यसरी पनि हजारौँ रोपनी सार्वजनिक जमिन मिचिएको छ । सगरमाथा निकुन्जै कब्जा गरेर कुनै व्यापारीले होटल बनाएको छ अरे भन्ने ताजा समाचार पनि आइसक्यो ।

टाढाको कुरा के गर्नु, प्रधानमन्त्री निवास बालुवाटारकै जग्गा माफियाहरूले बेचेर प्रधानमन्त्रीलाई नै झन्डै उठिबास लगाएछन् । त्यो थाहा पाएको एक वर्ष भइसक्दा त अतिक्रमणकारीलाई धपाउन सकेको छैन सरकारले, एक महिनाअघि निस्किएको नक्सा मिलाउन दिल्ली जा भनेर सरकारलाई हामी त्यसै उल्क्याउँछौँ क्या ! फेवाताल फिर्ता ल्याउन कति गाह्रो छ, हामीचाहिँ सरकारलाई लिपुलेक फिर्ता लिएर आइज भनेर अप्ठेरोमा पार्छौँ क्या ! हामी पहिला सरकारको मुटुको परीक्षण गरौँ न । आन्तरिक सिमाना दुरुस्त पार्न लगाएर घरेलु मैदानमा अभ्यास गराएर परिपक्व पारौँ । अनि पो अन्तर्राष्ट्रिय खेलमा पदक ल्याइएला त ! त्यत्तिकै शक्तिशाली सरकार भनेर हौस्याएर महाबलि भारतसँग कुस्ती भिड्न पठाएर हुन्छ ?

स्वर्ण सेल्फी



केशव थापा

१३ औँ सागमा पुरुष फुटबलतर्फ फाइनल हेर्न पुगेका प्रशंसकहरू प्राय: सबैले मोबाइल बोकेका थिए। सामाजिक सञ्जालमा रुचि राख्नेहरूले सेल्फी खिचेरै जित्दाको खुसी पोस्ट गरे। दर्शकदीर्घामा सेल्फी खिचिरहेका प्रशस्तै देखिन्थे।

तर भुटानविरुद्ध नेपालले दोस्रो गोल गरेसँगै खेल मैदानमा अनौठो दृश्य देखियो। त्यो हो- नेपाली खेलाडीको सेल्फी। दर्शकले दिएको मोबाइल लिँदै खेलाडी विक्रम लामाले जब गोलकर्ता सुनिललाई बीचमा राखेर सेल्फी खिचे, रंगशालाको माहोल नै अर्कै बन्न पुग्यो। रेफ्रीले पहेँलो कार्ड पो दिने हुन् कि भनी कतिले शंका पनि जताए। त्यस्तो केही भएन।

नेपालको भुटानविरुद्ध २-१ गोलको जित अन्तरसँगै रंगशाला गुञ्जायमान भयो। हिप..हिप...हुर्रे..., यो जीत कसको नेपालको। ने

असफल कृषि अनुदान

कृषिमा व्यावसायिकता भित्र्याउन ल्याइएको कार्यक्रम निष्प्रभावी

कल्पना भट्टराई/घनश्याम गौतम

आव ०७५/७६ मा प्रदेश ५ को भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट कृषि अनुदान पाउनेमध्येमा एक हो- नवप्रगतिशील कृषि समूह। कपिलवस्तु शिवराज नगरपालिका-११ सडवामा रहेको उक्त समूहले मन्त्रालयबाट गाईपालनका लागि एकमुस्ट ५ लाख ७६ हजार २ सय २४ रुपैयाँ बुझ्यो।

तर १३ असोज ०७६ मा प्रदेशको कृषि, वन तथा वातावरण समिति अनुगमनमा जाँदा न गाई भेट्यो, न त समूहका अध्यक्ष दुर्गाप्रसाद खनाललाई नै। समितिका सभापति विजय यादव भन्छन्, "यस विषयमा सोधखोज गर्दा अनुदान लिनका लागि मात्रै गाई फार्म सञ्चालन गरेको बुझियो।" उक्त समूहले सम्झौताअनुसार ०७६ असार मसान्तमै काम सकिसक्नुपर्छ। तर खनालले अनुदान रकम लिनकै लागि गाई फार्म चलाउन पाएको रकम खल्तीमै राखे।

खनालले जस्तै कपिलवस्तु राजकृषि फार्म सञ्चालक राजकुमार चौधरीले पनि भैंसीपालनका लागि ९ लाख ६० हजार ३ सय ७४ रुपैयाँ अनुदान पाए। त्यो रकमबाट भैंसीलाई दाना खुवाउने टिनको घर बनाए। उनले ११ वटा पशुको बिमा गरेको कागज बनाए तर गोठमा एउटा पनि भैंसी छैन।

रोल्पा नगरपालिका-४ स्थित सिर्जनशील कृषक महिला सहकारीले २४ लाख ८१ हजार २ सय ५० रुपैयाँ अनुदान लियो। मकै भण्डारण र कुटानीपिसानी मेसिन राख्ने भवन निर्माणका लागि उक्त रकम अनुदानस्वरूप लिए पनि अहिलेसम्म भवन निर्माण सुरु नै गरिएको छैन। तर सहकारीकी अध्यक्ष हीरा घले भवन बनिसकेको बताउँछिन्।

त्यस्तै, रूपन्देहीको अधिकारी तरकारी फार्मले व्यावसायिक तरकारी खेती गर्न मन्त्रालयबाट लिएको ४ लाख रुपैयाँ पचायो। तरकारी खेती गरिने भनेर देखाइएको उक्त जमिनमा अहिले तोरी फुलिरहेको छ।

मन्त्रालयले प्रदेशका १२ जिल्लाका १ हजार २ सय कृषकलाई १ अर्ब ८५ करोड रुपैयाँ कृषि अनुदानमा वितरण गरेको थियो। त्यसमा बाख्रा, गाई-भैंसीपालनदेखि तरकारी खेतीसम्म समेटिएको छ। यसरी वितरित रकम धेरै ठाउँमा दुरुपयोग भइरहेको माथिको उदाहरणबाटै प्रस्ट हुन्छ।

उत्पादन बढाएर कृषि र पशुपालक कृषकको जीवनस्तर सुधार्न सरकारले हरेक वर्ष विभिन्न सुविधाका कार्यक्रम ल्याउने गरेको छ। तर अनुदान पाउनेमा हुनेखाने, पहुँचवाला र व्यापारी मात्र छन्।

कपिलवस्तुका व्यापारी विजयप्रसाद काँहार र जावेद आलम खानले मन्त्रालयबाट तरकारी खेती र बाख्रापालनका लागि अनुदान बुझे। काँहारले कृषि फार्म देखाएर पाएको ६ लाख रुपैयाँले २० वटा काउलीका बोट र १ किलो

रूपन्देहीको अधिकारी तरकारी फार्मले तरकारी खेतीको अनुदान लिएर तोरी छरेको जग्गा



^ मन्त्रालयबाट अनुदानका लागि गरिएको सम्झौतापत्र

^ गाउँपालिकाको सिफारिस

आलु मात्रै लगाएका छन्। बाख्रा व्यापारी खानले पुरानो गोठ देखाएर बाख्रापालनका लागि ५ लाख ७६ हजार २ सय २४ रुपैयाँ अनुदान लिए तर खोरमा एउटा पनि बाख्रा छैन। "अनुदान पाएपछि सबै बाख्रा बेचिएको रहेछ," अनुगमन समितिका सभापति यादव भन्छन्।

कृषि विकासका लागि सरकारले दिँदै आएको अनुदान प्रदेशमा मात्रै नभई देशभर नै दुरुपयोग भएको छ। संघको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले गठन गरेको 'अनुदानको प्रभावकारितासम्बन्धी अध्ययन समिति' ले गत वर्ष कात्तिकमा तयार पारेको प्रतिवेदनमा कृषि क्षेत्रमा दिइएको सरकारी अनुदान बालुवामा पानी भइरहेको निष्कर्ष निकालेको छ।

एसियाली विकास बैंक (एडीबी) को सहयोगमा कृषि मन्त्रालयले ३ अर्ब रुपैयाँभन्दा बढी रकमको उच्च पहाड कृषि व्यवसाय तथा जीविकोपार्जन सुधार (हिमाली) आयोजना सुरु गरेको थियो। परियोजनाको सात वर्षे अवधिमा कृषिका करिब ६ सय वटा व्यावसायिक परियोजनालाई अनुदान दिएर कृषि व्यवसाय र जीविकोपार्जन सुधार्ने लक्ष्य लिइएको थियो। तर ६ वर्षसम्म ५४ प्रतिशत मात्रै खर्च भएको छ।

व्यावसायिक कृषि तथा व्यापार आयोजना (प्याक्ट) को गति पनि उस्तै सुस्त छ। कृषिको व्यवसायीकरणका लागि विश्व बैंकको सहयोगमा सञ्चालित ९ अर्ब रुपैयाँभन्दा बढीको यो आयोजनाको तोकिएको ९ वर्षमध्ये ८ वर्षमा जम्मा ६१ प्रतिशत मात्रै वित्तीय प्रगति भयो। ९ सय ठूला र १ हजार ५ सय साना कृषि व्यवसायीलाई अनुदान वितरण गर्ने लक्ष्य लिएको प्याक्टले १ हजार ४ सय १० परियोजनालाई मात्र अनुदान वितरण गरेको छ।

प्रतिवेदनअनुसार व्यावसायिक कृषि तथा व्यापार आयोजनामा अनुदानग्राहीसँग सम्झौता गरिएका २ अर्ब ३५ करोडको बजेटमध्ये ३५ करोड व्यावसायिक किसानले भुक्तानी नै लिन पाएका थिएनन्। तर कतिपयले भने एउटाबाट लाभ लिएर अर्को आयोजनामा पनि फाइदा लिएको भेटिएको थियो।

पूर्वाञ्चल क्षेत्रमा व्यावसायिक कृषि सञ्जालमार्फत सञ्चालित व्यावसायिक कृषि विकास परियोजनामा हरेक वर्ष सरकारले करोडौं रकम खन्याए पनि यसको उपलब्धि शून्य रहेको प्रतिवेदनमा उल्लेख छ। दातृ निकायले कृषि विकासका लागि दिएको सहयोगमा अनावश्यक सर्त राख्दा परनिर्भरता बढाएको निष्कर्ष पनि अध्ययन समितिले निकालेको थियो।

तर संघमा चालू आवमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनासहित १९ वटा अनुदान कार्यक्रम सञ्चालित छन्, जसमध्ये उक्त परियोजनामा ८ अर्ब १० करोड रुपैयाँ अनुदान छुट्याइएको छ।

मन्त्रालयका सचिव युवकध्वज जिसी संघीय सरकारले वितरण गर्ने अनुदान रकम दुरुपयोग हुन नदिन बनाइएको कार्यविधि स्वीकृतिका लागि मन्त्रिपरिषद् पठाइएको बताउँछन्। भन्छन्, "यसअघि शतप्रतिशत अनुदान रकम दिइँदै आएकामा अबदेखि बढीमा ५० प्रतिशतसम्म अनुदान दिने व्यवस्था कार्यविधिमा समटेका छौं।"

प्रदेशमा ७० प्रतिशत दुरुपयोग

अनुदान दुरुपयोगको गुनासोपछि प्रदेशको कृषि वन तथा वातावरण समितिले ११ असोजदेखि ७ कात्तिकसम्म १२ वटै जिल्लामा दुई उपसमिति बनाएर १ सय २८ भन्दा बढी योजनाको अनुगमन गरेको थियो। अनुगमनपछि समितिले बनाएको अनुगमन प्रतिवेदन-०७६ मा अनुदान रकमको ७० प्रतिशत दुरुपयोग भएको भनिएको छ।

समूहगत फार्मलाई लागतको ७५ प्रतिशत र व्यक्तिगतलाई लागतको ५० प्रतिशतका दरले अनुदान वितरण गरे पनि ८० प्रतिशतभन्दा बढीले आफ्नो लगानी नगरेको भेटिएको समितिका सभापति यादवले बताए।

कृषकका लागि वितरित अनुदान लिनेमा व्यापारी, शिक्षक, कर्मचारी र पार्टी कार्यकर्ता रहेको अनुगमनका क्रममा फेला परेको उनको भनाइ छ। यादव भन्छन्, "राम्रोसँग अनुगमन नगरीकनै रकम भुक्तानी गरिएको छ, जसले किसानलाई कामचोर र कर्मचारीलाई कमिसनखोर बनाउन सहज बनाइदिएको छ।"

मन्त्रालयका प्रवक्ता विनोद घिमिरे भने समितिले भनेजस्तो अनुदान रकम दुरुपयोग नभएको दाबी गर्छन्। भन्छन्, "धेरै किसानलाई वितरण गर्दा एकाध ठाउँमा त दुरुपयोग भइहाल्छ नि।" अनुगमनपछि रकम दुरुपयोग गरिएको भेटिए अनुदान फिर्ता माग्ने उनी बताउँछन्। अनुदान दुरुपयोग भएपछि मन्त्री पौडेल आफैं अनुगमनमा निस्किएकी थिइन्।

कार्यकर्ताको हालीमुहाली

मन्त्रालयले कृषि अनुदान कोष कार्यक्रमअन्तर्गत खाद्य तथा पोषण सुरक्षा, व्यवसायउन्मुख कृषि तथा नवीन प्रविधि कार्यक्रम र व्यावसायिक कृषि कार्यक्रमतर्फ १ सय ८४ किसानलाई १० करोड रुपैयाँ वितरण गरेको छ। वितरित रकममा पनि व्यावसायिक किसानभन्दा दलका कार्यकर्ता र पहुँचवालाकै हालीमुहाली रहेको गुनासो सर्वसाधारणको छ।

प्यूठान नगरपालिका-२ को हरियाली पशुपन्छी तथा कृषि फार्मले ४ लाख रुपैयाँ अनुदान पाएको थियो। त्यसका सञ्चालक विक्रम विष्ट नेकपाका उपाध्यक्ष वामदेव गौतमका स्वकीय सचिव विजयी विराट विष्टका भाइ हुन्। बंगुरपालनका लागि अनुदान पाएको उनको फार्म दाखाक्वारीस्थित झिमरुक खोला किनारमा छ। बंगुर पालेर अनुदान ल्याउने अवस्थाको फार्म नदेखिए पनि अनुगमनपछि हालै बंगुरपालन थालिएको छ।

कृषि र पशुपन्छीका नामबाट वितरण गरिएको धेरै अनुदान प्रभावहीन देखिएको छ। उपलब्ध अनुदानको अनुगमन नगरी भुक्तानी दिँदा कतिपय संस्थामा अहिले पनि सम्झौताअनुसारका काम नभएको समिति सभापति यादव बताउँछन्। "अनुदान लिनकै लागि एकै व्यक्ति तीन-चार वटा संस्थामा आबद्ध हुने र परिवार मिलेर संस्था खोलिएका छन्," उनी भन्छन्।

मन्त्रालयले कृषि यान्त्रिकीकरणतर्फ मात्र गत वर्ष ३० करोड रुपैयाँ अनुदान वितरण गरेको थियो। त्यसअन्तर्गत दूध बोक्ने ट्यांकर, पिकअप भ्यान, चिलिङ भ्याट र पेलेट दाना

^ कृषि, पशुपन्छी तथा पशुपन्छीजन्य पदार्थ ढुवानीका लागि दिए पनि व्यापारिक प्रयोजनमा लगाइएको सवारी साधन

बनाउने मेसिन, ह्याचरी मेसिन र मिनी ट्रिलरलगायत सामग्री वितरण गरिएको थियो। रोल्पा नगरपालिकाले मन्त्रालयबाट दूध बोक्न अनुदानमा लगेको ट्यांकर थन्किएको छ। रोल्पामा दूध उत्पादन २ सय लिटर पनि छैन तर नगरपालिकाले ६ हजार लिटर क्षमताको ३५ लाख ५५ हजार रुपैयाँको ट्यांकर मन्त्रालयबाट बुझिसकेको छ।

नगर प्रमुख पूर्ण केसी भन्छन्, "अहिले नै ट्यांकरले बोक्ने दूध जिल्लामा उत्पादन हुँदैन तर त्यसलाई बढाउँदै छौं।" नगरपालिकाले चालू वर्ष सय वटाभन्दा बढी गाई खरिद गर्न ५२ लाख रुपैयाँ विनियोजन गरेको उनले बताए।

स्रोतका अनुसार मन्त्रालयले संघीय सरकारका ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुन र पूर्वसभामुख कृष्णबहादुर महराको दबाबमा रोल्पा नगरपालिकालाई ट्यांकर उपलब्ध गराएको हो। नगर प्रमुख केसी महराका बहिनीज्वाइँ र उपप्रमुख मनकुमारी घर्ती पुनकी बहिनी हुन्।

अर्घाखाँची मालारानी-६ को अन्नपूर्ण कृषक सहकारी संस्थालाई दूध बोक्ने प्रयोजनकै लागि वितरण गरिएको १२ लाख रुपैयाँको पिकअप भ्यान अहिले मान्छे, व्यापारिक सामान र बालुवा बोक्ने काममा प्रयोग भइरहेको छ।

पहुँचवालाको पोल्टामा

गुल्मीको मालिका कृषि तथा सहकारीका पदाधिकारीले भैंसी नल्याईकनै किनेको निर्णय गराएर मन्त्रालयमा रकम भुक्तानीको माग गरे। मन्त्रालयले ११ लाख ९९ हजार ६ सय ६८ रुपैयाँ भुक्तानी दियो।

सहकारीले भैंसी खरिद नगरी भुक्तानी लिएको खुलेपछि भदौमा मन्त्रालयबाटै अनुगमन टोली आउने सुइँको पाएर सहकारीका पदाधिकारीले सदस्यका घरबाट पाँच वटा भैंसी केही दिनका लागि सापटी मागेर गोठमा बाँधे। टोली फर्किएसँगै भैंसी पनि फिर्ता भए। उक्त सहकारीमा मालिका गाउँपालिका वडा-८ का वडाध्यक्ष जिसी र उनकी श्रीमती लक्ष्मी पनि सदस्य छन्। तत्कालीन नेकपा एमालेबाट विजयी वडाध्यक्ष जिसीले अनुदान आफ्नो सहकारीमा पार्नेका लागि मन्त्रालयमा दबाब दिएको बताइन्छ।

त्यति मात्रै होइन, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना मकै जोन कार्यक्रमअन्तर्गत सहकारीले झन्डै ३९ लाख लागतमा कृषि उपज भण्डारण केन्द्र भवन निर्माण गर्न २५ लाख रुपैयाँ रकम पाएको थियो। त्यसमध्ये गत आर्थिक वर्षमा २५ लाख रुपैयाँ परेको थियो। गत वर्ष कार्यक्रम सम्पन्न गर्ने सम्झौता भए पनि भवन निर्माण पूरा भएको छैन।

"२० प्रतिशत रकम कमिसन नदिएकाले स्वीकृत भएको रकम पनि पाइनँ।

– **रतनबहादुर शाही**, कृषक

व्यावसायिक कृषकलाई अनुदान दिने कार्यविधि भए पनि टाठाबाठाको हालीमुहाली हुँदा वास्तविक कृषकले अनुदान पाउन सकेका छैनन्। बर्दियाको शाही भैंसीपालन फार्मलाई मन्त्रालयबाट साढे ७ लाख अनुदान रकम स्वीकृत भयो। तर अनुदान बुझ्न जाने क्रममा लोकेन्द्र धामी भन्ने व्यक्तिले फार्म सञ्चालक रतनबहादुर शाहीलाई फोन गरेर २० प्रतिशत दिए मात्रै रकम भुक्तानी पाउने बताए। कमिसनबापतको रकम नदिने बताएपछि सम्झौता गरेको पैसा पनि नपाएको शाहीको गुनासो छ। मन्त्रालयका कर्मचारीले नै अनुगमन गरेर उत्कृष्ट फार्म भनी सम्झौता गरेका थिए। उनी भन्छन्, "अहिले पुरानो फार्म भनेर रकम नदिने भनी टारिरहेका छन्।" व्यापारी धामीले बिचौलियाको काम गर्दै आएका छन्।

पटक-पटक मन्त्रालय धाउँदा पनि सम्झौताको समय सकिएकाले रकम दिन निमिल्ने भनेर फर्काएको उनी बताउँछन्। शाहीसँग सम्झौता गरेको विवेक भैंसीपालन फार्मले साढे ७ लाख अनुदान रकम पाइसकेको छ।

सरकारी अनुदान भाडामा

प्रदेश सरकारले भकारो सुधारदेखि हाटबजार सञ्चालनका नाममा करोडौं रकम अनुदान वितरण गरेको छ। अनुदानमा अनियमितताको गुनासो बढेपछि प्रदेशको सार्वजनिक लेखा समितिले पनि अनुगमन गरेको थियो। प्रदेशको कृषि, वन तथा वातावरण समितिले गरेको अनुगमनमा सहकारी संस्थाले लगेको अनुदान बढी दुरुपयोग भएको पाइएको छ।

रोल्पाको डुब्रिङ महिला साना किसान कृषि सहकारीले सहकारी बजार स्थापना तथा

^ अनुगमनका क्रममा भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री आरती पौडेल

सञ्चालन कार्यक्रमबाट २१ लाख २६ हजार ८३ रुपैयाँ अनुदान लिएको थियो। उसले दूध बोक्न खरिद गरेको पिकअप गाडीलाई भाडामा लगाएको छ। प्युठानको बिजुवार महिला साना किसान कृषि सहकारीले अनुदानबाट पाएको १६ लाख २६ हजार ७० रुपैयाँमा किनेको ट्याक्टरबाट ढुंगागिटी, बालुवालगायत सामग्री ढुवानी गर्ने गरेको भेटिएको छ। कार्यविधिविपरीत अध्यक्ष गीता जीएमको नाममा उक्त ट्याक्टर नामसारी गरिएको छ।

उपयोगविहीन अनुदान

अनुदान रकम दुरुपयोगको गुनासो बढेपछि ०७६ भदौ पहिलो साता प्यूठान, रोल्पा र अर्घाखाँचीलगायत जिल्लामा मन्त्रालयका तत्कालीन सचिव बैकुण्ठ अधिकारी आफैँ अनुगमनमा निस्किएका थिए।

उनकै भनाइमा रोल्पाको दूध ट्यांकर सञ्चालनमा आउने सम्भावना छैन। त्यस्तै, अर्घाखाँचीमा १५ लाख लागतमा निर्माण गरिएको वधशाला सञ्चालनमै छैन। मन्त्रालयले वितरण गरेको अनुदानलाई प्रभावकारी बनाउने गरी मापदण्ड परिमार्जनको तयारी भइरहेको उनले बताएका थिए। अधिकारीको सरुवा भइसके पनि अवस्था उस्तै छ।

कृषि अनुदान रकम दुरुपयोग भएको प्रतिवेदन सार्वजनिक भएपछि त्यसलाई व्यवस्थित र पारदर्शी बनाउन प्रदेश ५ सरकारले अनुदान व्यवस्थापनसम्बन्धी एकीकृत मार्गदर्शन बनाएको छ।

कृषिविज्ञ कृष्ण पौडेलले यस्ता खाले अनुदानले कृषि तथा पशुजन्य उत्पादन बढाउन नसकिने बताउँछन्। अनुदान रकम वास्तविक किसानसम्म नपुगेकाले कृषि उपज र किसानको तहअनुसार उत्पादनमा आधारित कार्यक्रम ल्याउनुपर्ने उनको तर्क छ। "स्थलगत मूल्यांकन, व्यावसायिक योजना, क्षमता र आधार रेखा सर्वेक्षणका नतिजा आदि विश्लेषण नगरिँदा अनुदान निष्प्रभावी बनेकाले यी पक्ष सच्याउनैपर्छ," पौडेल भन्छन्, "त्यसो नभए अनुदान दिने कार्यक्रम नै बन्द गर्नुपर्छ।" ने

कर्मचारीलाई कमिसन

दाङको केसी मिट सप एन्ड एग्रो फार्म प्रालिका लागि अनुदानबापतको २६ लाख रुपैयाँ छुट्याइएपछि बुटवलस्थित पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयका प्रमुख दीपक भुसालले रकम बुझ्ने भए आफूहरूलाई २० प्रतिशत कमिसन अग्रिम दिनुपर्ने सर्त राखे।

सञ्चालक बलराम खत्रीले कमिसन रकम दिन नसक्ने बताएपछि अनुदान घटाएर १८ लाख ८३ हजार बनाइयो। पछि डेढ लाख रुपैयाँ एक कर्मचारीको नाममा सिद्धार्थ बैंक बुटवलको चेक काटेर दिएपछि मात्रै अनुदान पाएको खत्रीको गुनासो छ।

त्यस्तै, लमही डेरी उद्योगका सञ्चालकलाई मत्स्य विकास केन्द्रका कर्मचारीले फोन गरेर १३ लाख अनुदान रकम छुट्याएको बताए पनि ७ लाख रुपैयाँ मात्र दिइयो। तुल्सीपुर उपमहानगर-१२ स्थित पुष्प नर्सरीलाई मन्त्रालयमार्फत ४ लाख रुपैयाँ अनुदान रकम छुट्याइयो। तर नर्सरी सञ्चालक जानकी अधिकारीले २ लाख रुपैयाँ मात्र पाइन्।

अनुदान रकम सदुपयोग भए-नभएकोबारे १४ असोजमा गएको स्थलगत अनुगमन समितिका सदस्यअगाडि ४ लाख अनुदान परे पनि २ लाख रुपैयाँ लिनसमेत मन्त्रालयका कर्मचारीले दुःख दिएको अधिकारीले गुनासो गरिन्।

अनुदान रकम भुक्तानीका क्रममा कर्मचारीले ५ देखि २० प्रतिशतसम्म कमिसन माग्ने गरेको अनुगमनका क्रममा भेटिएको उपसमिति संयोजक कमलप्रसाद श्रेष्ठ बताउँछन्।

रुपन्देहीकै अगुवा किसान एवं अस्ट्रिच नेपाल प्रालिका सञ्चालक सीपी शर्माले सम्झौता गरेको ५ करोड अनुदानमध्ये ३ करोड ८६ लाख १० हजार रुपैयाँ मात्र भुक्तानी पाए। बाँकी रकम अझै भुक्तानी दिइएको छैन। मन्त्रालयका लेखा अधिकृत लक्ष्मण पौडेलले अप्रत्यक्ष रुपमा ५ प्रतिशत (२५ लाख रुपैयाँ) कमिसन मागेकामा नदिएपछि आलटाल गरेको उनी बताउँछन्।

कमिसन खाने कर्मचारीलाई बचाउ गरेको प्रदेश ५ को भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री आरती पौडेलमाथि आरोप लागेको छ। मन्त्रीका निजी सचिव सूर्य रोकायाले अनुदान रकममा बार्गेनिङ गरेको गुनासो आएपछि मात्र मन्त्री पौडेल आफैँले उनलाई बर्खास्त गरेकी थिइन्।

पत्रु खान्की

चाउचाउले दिँदैन पोषण

सुनिता लोहनी

११ वर्षीया रश्मी केसी चटपटे र पानीपुरीकी नियमित ग्राहक हुन्। साँधैको चाउचाउ उनको प्रिय। भन्छिन्, "दिनमा एक पटक त खान आउँछु। चटपटेमा हम्टीडम्टी हालेपछि स्पाइसी बन्छ, मीठो हुन्छ।" यसले स्वास्थ्यमा असर पार्ने बताउँदा भन्छिन्, "हुन त हो तर खान मज्जा लाग्छ।"

पछिल्लो समय ५ रुपैयाँ पर्ने मामा, हम्टीडम्टी, हिट्सदेखि २० रुपैयाँ पर्ने वाईवाई, रमपम चटपटेमा हालिने प्रमुख चीजको रूपमा विकसित भइरहेको छ। सडकछेउ, मलअगाडि बेचिने चटपटे स्टलमा ५ जाने चाउचाउ मालाजस्तै भुन्ड्याएर राखिन्छ र २० रुपैयाँ पर्ने कार्टुनमा। दिनभर दुई कार्टुन चाउचाउ सकिने बताउँछन्, मध्यबानेश्वरका चटपटे व्यापारी श्याम यादव। उनका चटपटेका पारखीमा ४ वर्षे बालबालिकादेखि प्रौढ महिलासम्म हुन्छन्। कलेजछेउ बस्ने उनका ग्राहक अधिकांश विद्यार्थी र गृहणी हुन्।

१२ वर्षीय स्वीकृत बरालको मन पर्ने खाजा हो, चाउचाउ। उनी घर होस् या विद्यालय, चाउचाउ खान मन पराउँछन्। भन्छन्, "स्कुलमा खान दिँदैनन् तर घर फर्किने समय या बिहान स्कुल जाने बेला खाइन्छ।" धेरै खाँदा असर गर्ने बताउँदा भन्छन्, "खै, मामुले नै घरमा पकाएर खुवाइसिन्छ। घरमा त सबैले खान्छन्।"

विज्ञापन एजेन्सीमा कार्यरत २४ वर्षीय रमेश भुजेल र उनका साथीहरूको अफिसमा नछुट्ने खाजा हो, चाउचाउ फ्राइ, चाउचाउ सुप र चाउमिन। भन्छन्, "यहाँ प्रायः यही पाइन्छ। छिटो, मीठो र सस्तो पनि।"

यी केही प्रतिनिधि पात्र मात्र हुन्, जसले निरन्तर चाउचाउलाई स्न्याक्सभन्दा पनि पेट भर्ने खाजाको रूपमा खाइरहेका छन्। करिब ३ दशकदेखि अधिकांश नेपालीको खाजा बनेको छ, तयारी चाउचाउ। बच्चादेखि वृद्धवृद्धासम्म, घरदेखि अफिससम्म चाउचाउमै मन रमेको छ। तथ्यांकअनुसार मासिक साढे ५ करोड प्याकेट चाउचाउ नेपालमै खपत हुन्छ, जसमा खैरो चाउचाउको खपत कुल बिक्रीको ९० प्रतिशत छ। बजारमा सुप स्प्रे नगरिएको सेतो चाउचाउमा रारा र सुप स्प्रे गरिएको खैरोमा वाईवाईको वर्चस्व छ। गण्डकी नुडल्सले ३० वर्षअघि र चौधरी ग्रुपले २८ वर्षअघि उत्पादन गर्न थालेका रारा र वाईवाई अन्तर्राष्ट्रिय ब्रान्ड बनिसकेका छन्। काँचै खान साना प्याकेटका हम्टीडम्टी, हिट्स मामा चाउचाउ लोकप्रिय बनिरहेका छन् भने २० रुपैयाँ पर्ने चाउचाउ खाजाकै रूपमा प्रयोगमा आउन थालेको छ।

करिब ५ अर्ब रुपैयाँको नेपाली चाउचाउको बजार बर्सेनि २० प्रतिशतले बढिरहेको छ। अभियन्ताहरू चाउचाउलाई पत्रु खाना (जंक फुड) भन्छन्। तर त्यही जंक फुडको बिक्री देशमा अधिक छ।

१२ जेठ ०७२ मा नेस्ले इन्डिया प्रालिको म्यागी चाउचाउमा सीसा लिड पाइएपछि नेपालमा म्यागी बिक्री वितरण नगर्न खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले प्रेस विज्ञप्ति नै जारी गरेको थियो। भारतकै कतिपय राज्यमा

को पासो

रवि मानन्धर

म्यागीमा अखाद्य तत्त्व भेटिएसँगै बिक्रीमा बन्देज लगाइएपछि नेपालमा पनि कारबाही गरिएको थियो । सरकारले नेपाली चाउचाउ पनि प्रयोगशालामा जाँच गरिने बतायो ।

तर त्यसबेला मोनोसोडियम ग्लुटामेट नेपालका चाउचाउमा पनि परीक्षण गरिने बताएको विभागले समेत त्यसबारे अनुगमन र अनुसन्धान गर्दै गरेन । खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग प्रयोगशालाका एक कर्मचारीका अनुसार ०७२ पछि ल्याबमा चाउचाउ खासै परीक्षण हुँदैनन् । चाउचाउ मात्र होइन, बजारमा यस्ता थुप्रै खानेकुरा छन्, जुन बजार अनुगमन गर्न जाँदा शंका लागे मात्र ल्याब परीक्षणमा ल्याइने नत्र खासै अनुगमन नहुने ती कर्मचारी बताउँछन् । दक्ष कर्मचारी अभावले विभागले बेवास्ता गरेको कर्मचारीको बुझाइ छ ।

यस्तै, १५ कात्तिकमा राष्ट्रपति विद्यादेवी भण्डारीले बलियो नेपालको पोषण कार्यक्रम उद्घाटन गरिन् । कुपोषण र होचोपनामा कमी ल्याउने उद्देश्यले गर्न लागिएको कार्यक्रम चाउचाउमा पोषण थपेर उत्पादन गर्ने कुराले विवाद ल्यायो । सोही विवादपछि डा अरुणा उप्रेतीले बोर्डको सल्लाहकार पदबाट हटेको घोषणा गरिन् ।

नेपालमा प्रायः यस्ता विवाद आएपछि मात्र पोषणबारे छलफल चल्ने गर्छ । खाना जीवनको आधार हो । भनिन्छ, जस्तो खायो, त्यस्तै बनिन्छ । तर सरकार र सम्बन्धित अधिकारीले बजार अनुगमन र अनुसन्धान नगर्दा नागरिकको स्वास्थ्यमा खेलवाड भइरहेको छ ।

स्वास्थ्य मन्त्रालयअन्तर्गत स्वास्थ्य सेवा विभागका पोषण शाखा प्रमुख केदारराज पराजुली काठमाडौँ उपत्यकामा उपलब्ध चाउचाउ गुणस्तरहीन भएको बताउँछन् । उनका अनुसार एक संस्थाले गरेको अनुसन्धानबाट चाउचाउलगायत अन्य तुरुन्त खान मिल्ने प्याकेटका खानेकुरा न्यून गुणस्तरका छन् । सरकारले तोकेको मापदण्डसमेत पूरा नभइरहेको अवस्थामा चाउचाउजस्ता खानेकुरामा पोषण थपेर त्यसको प्रवर्द्धन गर्नु कत्ति जायज होला ?

बालबालिकाका लागि खतरा चाउचाउ

फागुन ०७५ मा विश्व स्वास्थ्य संगठनले काठमाडौँका १२ देखि २३ महिनासम्मका बालबालिकामा पोषण जाँच गरेको थियो । उक्त जाँचमा ७ सय ४५ घरधुरीका बालबालिका समावेश थिए । पोषण जाँचमा बालबालिकाको स्वास्थ्यमा प्रोटिन, भिटामिन, आइरन, जिन्कलगायत विभिन्न पोषण तत्त्वको अभाव देखियो । यसको मुख्य कारकतत्त्व बजारमा पाइने प्याकेटका खानेकुरा (जंक फुड) थिए, जसमा बिस्कुट, क्यान्डी र चकलेट, नुनिला र मसलेदार प्याकेट खाना र तयारी चाउचाउको मुख्य हिस्सा थियो ।

सर्वेक्षणमा धेरै खपत हुने स्न्याक्स फुडमा अधिक मात्रामा शक्तिवर्द्धक (चिनी धेरै भएको) र नुन धेरै भएको सोडियम तत्त्व हालिएका थिए । यसले शरीरलाई पोषण दिनेभन्दा स्वास्थ्यमा ह्रास ल्याउने काम गर्ने पोषणविद्हरू बताउँछन् । अनुसन्धानकर्ता एवं पोषणविद् डा अतुल उपाध्यायका अनुसार काठमाडौँमा गरिएको सर्वेक्षणमा दुई वर्षका बालबालिकाले आवश्यकभन्दा पनि धेरै मात्रामा जंक फुड खाएका थिए ।

बालबालिकामा पुड्को, ख्याउटे र कम तौलको समस्या देखिनुमा जंक फुड प्रमुख कारक भएको पोषणविद्हरू बताउँछन् । सामान्यतः अमेरिकाका १० देखि १५ वर्षसम्मका बालबालिकाले खाने जंक फुड नेपालका २ वर्षभन्दा कम उमेरका बालबालिकाले खाने गरेको पाइयो । यसरी बालबालिकालाई बजारमा पाइने प्याकेटको खानेकुरा खुवाउँदा तिनको स्वास्थ्यमा आवश्यक पोषण तत्त्वको कमी देखिएको छ ।

स्वास्थ्य संस्था हेलन केलर इन्टरनेसनलले पनि पत्रु खानेकुराका कारण काठमाडौँ उपत्यकाका बालबालिकामा पुड्कोपन हुने खतरा औँल्याएको छ ।

चाउचाउ पत्रु नै हो ?

अनुसन्धानकर्ता उपाध्यायका अनुसार जंक फुडको निश्चित परिभाषा छैन । कुन खाना जंक भन्ने प्रयुक्त सामग्रीबाट थाहा हुन्छ । चिल्लो, नुन र चिनीको मात्रा कुनै पनि खानामा चाहिनेभन्दा अधिक भए र त्यसमा फाइबर, प्रोटिन, भिटामिन, मिनरलको मात्रा कम छ भने त्यो जंक फुड हुन्छ । जस्तो, नेपालीको खाना सेलरोटीलाई जंक फुड मान्ने कि नमान्ने । उपाध्याय भन्छन्, "चाउचाउ फाइबररहित मैदाबाट बन्छ, जसमा प्रोटिन एकदमै कम हुन्छ । नुन हालिन्छ, चिनी नभए पनि चिल्लो हुन्छ, जसले शक्ति दिन्छ । भिटामिन र मिनरल अत्यन्त कम हुन्छ किनकि फलफूल, सागपात केही हालिँदैन ।" यस्तै, चिकेन स्वादका चाउचाउमा मासुको सुपको फ्लेबर हालिन्छ, कति मात्रामा त्यसबाट मासुको पौस्टिक तत्त्व गयो, त्यसको कुनै तथ्यांक छैन ।

नेपाल सरकारको मापदण्डअनुसार प्रोटिनको हकमा १० प्रतिशत नघटेको र मोनोसोडियम ग्लुटामेट १ प्रतिशत नबढेको हुनुपर्छ । तर चाउचाउमा प्रयोग भएको प्रोटिन मैदाकै ग्लुटेन भएको उपाध्याय दाबी गर्छन् । ग्लुटेनले पिठो इलास्टिकजस्तै तन्काउँछ, जुन चाउचाउ तन्काउन प्रयोग हुन्छ । अधिकांश चाउचाउमा २० प्रतिशत प्रोटिन हुने लेबलमै उल्लेख गरेको भेटिन्छ । तर दुःखको कुरा, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले जाँच्दैन । अमेरिकामा बालबालिकाको खानामा ग्लुटेन राखिँदैन । ग्लुटेनले सेलियक (सानो आन्द्रामा समस्या) रोग लाग्छ ।

मैदा गहुँबाटै छानिएर बनेको पिठो हो । भिटामिन र मिनरलका लागि चाउचाउ खाइँदैन । सेल चामलको पिठोबाट बन्छ । घ्युमा पकाइन्छ, चिनी हालिन्छ । त्यसले शरीरमा कुनै

भान्छामा घुसेको भोजनको राजनीति

[टिप्पणी]

अरुणा उप्रेती

पछिल्लो तीन दशकमा नेपालीको सरदर आयु बढेको छ । सरदर स्वास्थ्य राम्रो भएको छ । झाडापखालाले मर्ने ५ वर्षमुनिका बच्चाको संख्या कम भएको छ । बालबालिका कुपोषण कम भएको छ । पोलियोपीडित भएर मर्ने वा अपांगता हुने बच्चाको संख्या अहिले झर्दै गएर झन्डै शून्यमा पुगेको छ । त्यो खुसीको कुरा नै मान्नुपर्छ ।

तराईका दलित अझै कुपोषण, अशिक्षाबाट पीडित छन् । तथ्यांकको 'सरदर' भित्र लुकेका तिनीहरूको अवस्था कहालीलाग्दो छ । स्वास्थ्य चौकीमा आउनेमध्ये दलितको उपस्थिति प्रायः न्यून हुन्छ । दलितहरू आफैं स्वास्थ्यकर्मी छैनन् । शिक्षामा पनि दलित शिक्षाको अवस्था नाजुक छ । सामाजिक संरचना नबुझी कतिले दलितलाई स्कुल नगएकामा दोषी ठान्छन् । कुपोषण कम गर्न सफा पानी, सफा वातावरण आदिको व्यवस्थापन नगरी हुँदैन । तर स्वास्थ्य चौकीमा कोही दलित कुपोषित बच्चा लिए गए अनेक भिटामिन मात्रै बोकाएर पठाइन्छ, सन्तुलित आहारबारे सल्लाह दिइन्न । त्यसैगरी सुदूरपश्चिम र कर्णालीका बझाङ, बाजुरामा कुपोषणको असर अति छ । यस्तो अवस्थामा भिटामिनले उनीहरूको कुपोषण कम गर्न सक्दैन भन्ने छर्लंगै छ ।

एक छलफलमा विदेशी विज्ञले भने, 'हामी चाउचाउमा सूक्ष्म पोषक तत्त्व मिसाएर बजारमा ल्याएर समुदायमा कुपोषण कम गर्नेबारे विचार गर्दै छौं ।' मैले भनेँ, 'यो कुरासँग असहमत छु। कुनै पनि पत्रु खानामा भिटामिन हालेर त्यसलाई कसरी पौस्टिक बनाउन सकिन्छ ?' केही दिनपछि ती विज्ञले भने 'हामीले चाउचाउमा भिटामिन हालेर बनाउने विचार स्थगित गर्‍यौं ।'

केही व्यक्तिले 'अन्डा र लिटो खुवाएर बालबालिकालाई कुपोषणबाट मुक्त गराउन सकिन्छ' भन्ने राम्रो विचार पनि दिन्छन् । 'तर ६ महिनाका बच्चालाई दिनको एउटा अन्डा पनि दिनु हुँदैन । बच्चालाई पचाउन गाह्रो पर्छ ।' आफ्नो भनाइ पुष्टि गर्न वरिष्ठ बालरोग विशेषज्ञ डा रमेशकान्त अधिकारीलाई इमेल लेखेँ र उनले प्रतिउत्तर पठाए, '६ महिनाको बच्चालाई धेरै सानो टुक्रा अन्डा दिन सकिन्छ । बिस्तारै मात्रा बढाउँदै लैजान सकिन्छ ।' बालपोषणमा डा अधिकारीको गहन ज्ञान छ । उनले *बालस्वास्थ्य र भोजन* किताबमा कसरी घरेलु खानाले बालबालिकालाई स्वस्थ गराउन सकिन्छ, लेखेका छन् । बालस्वास्थ्य ठीक पार्न उनीहरूलाई मसाज गर्ने, प्रेमपूर्वक पोषण दिँदैन । चामलको पिठोमा कार्बोहाइड्रेट धेरै, फाइबर शून्य, चिनीले मधुमेह जोखिम, चिल्लो शरीरमा बढी भए कोलेस्टेरोल बढाउँछ । यदि हाम्रो शरीरलाई चाहिने अनुपातमा दाल, भात र तरकारी खान्छौं भने त्यो पोषण हो । तर धेरै दाल र भात तथा थोरै तरकारी खायौं भने त्यो जंक फुड बन्न जान्छ । जंक फुड खाद्यपदार्थभन्दा पनि खाने प्रक्रिया रहेको उपाध्याय बताउँछन् । त्यसमा सहमत छिन्, खाद्य प्रविधि तथा गुण नियन्त्रणका वरिष्ठ खाद्य अनुसन्धान अधिकृत एवं फुड टेक्नोलोजिस्ट हुमा बोखिम ।

उपाध्यायका अनुसार १ देखि २ वर्षसम्मका बच्चाका लागि १ हजारदेखि २ हजार क्यालोरी चाहिन्छ । तर अध्ययनले जम्मा ८ सय मात्र क्यालोरी पाइएको देखाएको छ । वयस्क मान्छेलाई १८ सयदेखि २४ सय क्यालोरी चाहिने अन्तर्राष्ट्रिय मापदण्ड हो । नेपालीलाई कति चाहिन्छ, त्यसको अध्ययन हुनै सकेको छैन । विज्ञका अनुसार क्यालोरी नपुग्नुको एउटा कारण जंक फुड नभई खुवाउने प्रक्रिया (जंक फिडिङ) हो । फुड टेक्नोलोजिस्ट बोखिम जंक फुड शब्द अभियन्ताहरूले जन्माएको ठान्छिन् । भन्छिन्, "पोषण नपढेका तर पोषणमा काम गरिरहेकाले जन्माएको शब्द हो, यो । कतिपय खानामा विषाक्त तत्त्व हुन्छ, खानालाई 'फोर्टिफाई' गर्दा त्यस्ता तत्त्व नष्ट भई शरीरलाई चाहिने पोषिला खाना बन्छन् ।"

अचेल कोरियन चाउचाउको माग व्यापक छ । बोखिमका अनुसार कोरियन र नेपाली चाउचाउ एकै खाले तत्त्वबाट बनेको हो । त्यो खान मिल्छ भने यो किन मिल्दैन ? उनी तर्क गर्छिन् । तर पकाएर खानुपर्ने चाउचाउ काँचै खाँदा त्यसले असर गर्ने उनी बताउँछिन् । उनका अनुसार विज्ञापनमा पनि चाउचाउमा अन्डा र सागसब्जी हालेको देखाइन्छ । चाउचाउमा सागसब्जी र अन्डा हालेर खानुपर्छ ।

चाउचाउलाई नखाऔं भन्न सकिन्न तर

बेखबर योजना आयोग

१८ कात्तिकमा नेपालमा 'सन ग्लोबल ग्यादरिङ' भएको थियो । ६१ देशका प्रतिनिधिले भाग लिएको कार्यक्रम उप्रधानमन्त्री उपेन्द्र यादवले उद्घाटन गरेका थिए भने राष्ट्रपतिले भाषण गरेकी थिइन् । बहुक्षेत्रीय पोषण योजना (०७५/७६ देखि ०७९/८०) सम्म कार्यक्रम नेपाल सरकारको मन्त्रिपरिषद्बाट ३ मंसिर ०७४ मा पारित भएको थियो । यसैअन्तर्गत 'सन ग्लोबल ग्यादरिङ' भएको हो । राष्ट्रिय योजना आयोगले पोषणमा सुधार गरी सन् २०३० सम्म पुड्कोपनलाई १५ प्रतिशत, ख्याउटेपनलाई ४ प्रतिशत र रक्तअल्पतालाई

खुवाउने, खेलाउने, कुरा गर्ने आदिले बालबालिकाको स्वास्थ्यमा सकारात्मक प्रभाव पार्छन् भनेका छन् ।

बालस्वास्थ्य सुधार गर्नु राज्यको प्रमुख दायित्व हो । राष्ट्रिय-अन्तर्राष्ट्रिय संघसंस्थाले केही मद्दत मात्र गर्न सक्छन् । अहिले नेपालमा बजारमा बेचिने बट्टाका खानेकुराले बालबालिकाको कुपोषण हटाउन सक्ने दाबी गरिन्छ । तर पोषणविद् र जनस्वास्थ्य विज्ञ भन्छन्, 'यसरी प्याकेटका बजारु खानेकुरालाई राज्य स्तरबाट प्रश्रय दिनुको अर्थ हो, हामीले आफ्नो परम्परागत ज्ञान बिर्सनु, बजारको फन्दामा परेर महँगो, कम पौस्टिक वा पत्रु खाना किन्ने गर्नु ।'



यस्तो समस्या नेपालको मात्र होइन, अमेरिकामा पनि छ । त्यहाँ घरमै खाना बनाएर बच्चालाई खुवाउने अपवाद मात्रै हुन्छन् । सबै बट्टाका खाना खुवाउँछन् । त्यस्ता खानामा बढी चिनी हुन्छ अनि सानैदेखि बालबालिका मोटाएर अनेक रोग लाग्छन् ।

अहिले बजारले हाम्रो स्वास्थ्य र पोषणमाथि कब्जा जमाएको छ । हाम्रो परम्परागत ज्ञान अहिले ओझेल परेको छ । त्यसबारे प्रायः कमै चर्चा हुन्छ । घरका लिटो, दाल, आलु, साग, फलफूल, अमला, काफल, अम्बा आदि बालबालिकालाई कुपोषणबाट बचाउन उपयुक्त हुने कुरा प्रायः गरिँदैन । बट्टाको खाना एकदम महँगो हुने मात्रै होइन, कम पौस्टिक हुन्छ । स्वाद र टिकाउका लागि चिल्लो, चिनी र रसायन पनि मिसाइन्छन् ।

बजारु खानेकुराले अमेरिकाको जनस्वास्थ्यमा पारेको नकारात्मक असरबारे पत्रकार माइकल मोसले किताब लेखेका छन्- *साल्ट, सुगर, फ्याट* । यसमा उनले स्वादका लागि व्यापारिक खानामा राखिने बढी नुन, चिनी र चिल्लोले बालबालिकाको स्वास्थ्यमा नराम्रो असर पार्ने जिकिर गरेका छन् ।

केही दिनअघि नेपालमा पोषणबारे एक अन्तर्राष्ट्रिय सम्मेलन भयो । त्यहाँ पनि पम्परागत खाना, संस्कृति, रीतिरिवाज र धर्मले पार्ने सकारात्मक वा नकारात्मक प्रभावबारे छलफलै भएन । पोषण केवल सन्तुलित खाना मात्र खाएर हुँदैन । यो शरीरमा गएपछि कसरी शोषण हुन्छ भन्ने कुरा पनि महत्त्वपूर्ण हुन्छ ।

खानामा सूक्ष्म पोषण तत्त्व नभए बिरामी परिन्छ भन्ने धेरैलाई थाहा छ । तर ती सूक्ष्म पोषण तत्त्व हाम्रो खानामै हुन्छ भन्ने धेरैलाई थाहा नहुन सक्छ । फलामको भाँडामा पकाएको मासको दाल, भात र गोलभैँडाका अचारसँग खाँदा शरीरमा प्रोटिन पुग्छ र त्यसमा रहेको भिटामिन सीले दालमा रहेको लौह तत्त्व शोषण गर्न मद्दत गर्छ । दही र मोही खाँदा त्यसमा भएको असल किटाणुले पेटको गडबडी रोक्छ । कर्कलो खाँदा अमिलो मिसाउनैपर्छ । त्यसले गर्दा कर्कलोमा रहेको लौह तत्त्व पोषण बन्छ ।

हजारौँ वर्षदेखि पुर्खाले भोजन-ज्ञान हामीलाई दिएका छन् । तर त्यो ज्ञानलाई वास्ता गर्दैनौँ किनभने 'बजारको खाना' ले हाम्रो भान्छा ढाकेको छ । ने

१० प्रतिशतमा झार्ने लक्ष्य लिएको छ । तर प्रधानमन्त्री नै अध्यक्ष रहेको योजना आयोग नै विश्व स्वास्थ्य संगठनले काठमाडौँ उपत्यकामा गरेको अनुसन्धानबारे जानकार छैन । प्रवक्ता किरण रूपाखेती आयोगलाई यसबारे केही थाहा नभएको दाबी गर्छन् । *नेपाल* संवाददाता पुग्दा उनको कार्यालयमा अधिकांश दैनिक पत्रपत्रिका थिए । उक्त समाचार केही महिनाअगाडि सञ्चार माध्यममा छाएको थियो । पढेलेखेका बाबुआमाकै सन्तान कुपोषित भएको डरलाग्दो तथ्यांक त्यसले उजागर गरेको छ । तर प्रवक्ता रूपाखेतीले उल्टै पुड्कोपन ५७ बाट ३६ प्रतिशतमा घटेको भन्दै आफ्नो प्रशंसा आफैँ गरे ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले पोषण संवेदनशील र पोषण विशेषज्ञ कार्यक्रम चलाएको छ । स्वास्थ्य विभागले सरकारका अन्य निकायले पूरा गर्न नसकेका कामको परिपूर्ति मात्र पोषण विभागले गर्ने शाखा प्रमुख पराजुली बताउँछन् । आयोगले देशकै लागि पोषण निर्देशिका र कार्यक्रम बनाउने अन्य कृषि, महिला तथा बालबालिका, ज्येष्ठ, खानेपानी, सरसफाइ तथा वातावरण, अर्थ, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग समन्वय गरी कार्यक्रम लैजानुपर्नेमा उनको जोड छ । भन्छन्, "तर उनीहरू आफ्नो काम गर्दैनन् । परिपूर्ति मात्र गर्नुपर्ने ठाउँमा हामीले सम्पूर्ण पोषण हेर्नु परेको छ । २६ वर्षदेखि भिटामिन ए क्याप्सुल र २० वर्षदेखि आइरन ट्याबलेट बाँडिरहेका छौँ । । जबकि यी भिटामिन र मिनरल ५० प्रतिशत नियमित खानाबाट र बाँकी ५० प्रतिशत अन्य माध्यम क्याप्सुल आदिबाट पुऱ्याउनुपर्थ्यो ।"

बिहान-बेलुका दालभातजस्तो गरी खाने चीज नभएको पोषणविद् उपाध्यायको तर्क छ । भन्छन्, "तर म बालबालिकालाई फिटिक्कै खुवाउन हुन्न र अजिनोमोटो प्रयोग गर्नुहुन्न भन्ने मतमा छु ।" उनका अनुसार कुनै अध्ययनले अजिनोमोटोको प्रयोग फाइदा पुऱ्याउने र कुनैले चिनियाँ रेस्टुराँ सिन्ड्रोम (चिनियाँ खानामा अधिक मोनोसोडियम) हुने देखाएको छ ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागमा ०७४/७५ मा चाउचाउ उद्योगविरुद्ध चार वटा मुद्दा परेका थिए भने ०७५/७६ मा ३ वटा । विभागका प्रवक्ता मोहनकृष्ण महर्जनका अनुसार चाउचाउका मुद्दा कमै हुन्छन् । विशेषगरी पानी मात्र अशुद्ध भेटिन्छ । सरकारले खानुहुन्छ भनेर लाइसेन्स दिएपछि विभागले चाउचाउलाई जंक भनेर कारबाही गर्न नमिल्ने बताउँछन्, महर्जन । भन्छन्, "न्यून गुणस्तर छ भने ल्याबमा पास हुन्न ।" ने

असमानताहरूबीच कागजी

नेपाली समाजमा असमानताहरू सर्वत्र व्याप्त रहेको प्रमाण यथेष्ट छ। संसारभर कहीँ गोरा र कालाबीच विभेद छ। कहीँ जन्मँदै पवित्र वा अछुत हुने भेदभाव छ। जताततै सम्पत्तिको भोगचलन र आम्दानीबीच खाडल छ। भिन्न लैंगिकताकै आधारमा सामाजिक मूल्यमान्यता र स्रोतको प्रयोगमा फरक मानक स्थापित गर्दै विश्वभर थिचोमिचो झाँगिएको छ। सर्वत्र शासनसत्तामा आसीन समुदायभन्दा फरक लिंग, जात, जातीयता, थातथलो भएको आधारमै सम्पत्तिको स्वामित्व र उपभोगमा असमान पहुँच छ। यस्तो अवस्थाको प्रभाव गुणस्तरीय स्वास्थ्य, शिक्षा र समग्र जीवनवृत्तिमा परेको छ। यी सबै अवयवले मानवीय विकासलाई प्रभाव पारेका छन्।

कुरा यत्तिमा सीमित छैन। असमानताका जगमा संसारभर सीमित व्यक्ति, परिवार वा समुदायले धनसम्पत्तिमा असंगत नियन्त्रण कायम गरेका छन्। सर्वत्र उनीहरूकै वर्चस्व छ। यस्तो मानवीय अवस्थाको प्रभाव सर्वसाधारणको जीविकामा मात्र होइन, जीवन प्रणालीमै परेको छ। मानव समाजको पर्यावरण ह्रासोन्मुख बन्दै छ। यसको प्रत्यक्ष प्रभाव भूक्षय, बाढी, वातावरण विनासमा परिरहेको छ। मानिसले उपभोग गर्ने खाद्यान्न उत्पादनमा समेत छ। हजारौँ वर्ष स्थायीजस्तै देखिएको कृषि उत्पादनको आधार एकातर्फ प्रविधिको दबदबामा र अर्कोतर्फ बीउ-विषादीको अतिक्रमणले थला पर्दै छ। जीवनयापनका आधारभूत स्रोत-साधन सर्वसाधारणको पहुँचबाहिर जाँदै छन्।

यी सबै पक्षको प्रभाव सामाजिक सुरक्षातर्फ समेत परिरहेको छ। गुणस्तरीय शिक्षा सर्वसाधारणको पहुँचभन्दा धेरै टाढा छ। प्रविधिको दबदबाले थातथलोमा पर्यावरणीय चुनौती निम्त्याउँदो छ। अत्यावश्यक सीपमा समेत सर्वसाधारणको पहुँच सहज नहुँदा जीविकाको खोजीमा जनगण भौतारिन बाध्य छ। विदेसिनेको संख्यामा व्यापक विस्तार भइरहेको छ। धेरै जनसंख्या थोरै आम्दानीमा गुजारा चलाउन अभिशप्त छन्। यस्तो मानवीय अवस्थाको प्रभाव शिक्षा, स्वास्थ्य र समग्र मानव विकासमा परिरहेको छ। समय क्रममा पुस्ता-दरपुस्ताको समग्र क्षमता वृद्धि र स्रोत-साधन प्रभावित हुने चक्र मडारिएर छाएको छ।

यी असमानता औँल्याउँदै २४ मंसिरमा संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी) ले मानव विकास प्रतिवेदन-२०१९ सार्वजनिक गऱ्यो। प्रतिवेदनले समानता मात्र नलेखेर असमानताहरू लेखेको छ। असमानमा निहित अन्योन्याश्रित सम्बन्धले मानवीय विकासमा प्रत्यक्ष प्रभाव पार्छन् भनेर युएनडीपीको प्रतिवेदनमा स्वीकारियो। यो स्वागतयोग्य कुरा हो। 'आम्दानीभन्दा पर, औसतभन्दा पर, तत्कालभन्दा पर' नारासहित निस्किएको यो प्रतिवेदन राम्रो आए पनि धेरै ढिलो आएको छ। नेपालको सन्दर्भमा अझ धेरै ढिलो।

भास्कर गौतम

नेपाल मानव विकास प्रतिवेदन- १९९८ लाई नै हेरौँ। नेपालको सन्दर्भमा त्यो महत्त्वपूर्ण प्रतिवेदन थियो। युएनडीपीको आग्रहमा नेपाल दक्षिण एसिया केन्द्रले प्रतिवेदन तयार पार्ने अभिभारा पाएको थियो। देवेन्द्रराज पाण्डे र चैतन्य मिश्रले कार्यभार सम्हालेका थिए। नेपाली र अंग्रेजी दुवै भाषामा प्रतिवेदन प्रकाशित हुनु सबैभन्दा राम्रो पक्ष थियो। नतिजा अंग्रेजी भाषामा पहुँच हुनेले मात्र होइन, नेपाली भाषाका साक्षरहरूले समेत राष्ट्रिय र स्थानीय मानवीय विकासका नेपाली आयामबारे पढ्ने, मनन गर्ने र थप विमर्श गर्ने अवसर पाएका थिए।

नेपाली संस्थाले नै नेतृत्व गरेर मानव विकास प्रतिवेदन नेपाली भाषामा प्रकाशित गर्ने कार्यले त्यसपछिका वर्षमा निरन्तरता पाएन। २० वर्षअघि थालिएको सकारात्मक कार्यलाई रोक लगाउनु युएनडीपीको ठूलो गल्ती थियो। भाषामा निहित असमानताको यस्तो सामान्य प्रस्थानबिन्दुलाई सच्याउने यथेष्ट प्रयास अहिलेसम्म पनि भएको छैन। त्यसैले भाषा र समग्र शिक्षा मानवीय विकासको बाधक बनिरहेको छ भन्ने जुन संवेदनशीलता युएनडीपीको पछिल्लो प्रतिवेदनमा देखाइएको छ, त्यो पर्याप्त छैन। असमानताहरू हटाउन नीतिगत तह र व्यवहारमा परिवर्तन अनुभूत गर्ने मौका सर्वसाधारणले पाउनुपर्छ।

नेपाल मानव विकास प्रतिवेदन- १९९८ को आफ्नै महत्त्व थियो। सो प्रतिवेदनले मानवीय विकासलाई समावेशीपूर्ण बनाउन फराकिलो दृष्टिकोण अपनाएको थियो। ०५५ सालमा प्रकाशित सो प्रतिवेदनको मूल आशय आमूल परिवर्तन सुनिश्चित गर्ने उपाय पहिल्याउनु थियो। त्यसैले अर्थतन्त्र, शासकीय संरचना र सार्वजनिक लगानीलाई नयाँ किसिमले दिशानिर्दिष्ट गर्न अत्यावश्यक छ भनियो। त्यसो गर्न सके मानवीय स्वतन्त्रता सुनिश्चित गर्ने, राज्यलाई सर्वसाधारणको पहुँचमा राख्न सहयोग गर्ने, सार्वजनिक संस्थालाई बलियो बनाउने, आर्थिक अवसरलाई विस्तार गर्ने आधार मिल्छ अनि शिक्षा र स्वास्थ्यलाई गुणस्तरीय बनाउँदै मानवीय क्षमता सशक्त बनाउने उपाय विस्तार हुन्छ भनियो। प्रतिवेदनले थप्यो, मानवीय विकासलाई शासकीय संरचना, आर्थिक व्यवस्था, सार्वजनिक लगानी र सामाजिक भेदभावले प्रत्यक्ष तवरमा प्रभावित पार्छन् किनकि यी पक्षबीच अन्योन्याश्रित सम्बन्ध छ। संरचनासँग जेलिएका यी यावत् अवयवलाई नजरअन्दाज गर्दा न आम्दानीको अवसर सिर्जना गर्न सकिन्छ,

विकास

युएनडीपी नेपालले आफ्नो स्वतन्त्रताको सही उपयोग गर्दै विकास प्रतिवेदनमा औँल्याएको खाडल सम्बोधन गर्ने किसिमले नीतिगत सुधार गरिरहेको पाइँदैन । उनीहरूलाई यसो गर्न केले रोकेको छ ?

न त मानवीय क्षमता मलजल हुन्छ। त्यसैले पछिल्लो मानव विकास प्रतिवेदनले अघि सारेको खाका नौलो होइन । यस्तो आशय दुई दशकअघिको प्रतिवेदनमै समाहित थियो । यी पक्षलाई युएनडीपी नेपालले समयमै ठम्याउन सकेन ।

२४ मंसिरमा विराटनगरमा पूर्वाञ्चल विश्वविद्यालयसँगको सहकार्यमा युएनडीपीले प्रतिवेदन सार्वजनिक गऱ्यो । कार्यक्रममा युएनडीपी नेपालका प्रतिनिधि टेक टमाटाले प्रतिवेदनको उद्देश्य तत्कालै नीति-निर्माणमा परिवर्तन ल्याउनेभन्दा पनि प्राज्ञिक जगत् र नीतिगत तहमा असमानताबारे चिन्तन-मनन गर्न तरंग ल्याउने कुरामा जोड दिए । सायद त्यसैले सातै प्रदेशमा प्राज्ञिक संस्थासँग सहकार्य गरिएको थियो। अनि, नीति-निर्माण तहमा रहेका नेता तथा प्रशासकको सक्रिय सहभागिता थियो ।

प्राज्ञिक विमर्शका धेरै पाटोमध्ये एउटा प्रमुख पाटो असमानताहरूको मानक सही ठम्याउने उपयुक्त विधिको खोजी हो । मानक यसरी निर्माण गर्न सकियोस्, जुन वास्तविकता नजिक होस् साथै मानवीय स्थिति सुधार्न उपयोगी होस् । तर पछिल्ला प्रतिवेदनमा जस्तै यो प्रतिवेदनमा समेत केही आधारभूत समस्या छन्। तथ्यांक बटुल्ने आधार, तरिका र विधि तथा त्यसले पार्ने प्रभावबीचको सम्बन्ध स्पष्ट छैन ।

पहिलो- मानव विकासका अवयव र तथ्यांकबीच प्रत्यक्ष लेनदेन हुने मान्यता विकास प्रतिवदेनले राख्दै आएका छन् । यस्तो मान्यता धेरै हिसाबले गलत छ। भारत र इन्डोनेसियाको अनुभवले देखाएअनुसार प्रविधिमा गरिबको पहुँच बढ्नेबित्तिकै उनीहरूको शिक्षा वा स्वास्थ्यले फड्को मार्दैन । पछिल्लो दुई दशकमा यी दुई देशका गरिबको पहुँच मोबाइल फोनको स्वामित्व र उपयोग व्यापक बढ्यो। कतिपय गरिबका घरमा दुई-तीन वटा वा बढी मोबाइल भए। तर ती घरमा शौचालय र सरसफाइको अवस्थामा तात्त्विक सुधार आएन। त्यसैले प्रविधिमा पहुँच बढ्दैमा त्यसले मानवीय विकासलाई प्रत्यक्ष योगदान गर्ने कुरा सुनिश्चित गर्दैन ।

दोस्रो- मानव विकास प्रतिवेदनमा अवस्थित तथ्यांकको सही र सार्थक प्रयोग हुने कुरा विवादास्पद छ । पछिल्लो प्रतिवेदनले औँल्याएअनुसार राम्रो विकास सूचकांक रहेका देशहरूमा उच्च शिक्षामा पहुँच बढ्यो भने असमानता न्यूनीकरण गर्न प्रत्यक्ष सहयोग पुग्छ। तर अमेरिकाको वास्तविकताले भन्छ, यो मान्यता गलत छ। त्यसैले यसमा निहित तथ्यांक पनि सही नहुन सक्छ। आखिर अमेरिकी समाजमा एक प्रतिशत र ९९ प्रतिशतको संघर्ष चलिरहेकै छ। यसको आशय हुन्छ, शिक्षाको अवस्था उन्नत रहेको समाजमा पनि सम्पत्ति र आम्दानीमा सानो तप्काको वर्चस्व छ। असमानता सघन छन् ।

दोस्रो समस्याले तेस्रो जटिल प्रश्न जन्माउँछ। के विभिन्न क्षेत्रको तथ्यांकमा सुधार आउँदैमा समग्र मानवीय विकासमा सकारात्मक परिवर्तन आउने र समानता सुनिश्चित हुने सम्भावना रहन्छ ? माथिकै उदाहरणले भन्छ, केही क्षेत्रको तथ्यांकमा सुधार हुनु भनेको स्रोतमा समान पहुँच वा आर्थिक साधनको पुनर्वितरण गर्न प्रत्यक्ष सहसम्बन्ध हुनु होइन। सामाजिक क्षेत्रमा सुधारसहित कुल गार्हस्थ उत्पादन राम्रो हुँदैमा आम्दानीबीच कम भेदभाव हुने र असमानता न्यूनीकरण हुने सुनिश्चित अवस्था आउँदैन ।

नीतिगत विमर्शको धेरै पाटोमध्ये युएनडीपी नेपालले उठाउन चाहेको एउटा पाटो संघीयतासँगै नीति-निर्माण गर्ने तौरतरिकामा परिवर्तन हुन सक्छ भन्ने हो। त्यसैले सात प्रदेशमै प्रतिवेदन सार्वजनिक गरियो ताकि प्रादेशिक तहमा असमानताका आयामबारे बहस होस्। कार्यक्रम तर्जुमा होस् । तर यो विश्वभरका असमानताबारे प्रतिवेदन हो । यसमा औँल्याएअनुसार प्रत्येक देशमा असमानताबारे थप सोच्न, त्यसमा निहित अन्योन्याश्रित पक्षलाई सही तरिकाले ठम्याउन धेरै तरिकाले विधिलाई तिखार्न आवश्यक छ । अहिलेसम्म प्रयोग गरिरहेका विधि मात्र पर्याप्त हुने छैनन् । विराटनगरको कार्यक्रममा प्रदेश सरकारले वचनबद्धता जनाएअनुसार मानवीय विकास समृद्धिको कोरा नारामा सीमित हुने छैन । सामाजिक न्यायका समग्र पक्षले उत्तिकै प्राथमिकता पाउनेछन् । विकासको चिन्तन, कार्यशैली र कार्यक्रम तर्जुमामा आमूल सुधार ल्याउने कोसिस रहनेछ ।

पछिल्लो प्रतिवेदनमार्फत युएनडीपी नेपालले यस्तै आग्रह राखेको बुझिन्छ। प्रत्येक संस्थाजस्तै यस्तो आग्रह राख्न राष्ट्रसंघका निकाय स्वतन्त्र छन् । ती निकायहरू मानव विकास प्रतिवेदनलाई आधार बनाएर आफ्ना कार्यक्रम बनाउनसमेत स्वतन्त्र छन् । तथापि दशकौँदेखि युएनडीपी नेपालले आफ्नो स्वतन्त्रताको सही उपयोग गर्दै विकास प्रतिवेदनमा औँल्याएको खाडल र असमानतालाई सम्बोधन गर्ने किसिमले नीतिगत सुधार गरिरहेको पाइँदैन। उनीहरूलाई के कुराले अहिलेसम्म रोकेको छ ?

युएनडीपीले सधैँभरि विकासलाई कागजमा मात्र सीमित गर्दै आमूल परिवर्तनकारी कार्यक्रम तर्जुमा नगरिरहँदा के विकासशील देशहरूलाई ती प्रतिवेदनअनुसार नीतिगत परिवर्तन गर भन्न मिल्छ ? यस्तो दोहोरो मापदण्ड किन र कहिलेसम्म ? पछिल्लो प्रतिवेदनको आधारमा असमानतालाई सम्बोधन गर्ने कार्यक्रम ल्याएर यो वर्षदेखि युएनडीपी नेपालले नयाँ अभ्यासको थालनी गर्नेछ भन्ने आशा गरौँ । अन्यथा, युएनडीपी नेपालको देखावटी लेप्रोपन कसलाई चाहिएको छ ? ने

विशेष

फलोअप : मेडिकल कलेज

अटेरी सञ्चालकसामु

राजनीति-व्यापार गठजोडका कारण मेडिकल कलेजद्वारा विद्यार्थीबाट असुलेको अतिरिक्त रकम फिर्ता गर्न आनाकानी

माधव बस्नेत

युनिभर्सल कलेज अफ मेडिकल साइन्स भैरहवामा एमबीबीएस चौथो, तेस्रो, दोस्रो र पहिलो वर्षमा अध्ययनरत झन्डै १ सय ४० विद्यार्थीले चिकित्सा शिक्षा आयोगको कार्यालय सानोठिमी भक्तपुरमा धर्ना दिए, ५ मंसिर ०७६ को दिउँसो १२ देखि ४ बजेसम्म। त्यसको अघिल्लो दिन बिहान १० देखि ४ बजेसम्म उनीहरूले चिकित्सा शिक्षा अध्ययन संस्थान महाराजगन्जस्थित डीनको कार्यालयमा धर्ना दिएका थिए। धर्नामा सहभागी विद्यार्थीकै शब्दमा- रहरले उनीहरू भैरहवादेखि काठमाडौं आएका होइनन्। मेडिकल सञ्चालकहरूको आफूहरूलाई फन्दामा पारेर असुलेको शुल्कको फेहरिस्त पेस गर्न र रकम फिर्ताका लागि पहल गर्न उनीहरू २४ मंसिर बिहानै काठमाडौं ओर्लिएका थिए।

१० मंसिरको मध्यराती शिक्षामन्त्री र मेडिकल सञ्चालकहरूबीच सहमति भएको थियो, जसको निर्णय नं २ (क) मा उल्लेख थियो, 'विश्वविद्यालयबाट काउन्सेलिङ गरी बैंकिङ प्रणालीद्वारा विद्यार्थी भर्ना प्रक्रिया थालनी गरिएको शैक्षिक सत्र ०७४/७५ र ०७५/७६ मा नेपाल सरकारले निर्धारण गरेको शुल्कभन्दा बढी रकम लिएका मेडिकल कलेजहरूले ०७६ मंसिर ११ गतेदेखि नै बढी लिएको शुल्क रकम फिर्ता वा समायोजनको कार्य थालनी गर्ने।' (ख) मा लेखिएको छ, 'शैक्षिक सत्र ०७२/७३ र ०७३/७४ को हकमा विश्वविद्यालयहरूको समन्वयमा अध्ययन, छलफल र छानबिन गरी चिकित्सा शिक्षा आयोगबाट उपयुक्त निर्णय लिन चिकित्सा शिक्षा आयोगसमक्ष अनुरोध गर्ने।' शिक्षा मन्त्रालय र कलेज सञ्चालकहरूबीचको यो सहमतिमा विद्यार्थीहरू विश्वस्त हुन सकेनन्। विद्यार्थी आन्दोलन भाँड्ने योजनाअन्तर्गत द्विअर्थी सहमति गरेर सरकार मेडिकल सञ्चालकसँग झुकेको उनीहरूको दाबी थियो।

यस्तो निष्कर्षपछि युनिभर्सल कलेज अफ मेडिकल साइन्सका विद्यार्थीहरूले त तालाबन्दी नै गरिदिए। १८ मंसिर ०७६ देखि एमबीबीएस पहिलो वर्षमा अध्ययनरत विद्यार्थीको परीक्षा हुँदै थियो, जसलाई उनीहरूले वहिष्कार गरे। कस्तोसम्म भयो भने गण्डकी मेडिकल कलेजमा पहिलो वर्षमा अध्ययनरत ९५ विद्यार्थीमध्ये ९०

माधव बस्नेत

< चिकित्सा शिक्षा आयोग, सानोठिमीमा धर्ना दिन पुगेका युनिभर्सल कलेज अफ मेडिकल साइन्समा अध्ययनरत विद्यार्थीहरू, २५ मंसिर

निरीह सरकार

जनाले वहिष्कार गरे । कलेजका सीईओ र प्रिन्सिपलका दुई छोराछोरीसहित अन्य तीन विद्यार्थी मात्रै परीक्षामा सहभागी भए । यति मात्र होइन, परीक्षा समयअगावै प्रश्नपत्र बाहिरियो । प्रश्न बाहिरिएको विरोध गर्ने विद्यार्थीमाथि कलेज

मेडिकल सञ्चालकबाट भएको ब्रह्मलुटबारे ८ मंसिर ०७६ र २४ चैत ०७५ मा *नेपाल*ले प्रकाशित गरेको आवरण कथा

प्रशासनले प्रहरी परिचालन गऱ्यो । विरोधमा सहभागी ९ विद्यार्थीलाई पक्राउ गरियो । गण्डकी मात्र होइन, अतिरिक्त शुल्कविरुद्ध आन्दोलन गरिरहेका सबै कलेजमा परीक्षा वहिष्कार भयो । तर सरकार गम्भीर पहल कदमी लिन अघि सरेन । प्रश्न बाहिरिनुजस्तो गम्भीर विषयमा सरकार अझै मौन छ ।

२१ मंसिर राती युनिभर्सल कलेज अफ मेडिकल साइन्समा आन्दोलनरत विद्यार्थी र कलेज सञ्चालकबीच ६ बुँदे सहमति भयो । यसपछि विद्यार्थीहरूले कलेजमा भएका आन्दोलनका सबै कार्यक्रम फिर्ता लिएर तालाबन्दी खोलिदिए । युनिभर्सल कलेज अफ मेडिकल साइन्समा भइरहेको आन्दोलन वार्तामा मोड्न मध्यस्थता भने शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेलका स्वकीय सचिव पुरन केसीले गरेका थिए । 'यस आन्दोलनमा सहभागी विद्यार्थीलाई कलेजले कुनै पूर्वाग्रह नराख्ने, विद्यार्थीको शैक्षिक समस्या सम्बन्धमा कलेजको एकेडेमिक काउन्सिलमार्फत सम्बोधन गर्ने ।' युनिभर्सल कलेज अफ मेडिकल साइन्सका प्रतिनिधि र विद्यार्थीहरूबीच भएको सहमतिको ५ नं बुँदामा उल्लेख छ । तथापि २५ मंसिरमा चिकित्सा शिक्षा आयोग परिसर सानोठिमीमा भेटिएका विद्यार्थीहरूको मनबाट त्रास हटिसकेको थिएन । उनीहरू कतिसम्म त्रस्त देखिन्थे भने कसैले पनि आन्दोलनको नेतृत्व गरिरहेको एमबीबीएस चौथो र तेस्रो वर्षका विद्यार्थीसमेत नाम उल्लेख नगर्न आग्रह गरिरहेका थिए । उनीहरू भन्दै थिए, "कलेज सञ्चालकहरू एकदमै निर्दयी छन् । हाम्रो नाम उल्लेख गरिदिनुको साटो १८ ब्याच चौथो वर्ष, १९ ब्याच तेस्रो वर्ष भनेर लेखिदिनुहोला ।"

राष्ट्रिय सतर्कता केन्द्रका अनुसार गण्डकी मेडिकल कलेज टिचिङ हस्पिटल पोखराले ५१ करोड ९८ लाख २९ हजार, नोबेल मेडिकल कलेज टिचिङ हस्पिटल विराटनगरले ३५ करोड ४७ लाख ४४ हजार, लुम्बिनी मेडिकल कलेज पाल्पाले ३२ करोड ९६ लाख ८४ हजार, युनिभर्सल कलेज अफ मेडिकल साइन्स भैरहवाले ३२ करोड ७२ लाख ३० हजार, नेसनल मेडिकल कलेज वीरगन्जले ३२ करोड ५५ लाख ९१ हजार, काठमाडौं मेडिकल कलेज सिनामंगलले २७ करोड ८१ लाख, ६५ हजार नेपालगन्ज मेडिकल कलेजले २१ करोड ९१ लाख २५ हजार, विराट मेडिकल कलेज विराटनगरले १९ करोड ९ लाख ३३ हजार, कलेज अफ मेडिकल साइन्स भरतपुर चितवनले १० करोड ६१ लाख ५७ हजार, मणिपाल कलेज अफ मेडिकल साइन्सेज फूलबारीले १० करोड ९ लाख, किस्ट मेडिकल कलेज ललितपुरले ५ करोड ९९ लाख ३० हजार र देवदह मेडिकल कलेज रुपन्देहीले ३ करोड ८९ लाख ९४ हजार अतिरिक्त शुल्क उठाएका छन् । यो रकम २ अर्ब ८५ करोड रुपैयाँ माथि हुन्छ । राष्ट्रिय सतर्कता केन्द्रको सूचीमा नअटाएको काठमाडौं सानोभऱ्याङमा नेपाली सेनाले सञ्चालन गरिरहेको नेपाली सेना स्वास्थ्य विज्ञान संस्थानले समेत ८ करोडभन्दा बढी रुपैयाँ अतिरिक्त शुल्क असुलेको छ ।

अतिरिक्त शुल्कको सबैभन्दा ठूलो मारमा ०७२/७३ र ०७३/७४ को ब्याच अर्थात्

कसले कति फिर्ता (अनुमानित अंक करोडमा)

गण्डकी मेडिकल कलेज टिचिङ हस्पिटल, पोखरा	नोबेल मेडिकल कलेज टिचिङ हस्पिटल, विराटनगर	लुम्बिनी मेडिकल कलेज, पाल्पा	युनिभर्सल कलेज अफ मेडिकल साइन्स, भैरहवा	नेसनल मेडिकल कलेज, वीरगन्ज	काठमाडौं मेडिकल कलेज, सिनामंगल
४०	२५	२३	२३	२२	१८

एमबीबीएस चौथो र तेस्रो वर्षका विद्यार्थी छन्। युनिभर्सल कलेज अफ मेडिकल साइन्समा चौथो वर्षमा अध्ययनरत एक छात्राका अनुसार ०७२/७३ को ब्याचदेखि सरकारले एमबीबीएस अध्ययनका लागि शुल्क तोकेको थियो भने मेरिटका आधारमा मात्र भर्ना गर्नुपर्ने नियमसमेत बनाएको थियो। त्यसअघि 'इन्ट्रान्स' मा ५० नम्बर ल्याएपछि स्वत: भर्ना हुन पाउने प्रावधान थियो। त्यसैले मेडिकल कलेज सञ्चालकहरूले कम नम्बर ल्याएकाहरूलाई लिलाम बढाबढमा भर्ना गर्थे। यही मौकामा कम अंक ल्याएका विद्यार्थीबाट १ करोड १५ लाख रुपैयाँसम्म लिएका थिए। मेडिकल अध्ययनमा ०७२/७३ को भर्नाका लागि सरकारले ३८ लाख ५० हजार रुपैयाँ शुल्क निर्धारण गरेको थियो। सरकारको यो निर्णयले धेरै हदसम्म कलेज सञ्चालकहरू बाँधिए। त्यसअघिजस्तो लिलाम बढाबढमा भर्ना गर्न नसके पनि बदमासी त्यागेनन्।

युनिभर्सल कलेज अफ मेडिकल साइन्समा चौथो वर्षमै अध्ययनरत अर्का एक विद्यार्थीका शब्दमा वार्षिक शुल्कका नाममा सरकारले तोकेको ३८ लाख ५० हजारभन्दा प्रतिविद्यार्थी २ लाख रुपैयाँ अतिरिक्त शुल्क लिएरै छाडे। ३ वर्षसम्म यस्तो शुल्क लिइरहेका छन्। युनिभर्सल कलेज अफ मेडिकल साइन्सले ०७२/७३ मा एमबीबीएसका लागि ९० जना विद्यार्थीको कोटा पाएको थियो, जसमा ४५ नेपाली र ४५ भारतीय भर्ना गरेको थियो। भारतीय विद्यार्थीबाट त अझ बढी शुल्क लिएको अनुमान ती विद्यार्थीको छ। ४५ जना नेपाली विद्यार्थीबाट मात्र वार्षिक ९० लाख रुपैयाँ अतिरिक्त लिइएको थियो। ३ वर्षको यो रकम प्रतिविद्यार्थी ६ लाख र समग्रमा २ करोड ७० लाख रुपैयाँ हुन्छ। तेस्रो वर्षका विद्यार्थीबाट यो रकम अझ बढी लिएको उनीहरू प्रमाण देखाउँछन्।

युनिभर्सलमा १९ ब्याचको तेस्रो वर्षमा अध्ययनरत विद्यार्थीका अनुसार ०७३/७४ को शैक्षिक सत्रमा यस कलेजले भर्ना कोटा अघिल्लो वर्षभन्दा बढी पाएको थियो। यो शैक्षिक सत्रमा १ सय १५ विद्यार्थी भर्ना भएकामा ६६ नेपाली र ४९ जना भारतीय थिए। सरकारले ०७३/७४ को भर्नाका लागि मौद्रिक वृद्धिअनुसार ४२ लाख ५० हजार रुपैयाँ शुल्क तोकेको थियो। यस वर्ष थप अतिरिक्त शुल्क असुल्न कलेजले ट्युसन शुल्कमा नाममा प्रतिविद्यार्थी वार्षिक साढे २ लाख थप्यो। अर्थात्, वार्षिक शुल्क २ लाख र ट्युसन शुल्क २ लाख ५० हजार गरी सरकारले निर्धारण गरेभन्दा प्रतिविद्यार्थी प्रतिवर्ष साढे ४ लाखभन्दा बढी शुल्क लियो। तेस्रो वर्षका विद्यार्थीले २ वर्ष यस्तो रकम बुझाइसकेका छन्। "तेस्रो वर्षमा अध्ययनरत विद्यार्थीमध्ये ३ जनाबाट ५१ लाख र अरूबाट ४९ लाख रुपैयाँ लिएको प्रमाण हामीसँग छ," एमबीबीएस तेस्रो वर्षमा अध्ययनरत अर्का विद्यार्थी भन्छन्, "युनिभर्सल कलेजमा अध्ययनरतमध्ये सबभन्दा मारमा तेस्रो वर्षका विद्यार्थी छन्।" त्यही कलेजमा चौथो वर्षमा अध्ययनरत विद्यार्थी उनको दाबीलाई स्वीकार गर्छन्। "हामीलाई प्रतिवर्ष २ लाख मात्र बढी लिएको थियो," उनी थप्छन् "उनीहरूलाई साढे ४ लाख लिएको रहेछ।" सरकारले तोकेको र अतिरिक्त शुल्क कलेजहरूले प्रमाण कमजोर बनाउनकै लागि नगदमै लिएका थिए। चेकमार्फत पैसा बुझाइए पनि कलेजको आधिकारिक लेटरप्याड र छापबिनै भर्पाइ गरिएको छ। एक पीडितका अनुसार विद्यार्थीकै नाममा चेक काट्न लगाएर कलेजले पैसा लिएको थियो र सादा कागजमा यति पैसा बुझेको भनेर भर्पाइ दिएको थियो।



> दक्षिण एसियामै हाम्रो चिकित्सा शिक्षा र इन्जिनियरिङ अब्बल मानिन्छ तर मेडिकल शिक्षामा आन्दोलन चलिरहे कमजोर हुन्छ।
>
> **– हरिप्रसाद लम्साल**
> प्रवक्ता, चिकित्सा शिक्षा आयोग

युनिभर्सल कलेज अफ मेडिकल साइन्सलाई यहाँ प्रतिनिधि उदाहरणका रूपमा मात्र पेस गरिएको हो। अन्य मेडिकल कलेजले पनि विद्यार्थीमाथि अझ बढी शीर्षकमा शुल्क थपेर यही शैली अपनाएका छन्। युनिभर्सल अतिरिक्त शुल्क बढी लिनेमा चौथो नम्बरमा पर्छ भने यसअघि गण्डकी पोखरा, नोबेल विराटनगर र लुम्बिनी मेडिकल कलेज, पाल्पा छन्। युनिभर्सलपछि नेसनल मेडिकल कलेज वीरगन्ज र काठमाडौं मेडिकल कलेज सिनामंगल पर्छन्। अन्य कलेजचाहिँ कम छन् भन्ने होइन।

रोचक के भने अतिरिक्त शुल्क बढी लिनेहरू सबै उच्च राजनीतिक पहुँचमा छन्। जस्तो, गण्डकी र युनिभर्सल गरी दुइटा मेडिकल कलेजबाट मात्र ८४ करोड ७० लाख ५९ हजार रुपैयाँ अतिरिक्त शुल्क असुलेका स्याङ्जाली खुमा अर्याल नेपाली कांग्रेसका नेता त हुन् नै, सबै दलका शीर्ष नेताहरूसँग उनको उत्तिकै पहुँच छ। ०७० को निर्वाचनमा उनी कांग्रेसबाट उम्मेदवार भए पनि तत्कालीन एमाले, माओवादीलाई समेत चन्दा दिएको स्याङ्जा पूर्वएमालेका एक नेता बताउँछन्। तिनै नेताका अनुसार ०६४ को निर्वाचनदेखि नै उनले सबै पार्टीको गोजी भर्दै आएका छन्। ०७४ को निर्वाचनमा त उनले वर्तमान भूमिव्यवस्थामन्त्री पद्मा अर्याललाई साम, दामका साथ सहयोग गरेका थिए। उनका ससुरा राष्ट्रपति विद्यादेवी भण्डारीका प्रेस सल्लाहकार छन्।

नोबेल मेडिकल कलेज टिचिङ हस्पिटल विराटनगर, कलेज अफ मेडिकल साइन्स भरतपुर चितवनले सशस्त्र द्वन्द्वकालमा

नेपालगन्ज मेडिकल कलेज, नेपालगन्ज	विराट मेडिकल कलेज, विराटनगर	कलेज अफ मेडिकल साइन्स, भरतपुर चितवन	मणिपाल कलेज अफ मेडिकल साइन्सेज, फूलबारी	किस्ट मेडिकल कलेज, ललितपुर	देवदह मेडिकल कलेज, रूपन्देही
१२	१०	६	६	३	२

माओवादीका घाइते कार्यकर्ताहरूको उपचार गरिदिएर त्यस पार्टीका नेताहरूसँग मजबुत सम्बन्ध बनाएको छ । कतिसम्म भने नोबेल मेडिकल कलेज सञ्चालक सुनिल शर्माले त साझेदारको सेयर हत्याउन माओवादी नेताहरू प्रयोग गरेको जगजाहेरै छ। गत निर्वाचनमा शर्मा मोरङ क्षेत्र नं ३ मा कांग्रेसको तर्फबाट उम्मेदवार भएका थिए । कांग्रेसबाट उम्मेदवार भए पनि अर्याल शैलीमै उनले ०६४ यताका सबै निर्वाचनमा तत्कालीन एमाले, माओवादीलाई ठूलै थैली हात लगाएका थिए । भनिरहनै परेन, सबै दलका नेतासँग उनको सम्बन्ध उत्तिकै सघन छ । वीरगन्जका बसुरुद्दिन अन्सारी आफ्नो अनुकूल हुने गरी पार्टी फेरिरहन्छन् । उनको कलेजमै रहेको गेस्ट हाउसमा मोजमस्ती गरेका नेता सबै पार्टीको उपल्लो तहमा छन् ।

चिकित्सा शिक्षा आयोग स्रोतका अनुसार सरकारले मेडिकल कलेज खोल्न त दियो तर नियमनको पाटो यति कमजोर रह्यो कि कलेज सञ्चालकलाई नै मनमौजी बनाइयो । नियमन राम्रो भएको भए यस्तो बेथिति मौलाउने थिएन । मेडिकल कलेज सञ्चालक एमबीबीएस पहिलो र दोस्रो वर्षका विद्यार्थीबाट असुलेको अतिरिक्त शुल्क फिर्ता गर्न राजी हुनु तर तेस्रो र चौथो वर्षका लागि पन्छिने दाउ खोज्नुमा ठूलो कारण छ । त्यो के भने पहिलो र दोस्रो वर्षका विद्यार्थीलाई उनीहरूले नगद रकम फिर्ता गर्नु पर्दैन। तेस्रो र चौथो वर्षमा समायोजन गर्छौं भनेर पन्छिने ठाउँ छ किनकि पहिलो र दोस्रो वर्षका विद्यार्थीले सरकारले तोकेको शुल्कको किस्ता बुझाउन बाँकी छ । विद्यार्थीले नगदै फिर्ता मागे पनि ठूलो रकम फिर्ता गर्नु पर्दैन तर चौथो र तेस्रो वर्षका विद्यार्थीले सबैजसो रकम बुझाइसकेका छन्। मेडिकल कलेज सञ्चालकले उनीहरूलाई नगद नै फिर्ता गर्नुपर्छ । युनिभर्सललाई उदाहरण लिऔं, यस कलेजले चौथो वर्ष मात्र



^ झारा टार्ने प्रयासका नमुना

प्रतिविद्यार्थी न्यूनतम ६ लाख रुपैयाँ फिर्ता गर्नुपर्छ। तेस्रो वर्षका विद्यार्थीले करिब ७ लाख फिर्ता पाउनुपर्छ । कुन कलेजले कति फिर्ता गर्नुपर्ला ? (हेर्नुस्, इन्फो) विद्यार्थीबाट असुलेको रकम कलेज सञ्चालकले हाइड्रोपावर, ह्याचरीदेखि जग्गा प्लटिङसम्म लगानी गरिसकेका छन् किनभने उनीहरूले मेडिकल कलेजलाई दक्ष जनशक्ति उत्पादन थलोको सट्टा व्यापार गर्ने उद्योग बनाइरहेका छन् ।

शिक्षा मन्त्रालयका एक उपसचिवको भनाइमा सरकारले ठगी मुद्दाको हाउगुजी देखाए पनि लिखित निर्देशन कहीं-कतैबाट भएको छैन। लिखित निर्देशन भए उनीहरूलाई पक्रन गाह्रो छैन । यसरी लिखित निर्देशन नहुनुको कारण हो, राजनीति-व्यापार गठजोड। "राजनीति व्यापारमा बदलिएको छ । सबै नेताले व्यापारीबाट सहयोग लिएका छन् वा अप्रत्यक्ष रूपमा आफैंले लगानी गरेका छन्," ती उपसचिव भन्छन्, "त्यसैले ठगी मुद्दा चलाउन लिखित निर्देशन दिन नसकेका हुन्। यो मुद्दा सजिलै सल्टने छाँट देखिँदैन ।"

पहिलो र दोस्रो वर्षको शुल्क समायोजन गर्ने प्रतिबद्धतापछि पनि विद्यार्थीले आन्दोलन जारी राखे। यसपछि चिकित्सा शिक्षा आयोगले छानबिन समिति बनाएको छ। माथि नै उल्लेख गरियो, बढी ठगिने तेस्रो र चौथो वर्षका विद्यार्थी हुन् । चिकित्सा शिक्षा आयोगका प्रवक्ता एवं सहसचिव हरिप्रसाद लम्साल पनि यसलाई स्वीकार्छन्। भन्छन् "जो बढी पीडामा परेको हो, जसले फिर्ता मागेको हो, उसले पाउन सकेको छैन । कसरी फिर्ता गराउन सकिन्छ भनेर लागिपरेका छौं।" यद्यपि विगतका आठ वटा कार्यदल र त्यसभन्दा पछि राष्ट्रिय सतर्कता केन्द्रले अंकसमेतको ठगी प्रमाणित गरिसक्दा पनि आयोग भने छानबिनकै घनचक्करमा अल्मलिइरहँदा विद्यार्थीको पठनपाठन र न्यायमा विलम्ब भइरहेको छ । १७ मंसिरमा चिकित्सा शिक्षा आयोगले निर्देशक प्राडा रमेशप्रसाद आचार्यको संयोजकत्वमा ५ सदस्यीय छानबिन समिति बनाएको थियो,जसका सदस्य त्रिवि चिकित्साशास्त्र अध्ययन संस्थानका डीन प्राडा जगदीशचन्द्र अग्रवाल, काठमाडौं विश्वविद्यालय स्कुल अफ मेडिकल साइन्सका डीन प्राडा राजेन्द्र कोजु, चिकित्सा शिक्षा आयोगका प्रवक्ता एवं सहसचिव हरिप्रसाद लम्साल छन् । समितिको सदस्यसचिव चिकित्सा शिक्षा आयोगमै कार्यरत उपसचिव तुलसीप्रसाद आचार्यलाई राखिएको छ । रोचक के भने १७ मंसिरमा छानबिन समिति गठन गरिए पनि १९ मा मात्रै सदस्यहरूको नामैबिना विज्ञप्ति सार्वजनिक गरियो । २७ मंसिरसम्म छानबिनका लागि आयोग कुनै पनि मेडिकल कलेज पुगेको थिएन, विवरण संकलनमै रुमल्लिरहेको थियो ।

चिकित्सा शिक्षा आयोगसँग निकै ठूलो अधिकार छ। आयोग यति शक्तिशाली छ कि राम्रा काम गर्न चाहे यो उसका लागि ठूलो अवसर हो, जसले मेडिकल शिक्षाका बेथिति पक्कै सुधिएर जानेछन् । आयोगका प्रवक्ता लम्सालका अनुसार नेपालको मेडिकल शिक्षा सुधार्नै नसक्ने गरी बिग्रिसकेको छैन । "दक्षिण एसियामै हाम्रो चिकित्सा शिक्षा र इन्जिनियरिङ अब्बल मानिन्छ तर मेडिकल शिक्षामा आन्दोलन चलिरहे कमजोर हुन्छ," लम्साल भन्छन्, "मेडिकल कलेज सञ्चालकले पनि यो बुझ्न जरुरी छ। उनीहरू सुध्रने मौका पनि हो, यो। सरकार र आयोग मेडिकल शिक्षालाई सुधार्ने अठोटमा छ।" ने

ठग ठेकेदारलाई

राजनीतिक ओतमा धन्दा चलाउनेहरूको पहुँच सीधै नीति निर्माण तहमा

तस्बिरहरू : रवि मानन्धर

पप्पु कन्स्ट्रक्सनले बनाएको टेकुको पुल, जुन गुणस्तरहीन रहेको कारण देखाउँदै बन्द गरिएको छ

दलीय ओत

योगेश ढकाल

ठे**केदारहरूका नामी वकिलमा** पर्छन्, बाबुराम दाहाल । सार्वजनिक खरिद ऐनमा दक्खल राख्ने दाहालले ठेकेदारसँग १४ वर्षभन्दा बढी बिताए । सरकारी ठेक्कामा आउने कानुनी अड्चन मात्र होइन, ठेकेदारमाथि सरकारले गर्ने कारबाहीको बचाउमा दाहालको उपस्थिति अदालतका बेञ्चमा सानदार हुन्थ्यो । त्यही उपस्थितिले हुनुपर्छ, समयमा काम नगर्ने ठेकेदार कम्पनीलाई कालोसूचीमा राख्ने निर्णय दाहालले उल्टाइदिए । अनामनगरस्थित नेपाल निर्माण व्यवसायी महासंघमा झन्डै १४ वर्ष बिताएका दाहाल-ठेकेदार संगत हेटौँडामा वकालत अभ्यासताकादेखिकै हो ।

महासंघको वैतनिक कानुनी सल्लाहकार दाहाल एक्कासि ०७६ मंसिर पहिलो साता अवैतनिक सल्लाहकारका रूपमा सिंहदरबार छिरे । प्रधानमन्त्री केपी ओलीको सचिवालयमा कानुनविज्ञको हैसियतमा जुन दिन उनको प्रवेश भयो, त्यही दिनदेखि दाहाल र ओली दुवैप्रति शंकाको सुई घुम्न थाल्यो । प्रधानमन्त्रीको कानुनी सल्लाहकारको औपचारिक हैसियत पाएका महान्यायाधिवक्ता अग्नि खरेलले राजीनामा दिएका थिएनन् । त्यसको अलावा सिंगै कानुन मन्त्रालय प्रधानमन्त्रीको साथमा हुन्छ । यत्तिका संरचनाले नपुगेर प्रधानमन्त्री ओलीले दाहाललाई 'किचन क्याबिनेट' मा किन भित्र्याए ? उनको सिंहदरबार प्रवेशसँगै दुइटा प्रसंग उल्लेख्य छन् । एक- सार्वजनिक खरिद ऐनको संशोधन प्रक्रिया । दोस्रो- ठेकेदारहरूको आन्दोलन । ४ पुस ०७६ बाट सुरु हुने हिउँदे अधिवेशनमा खरिद ऐनको विधेयक टुंगो लगाउने मेसो भइरहेको छ । त्यसलाई प्रभावित पार्न ठेकेदारहरू पूर्वसन्ध्यामा आन्दोलित छन् । दाहाल यी दुई घटनाका बीचमा छन् । दाहाल निकट कानुन व्यवसायीको भनाइमा गत वर्ष ठेकेदारको पक्षमा हुने गरी सार्वजनिक खरिद नियमावली संशोधन गराउन प्रशस्त लबिइङ गरेका थिए ।

भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठलाई ठेकेदारहरूले प्रभावमा राखेकै कारण तीन पटकसम्म नियमावली संशोधन गरियो । तीन वटै संशोधनमा दाहालको भूमिका थियो । ठेकेदारको लबिइङमै दाहाललाई प्रधानमन्त्री सचिवालयमा पुऱ्याइएको नेकपा निकट वकिलहरूकै दाबी छ । त्यसलाई बल पुग्ने घटना एकसाथ देखिए पनि दाहाल स्वीकार्न तयार छैनन् । बरु ठेकेदारलाई ठीक पार्न प्रधानमन्त्री सचिवालयमा पुगेको दाबी गर्छन् । दाहालले *नेपाल*सँग भने, "मलाई प्रधानमन्त्रीले गरेको विश्वासप्रति रुष्टहरूले ठेकेदारको वकिल भनेर आरोप लगाएका हुन् ।"

पूर्वएमाले र पूर्वमाओवादीबीच पानी बाराबार सम्बन्ध थियो, १७ असोज ०७४ सम्म । एमाले अध्यक्ष केपी ओली र माओवादी अध्यक्ष प्रचण्डबीच वाक्‌युद्ध थियो । कार्यकर्ताबीच वैमनस्यको रूप सडकमै पोखिन्थ्यो । अनि, २ असोज ०७४ को स्थानीय निर्वाचनमा प्रदेश २ का १ सय ३६ स्थानीय तहको पार्टीगत गतिविधि र परिणामले दुस्मनी देखाउँथ्यो । एक्कासि १६ असोज ०७४ उपल्लो तहमा दुस्मनीभन्दा बढ्ता हार्दिकता देखियो । त्यसैको परिणाम थियो- ललितपुरस्थित एक घरमा केपी ओली र प्रचण्डको गोप्य भेटघाट । र, त्यो गोप्य बैठक घरको व्यवस्थापन गरेका थिए, शारदाप्रसाद अधिकारीले । दुई कम्युनिस्ट पार्टीको एकीकरणसम्बन्धी घनिभूत उक्त दिनको बैठक घरको व्यवस्थापन गर्ने घरबेटी अधिकारी थिए, सैलुङ कन्स्ट्रक्सन कम्पनीका मालिक । काठमाडौँ उपत्यकाका आधा दर्जन सडक निर्माणको ठेक्का लिने तर काम नगर्ने ठेकेदार अधिकारीको अर्को पहिचान हो, प्रचण्डका घरबेटी । १६ असोजमा त्यही घरमा दुई अध्यक्षबीच पार्टी एकतामा सहमति जुट्यो अनि १९ असोजमा राष्ट्रिय सभागृहमा गठबन्धनको सार्वजनिकीकरण ।

प्रचण्डको आडभरोसामै अहिले अधिकारीको हातमा एक दर्जन ठेक्का छन्, जसले म्याद मात्र गुजारेका छैनन्, नागरिकलाई सास्ती दिइरहेको छ । त्यही आक्रोश पोखियो, भक्तपुर-नगरकोट सडक स्तरोन्नतिमा । १६ किमि सडक निर्माणमा ४ वर्षसम्म चासो नराख्ने अधिकारीको फोटो सार्वजनिक यातायातमा टाँसेर भक्तपुर-नगरकोटका स्थानीय २६ कात्तिक मा आन्दोलित भए । ०७६ वैशाखमा नेकपा संसदीय दलको बैठकमा प्रचण्डसामु ठेकेदार अधिकारीको रवैया र क्षमतामा प्रधानमन्त्री ओलीले प्रश्न उठाउँदा टेरेका थिएनन् । तर स्थानीयको अभियानपछि अधिकारीले रातारात निर्माण सुरु

गरे। काठमाडौँको कपन क्षेत्र, बालाजु-ककनी सडक खण्ड, कलंकी-नागढुंगा खण्डमा पनि अधिकारीको ठेक्का छ।

ती क्षेत्रमा समयमा काम नगरेको र पटक-पटक म्याद थप गरिएको सडक विभागका उपमहानिर्देशक शिवहरि सापकोटा स्वीकार्छन्। समयमा काम नगर्ने ठेकेदारको सूचीका अधिकारीलाई प्रचण्डकै बुहारी खानेपानीमन्त्री बिना मगरले मेलम्ची खानेपानी आयोजनाको अर्को ठेक्का थपिदिइन्।

यी दुई सन्दर्भले ठेकेदार-नेता सम्बन्ध मात्र उजागर गर्दैन, नेपालको निर्माण उद्योग र स्वार्थ समूहको सेटिङको तथ्यलाई पनि प्रस्ट्याइदिन्छ। प्रचण्डका घरबेटी अधिकारीको बढ्दो आत्मबलको स्रोत राजनीतिक ओत हो। नेताको छत्रछायामा हुर्किएका ठेकेदारमा अधिकारी एक्ला होइनन्। दलीय आबद्धता मात्र होइन, पछिल्ला दिनमा त नीति निर्माण तहमै ठेकेदारको संख्या बढोत्तरी भइरहेछ। संघीय संसद् र प्रदेशसभा निर्वाचित हुने ठेकेदार २८ जना छन्। त्यसमाथि पराजित हुने ठेकेदारको संख्या पनि ठूलै छ। तिनको छायाले सरकार बोल्न त सक्छ, कारबाही गर्ने हिम्मत राख्दैन।

खोलामा खर्बौं

काम सुरु भएर प्रगति नभएका पूर्वाधार आयोजना कति छन् भन्ने यकिन तथ्यांक छैन। तर अनौपचारिक रूपमा करिब २ हजार २ सय हाराहारी अनुमान गरिएको छ। ०७५ सम्मको त्यो संख्याकै आधारमा हिसाब गर्दा करिब २ खर्ब २० अर्ब रुपैयाँका आयोजना छन्, जसमा सडक, पुल, सिँचाइ, खानेपानी क्षेत्र पर्छन्। भौतिक पूर्वाधार मन्त्रालयका सहसचिव राजेश्वरी ज्ञवालीको भनाइमा ठेक्का लागेका ती आयोजनाबाट ठेकेदारले २० प्रतिशत पेस्की रकम लिएका छन्। ठेक्का पाएलगत्तै मोबिलाइजेसन खर्च भनेर २० प्रतिशतसम्म रकम दिने व्यवस्था छ। त्यसरी हिसाब गर्दा करिब ४५ अर्ब रुपैयाँ ठेकेदारले पेस्कीबापत लगेको देखिन्छ। प्रधानमन्त्रीका नवनियुक्त कानुनविज्ञ बाबुराम दाहाल ठेकेदारले ओगटेर अलपत्र परेका ती २ हजार २ सय आयोजनाको संख्या बढेर २ हजार ५ सय पुगेको अनुमान गर्छन्।

पेस्की पाइने व्यवस्थाको फाइदा उठाएर ठेकेदारले रकम जम्मा गर्ने र अन्यत्र लगानी गरेको प्रश्न मन्त्रालयले पटक-पटक उठाएको छ। कानुनी सल्लाहकार रहिसकेका दाहाल पनि ठेकेदारले पेस्कीबाट लिएको रकम घरजग्गादेखि अन्य क्षेत्रमा लगानी गरेकाले आयोजना समयमै नसकिने गरेको दाबी गर्छन्। पूर्वाधारविज्ञ सूर्यराज आचार्य भने मोबिलाइजेसन खर्चलाई 'सजिलो रकम' ठान्ने ठेकेदारको नियतमै प्रश्न उठाउँछन्। "आयोजना ओगट्ने अनि मोबिलाइजेसन रकम ल्याएर अन्य क्षेत्रमा लगानी गर्ने नियतले समयमा काम हुँदैन," आचार्य भन्छन्, "राजनीतिक संरक्षणले बाँच्छु भन्ने अहं पनि ठेकेदारमा छ।' आचार्यले भनेजस्तो हिजो राजनीतिक नेतृत्वलाई साथ लिएका ठेकेदार अहिले नीति बनाउने संसद्मै पुगेका छन्।"

अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखा परीक्षकको कार्यालयसमेतले ती आयोजनाबाट खर्बौं रकम डुबेको बताइरहेका छन्। तर भौतिक पूर्वाधार मन्त्रालयले उल्टै पटक-पटक म्याद थपेर ठेकेदारलाई प्रोत्साहित गरेको छ। गत वर्ष मात्रै अख्तियारले १८ सयभन्दा बढी आयोजनालाई रुग्ण भनेको थियो। तीमध्ये ९ सय ६ वटा त भौतिक पूर्वाधार मन्त्रालयकै थिए।

ठेक्कामा झेल

२५ वर्षअघि सुरु भएको हो, गाईघाट-दिक्तेल जोड्ने सडक खण्ड। सगरमाथा राजमार्ग नामकरण गरिएको यो सडक निर्माण गति कतिसम्म सुस्त थियो भने महालेखा परीक्षकको कार्यालयले ०६१/६२ मा भनेको थियो, 'अहिलेकै गतिमा निर्माण हुने हो भने १ सय २५ वर्षभन्दा बढी लाग्छ।' पछिल्लो दशकका निर्माणले गति लियो र दिक्तेलसम्म सडक त जोडियो तर अहिलेसम्म अन्य काम सकिएको छैन। ०५१ सालबाट सुरु भएको तुल्सीपुर-पुरन्धरा, बेंसीसहर-चामे, जाजरकोट-डोल्पा र साँफेबगर-मार्तडी सडक खण्डको हालत राजमार्गको हालत अहिले पनि सुस्त गतिमा छ। महालेखाले पटक-पटक ती सडकमाथि प्रश्न उठाएको छ तर भौतिक पूर्वाधार मन्त्रालय बोल्दैन।

निर्माणमा कतिसम्म समस्या छ भन्नलाई मध्यपहाडी राजमार्गको गति नै लिऔँ। यो

हालै ठेक्का तोडिएको तीनकुनेस्थित पप्पु कन्स्ट्रक्सनले निर्माण गर्दै गरेको पुल

राजमार्ग ०७५ मै सकिनुपर्ने हो । तर म्याद बढाएर ०७७ सम्म पुऱ्याइएन मात्र, सडक खण्डको पुल निर्माण झन् समस्या बनेर आएको छ । राजमार्गको 'राइट अफ वे' अहिलेसम्म टुंगो लागेको छैन । अझ विडम्बना, ०७६ मा निर्माण कार्यले गति नै लिएन । दोलखामा ७६ करोड ८७ लाख ५० हजारका २५ ठेक्का अलपत्र परेका छन् । डिभिजन सडक कार्यालय बुटवलले ०६५ यता ठेक्का गरेको ५८ पुलमध्ये अहिलेसम्म एउटा पनि सम्पन्न भएको छैन ।

काठमाडौं तीनकुनेस्थित बाग्मतीमा पप्पु कन्स्ट्रक्सन कम्पनीले पुल बनाउँदै थियो । ३० करोड ८२ लाख लागतको त्यो पुल खासमा ०७५ असारमै सकिनुपर्ने थियो । तर पप्पुका साहूजी हरिनारायण रौनियारले राजनीतिक र आर्थिक प्रभावमा पुलको निर्माण अवधि थप गराए । निर्धारित समय घर्किएर म्याद थप हुँदा पनि जम्माजम्मी ३३ प्रतिशत मात्रै काम भएको थियो । पुल कतिसम्म कमजोर गुणस्तरको बन्दै थियो भने साढे २९ मिटर गाड्नुपर्ने पिलर १६ मिटर मात्रै गाडिएको थियो भने निर्माणकै चरणमा तीन वटा पिलर चर्किसकेका थिए । त्यसपछि बल्ल भौतिक पूर्वाधार मन्त्रालय पप्पुसँग पुलको ठेक्का तोड्न बाध्य भयो ।

निर्माणका क्रममा कम्पनीले करिब ३ करोड ८६ लाख रुपैयाँ सरकारबाट लिइसकेको छ । जबकि पुल निर्माणमा समस्या देखिएपछि भुक्तानी किन गरियो ? प्रश्न स्वाभाविक छ । सरकार बल्ल धरौटीबापतको १ करोड ५ लाख रुपैयाँ जफतको तयारीमा छ । पप्पुले त्यही हविगत देखाइदिएको छ, काठमाडौंकै टेकु-कालीमाटी जोड्ने पुल ।

करिब २२ करोड लागतको त्यो पुल निर्माण सम्पन्न त भयो तर काम लाग्न सकेको छैन । नयाँ पुलको बीचमा ढुंगाको बार लगाएर बन्द गर्नुपर्ने बाध्यता पप्पुले नै बनाएको हो । जस्तो, पुल निर्माणका क्रममा निर्माण सामग्री कमसल मात्र होइन, डिजाइनविपरीत काम गरेको भौतिक पूर्वाधार मन्त्रालयको भनाइ छ । डिजाइनविपरीत बिम ढलान गरेको उक्त पुलको लठ्ठामा समेत समस्या छ । मन्त्रालयका सहसचिव रामेश्वर ज्ञवालीको भनाइमा पुल निर्माणकै क्रममा ५-६ पटक रोक्न निर्देशन दिइए पनि अटेर गरी बनाइछाड्यो । समाजवादी पार्टीबाट प्रतिनिधिसभा सांसद रहेका रौनियारको कम्पनीले देशभरका अधिकांश पुल निर्माणको ठेक्का पाएको छ । अधिकांश पुलमा कि त डिजाइनविपरीत काम भएको आरोप लागेका छन्, या कमसल निर्माण सामग्री प्रयोग भएका छन् ।

यस्तै, रौनियारले ठेक्का लिएको बर्दियाको जब्दीघाट पुल निर्माणको समय घर्किसके पनि काम सकिएको थिएन । पटक-पटकको म्याद थपबाट आजित भएपछि पप्पु आफैंले बनाउन थालेको त्यो पुल निर्माणकै चरणमा भाँचियो । त्यसले निर्माण सामग्री, डिजाइनविपरीत पिलर, बिम निर्माणमा प्रश्न मात्र उठाएन, पप्पुको क्षमता र नियतमै प्रश्न उठाइदियो । त्यही कारण जब्दीघाटको पुल प्रकरण अख्तियारको छानबिनबाट विशेष अदालतसम्म पुग्यो । निर्माण कम्पनीले कतिसम्म लापरबाही गर्छन् भन्नलाई रामेछाप-ओखलढुंगा जोड्ने दूधकोसीको पुलमा निर्माणाधीन पुल हावाले उडाएको घटनाले नै पुष्टि गर्छ ।

सडक विभागका उपमहानिर्देशक शिवहरि सापकोटाको भनाइमा पप्पुले नेपाल प्रगतिसँग मिलेर ठेक्का लिएको सिन्धुलीस्थित खाडसाङ र सोखु खोलाको पुलको हविगत पनि लाजमर्दो बनाएर छाडिएको छ । खासमा ती दुइटा पुल पुस ०६९ मै सकिनुपर्ने थियो । ती ठेकेदारको लापरवाहीले ७ वर्ष पछि धकेलिए पनि काम भएन । करिब १० करोड ४३ लाख बजेटका ती पुल निर्माण गर्न ठेकेदारले करिब ५ करोड रकम हात पारिसकेका थिए । एउटै प्याकेजमा निर्माण गर्ने ती पुलको लागतको आधा रकम उम्काइसकेको पप्पु र प्रगतिले काम नगरेकै कारण केही साताअघि मात्रै ठेक्का रद्द गरियो । सापकोटाका अनुसार मध्यपहाडी राजमार्ग क्षेत्रका दुइटा पुल, हुलाकी लोकमार्गका दुई र काठमाडौंको तीनकुनेस्थित पुलसहित जम्माजम्मी ५ वटा पुलको ठेक्का मंसिरमा रद्द गरियो ।

पप्पुले जिम्मा पाएको चितवनको गोलाघाटस्थित पुलको डिजाइनसमेत भएको छैन । बुटवलको तिनाउ खोलामा बनाउने भनिएको पुलको ठेक्का पनि रद्द गरियो । करिब ६ करोड २ लाख लागतको त्यो पुल निर्माणमा पप्पु र वास्ती कन्स्ट्रक्सनले पिलर र स्पान राख्दा नै समस्या थियो । २५ मंसिर ०७६ मा ठेक्का तोडिएको अर्को पुल भने डन्डा खोलाको हो । यिनै दुई कम्पनीले ५ करोड ५६ लाखमा ठेक्का पाएको त्यो पुलमा पनि निर्माण समस्या देखिएर रद्द भएको सहसचिव ज्ञवालीको दावी छ ।

ठेकेदारको लापरवाहीको लहरो इलामसम्मै

'ठेकेदारका आन्दोलनलाई नजिकबाट हेरिरहेका छौं'

– **वसन्त नेम्वाङ**, मन्त्री भौतिक पूर्वाधार

अहिलेको मूल समस्या भनेको रुग्ण आयोजना हो । त्यसलाई कसरी टुंगो लगाउने भन्ने हो । तोकिएको समयमा सक्ने आयोजनालाई म्याद थप गर्ने र सम्पन्न गर्न सरकार नै सहयोगी हुनुपर्छ । काम गर्न नसकिने खालका ठेक्का तोड्ने सोच पनि छ । रुग्ण आयोजना कति छन् भनेर खोजबिन हुँदै छ । ठेकेदारमा पनि जनशक्ति, वित्तीय र प्राविधिक क्षमताभन्दा बढी काम लिने र ओगट्ने प्रवृत्ति छ । कम बोलकबोल गर्ने अनि काम नहुने । यसले गर्दा रुग्ण आयोजना बढेका हुन् । मन्त्रालय ठूलो र कार्यालयहरू पनि धेरै भएकाले समय लाग्छ । समयमा काम नभएका केही आयोजनाको ठेक्का तोड्न थालिएको पनि छ । तर, एक-एक वटाभन्दा पनि एकमुष्ट रूपमा त्यसबारे निर्णय गरिनेछ । भ्रमण वर्षलाई ध्यान दिएर लुम्बिनी क्षेत्रमा नबनेका दुइटा पुलको ठेक्का तोडिसकियो । सानातिना ठेक्का तल नै तोड्न निर्देशन दिएका छौं । निर्माण व्यवसायलाई व्यवस्थित गर्ने सरकारको प्रस्ट नीति छ । त्यसका लागि सार्वजनिक खरिद ऐन संशोधन विधेयक हिउँदे अधिवेशनमा पारित हुँदै छ ।

निर्माण व्यवसायीले आफ्नो क्षमताअनुसारको ठेक्का लिनुपर्छ र त्यो कुरा धेरैले बुझिसकेका छन् । नबुझ्नेले पनि बुझ्नुपर्छ । निर्माण व्यवसायीको आन्दोलनलाई नजिकबाट हेरिरहेका छौं । उहाँहरूका जायज माग सम्बोधन गर्न सकिन्छ । सरकार निर्माण व्यवसायीलाई पाखा लगाउन चाहँदैन । सक्षम बनाउँदै लैजाने सरकारको योजना छ ।

भेटवाल कम्पनी, शून्य प्रगति

मनोज भेटवालको एकपछि अर्को अवैध धन्दा, भ्यू टावर निर्माण अघि बढेन

यम बम

काठमाडौँ महानगरपालिका कार्यालयको बोलीव्यवहारमा एकरूपता हुँदो हो त २२ वैशाख ०७३ देखि अस्थायी बसपार्क बनेको खुलामञ्च अहिले खुला स्थान भइसक्थ्यो। पुरानो बसपार्क (जहाँ काठमाडौँ भ्यू टावर बनिरहेको छ) मा बस, माइक्रोको पार्किङ स्थल हुन्थ्यो।

त्यतिखेर विरोधका स्वर थुम्थुम्याउन '६ महिनामै खुलामञ्च खाली भइसक्छ' भन्ने महानगर कर्मचारीको वाचा झुटो रहेको अहिले आएर पुष्टि भएको छ। बसपार्कको २३ रोपनी ५ आना जग्गा जलेश्वर-स्वच्छन्द-बिकोई बिल्डर्स प्रालिलाई ३० वर्षका लागि सुम्पिँदा महानगरका तत्कालीन प्रवक्ता ज्ञानेन्द्र कार्कीसहितका अधिकारीले भनेका थिए, '६ महिनामा भ्यू टावरको भूमिगत २ तला बनिसक्छ, त्यसपछि बसपार्क उतै सर्छ।'

तर महानगर र निर्माण कम्पनीबीच भएको सम्झौता, कार्यादेशमा खुलामञ्चबाट बसपार्क सार्ने मिति उल्लेख गरिएन। अर्थात्, नागरिकलाई गुमराहमा राख्न बसपार्क सर्ने झ्याली पिटे पनि लिखत गरिएन। कम्पनीका सञ्चालक मनोज भेटवालले त्यतिखेर भनेका थिए, '६ महिनामा भूमिगत बसपार्क तयार हुन्छ। माथिल्लो तल्लाको निर्माण कार्य चल्ने हुँदा बसपार्क सार्न सकिँदैन। ३ वर्ष कुर्नुपर्छ।'

भ्यू टावर निर्माणको कार्यादेश पाएको ३ वर्ष ५ महिना पुग्दा पनि भूमिगत संरचनासमेत निर्माण हुन सकेको छैन, ठडिने विषय त परैको कुरा। अब खुलामञ्चबाट कहिले बसपार्क हट्छ, स्वयं काठमाडौँ महानगरका मेयर विद्यासुन्दर शाक्यलाई पनि थाहा छैन। भन्छन्, "अब चाँडै नै टुंगोमा पुग्छौँ।"

कालो कर्तुत

०६८ मा काठमाडौँ महानगरको १८ औँ परिषद्ले भ्यू टावर बनाउने निर्णय गर्दा मनोज भेटवाल इनोभेटिभ कन्सेप्ट नेपालका सञ्चालक थिए। यो कम्पनीले सार्वजनिक-निजी साझेदारी अवधारणाअन्तर्गत काठमाडौँमा आकासे पुल निर्माण र सञ्चालन गर्दै आएको थियो।

२९ तले भ्यू टावर सार्वजनिक-निजी साझेदारी अवधारणामा बन्ने भएपछि टेन्डर आह्वान हुनुअघि भेटवालले जलेश्वर निर्माण कम्पनी दर्ता गरे। कारोबार शून्य रहेको कम्पनीले स्वच्छन्द र बिकोई बिल्डर्ससँग जेभी बनाएर भ्यू टावर परियोजनामा आवेदन दियो। जलेश्वरले टेन्डर हात पार्‍यो, २२ फागुन ०७१ मा सम्झौता पनि भयो। महानगरका तर्फबाट सम्झौतामा हस्ताक्षर गर्नेमा तत्कालीन कार्यकारी अधिकृत पूर्णभक्त तण्डुकार, प्रशासन प्रमुख शान्ताराम पोखरेल र खरिद इकाइ प्रमुख नमराज ढकाल थिए।

तर १२ वैशाख ०७२ को भूकम्पपछि सोही वर्ष मन्त्रिपरिषद्को १३ असोजको बैठकले अग्ला भौतिक संरचना निर्माणमा रोक लगाएपछि भ्यू टावरको तला घटेर १२ तलेमा कायम गरी नक्सा पास भयो। महानगरका कर्मचारी दाहिने हुँदा टेन्डर हात पारे पनि 'पहिलो गाँसमै ढुंगा' भनेझैँ भेटवालले लगानी जुटाउन सकेनन्। फलतः ०७३ वैशाखदेखि निर्माण अगाडि बढ्ने भनिएकामा ३ महिना पर धकेलियो।

भेटवालले लगानी जुटाएर २२ साउन ०७३ मा भारतको चेन्नईबाट निर्माण उपकरण र सामग्री भित्र्याएपछि महानगरले सोही महिना ३० साउनमा कम्पनीलाई काम अघि बढाउन



^ निर्माणाधीन काठमाडौँ भ्यू टावर र निर्माणको जिम्मा लिएका ठेकेदार मनोज भेटवाल (इन्सेटमा)

सरोज बैजु

कार्यादेश दिएको थियो । केही महिना काम थालिएकामा त्यसको एक वर्षसम्म ठप्प रहृयो ।

त्यसअघि वार्षिक ५० लाख रुपैयाँ रोयल्टी बुझाउने सर्तमा अस्थायी बसपार्कको व्यवस्थापन जिम्मा भेटवाललाई दिइएको थियो । भेटवाल बसबाट शुल्क उठाउँछन् । उनी अस्थायी बसपार्कमा सटर बनाएर कमाउ धन्दामा लागे । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को निर्देशनमा १४ वैशाख ०७६ मा ५१ सटर भत्काइएको थियो । सम्झौतामा भने '३-३ वटा टिकट काउन्टर र यात्रु प्रतीक्षालय तथा १-१ वटा सार्वजनिक शौचालय, क्यान्टिन र औषधी पसल मात्रै निर्माण गर्न पाउने' उल्लेख छ ।

बैंक र स्वदेशी व्यवसायीले नपत्याएपछि भेटवाल विदेशस्थित नेपालीकहाँ पुगे । उनी बैंकिङ प्रणाली नभई हुन्डी कारोबार (विदेशी मुद्रा अपचलन) मा लागेको पत्ता पाएपछि राजस्व अनुसन्धान विभागले १५ साउनमा जिल्ला अदालत काठमाडौँमा मुद्दा दायर गरेको छ । सिंगापुरमा रहेका नेपालीलाई भ्यू टावरको एनिमेटेड भिडियोको प्रोजेक्ट देखाएर पैसा संकलन गर्न भेटवालले अभिताभ मल्टिप्रपोज प्रालिकी सञ्चालिका निशा गुरुङलाई प्रयोग गरेका थिए । विचाराधीन यो मुद्दामा भेटवाल, गुरुङसहित ४ जना प्रतिवादी छन् ।

तत्कालीन एपेक्स बैंकका कर्मचारीको मिलेमतोमा कमसल जग्गा धितो राखेर ११ करोड ९० लाखभन्दा बढी ऋण लिएको अभियोगमा उनी गत वैशाखमा पक्राउ परेका थिए । उनले उक्त ऋण उपत्यकामा आकासे पुल निर्माणका लागि इनोभेटिभ कन्सेप्ट नेपालका नामबाट लिएका थिए । यो ऋण एपेक्स बैंक नेपाल क्रेडिट एन्ड कमर्स बैंकमा मर्जर हुने सहमति भएपछि अनियमित तवरले प्रवाह गरिएको थियो ।

भेटवालका कम्पनी कर्जा सूचना केन्द्रको कालोसूचीमा छन् । केन्द्रले जलेश्वर-स्वच्छन्द-बिकोई बिल्डर्स प्रालिलाई २५ चैत ०७४, १५ असार ०७५, २९ फागुन ०७५ र १७ जेठ ०७६ मा कालोसूचीमा राखेको छ भने जलेश्वर हाउजिङ प्रालि २ भदौ ०७६ मा कालोसूचीमा परेको छ । भेटवालकै इनोभेटिभ कन्सेप्ट नेपाल पछिल्लो पटक २६ मंसिर ०७५ र २३ साउन ०७६ मा कालोसूचीमा परेको छ । सम्बन्धित बैंकको सिफारिसमा कर्जा केन्द्रले भाकाभित्र ऋण चुक्ता नगर्ने कम्पनी, व्यक्तिलाई कालोसूचीमा राख्ने गर्छ । त्यसबाहेक बैंकिङ कसुर लागे पनि कर्जा केन्द्रको कालोसूचीमा परिन्छ ।

भेटवाललाई प्रभु बैंक, एनआईसी एसिया बैंक र नेपाल क्रेडिट एन्ड कमर्स (एनसीसी) ले कालोसूचीमा राख्नुका साथै कर्जा केन्द्रमा सिफारिस गरेका थिए । साँवा र ब्याज तिर्न आनाकानी गरेपछि धितो रहेको झापा सुरुंगाको जग्गा र घर प्रभु बैंकले लिलामी गरिसकेको छ । ऋण नतिरेपछि यसअघि एनआईसी एसिया बैंकले भेटवालको इनोभेटिभ कन्सेप्ट नेपाल प्रालिको चलअचल सम्पत्ति जफत गरेको थियो भने एनसीसीले भेटवालको दमक-१७ स्थित कित्ता नम्बर ४८५ को जग्गा लिलामी गरेको थियो ।

भेटवालसँग भ्यू टावरमा साझेदारी गरेको जयराम लामिछानेको स्वच्छन्द निर्माण कम्पनीको काम पनि गतिलो देखिँदैन । भ्यू टावरमा २५ प्रतिशत सेयर रहेको यो कम्पनीले संखुवासभा र भोजपुर जोड्ने अरुण नदीको लम्सुवाघाटमा पुल बनाउने ठेक्का पाएको थियो, ०६७ मा । ०७२ भित्र निर्माण सम्पन्न गरिसक्नुपर्नेमा ठेकेदार भने कामै नगरी मोबिलाइजेसनको रकम लिएर बसेका छन् । भ्यू टावरमा २४ प्रतिशत साझेदारी गरेको अर्को कम्पनी हो, बिकोई बिल्डर्स प्रालि ।

महानगर मौन

३ वटा बैंकको कालोसूचीमा रहनुका साथै २ वटा मुद्दा खेपिरहेका भेटवालले ३० साउन ०७८ भित्र १२ तले भ्यू टावर ठड्याउनुपर्ने हुन्छ । समय आधा बढी घर्किंदा पनि भूमिगत संरचनाको कामै सकिएको छैन । हाल जमिनमुनि पाइलिङको काम भइरहेको छ ।

परियोजना अगाडि बढाउँदा कार्यतालिका पनि स्वीकृत गर्नुपर्छ । पछि सोही कार्यतालिकाअनुसार काम भए/नभएको अनुगमन गर्ने व्यवस्था हुन्छ । तर महानगरपालिकाले स्वीकृत गरिएको भनिएको कार्ययोजना 'गायब' पारिएको छ ।

भेटवाल भन्छन्, "अब ४ महिनापछि आउनुहोला, प्रगति देख्नुहुन्छ ।" अबको ४ महिनामा बेसमेन्ट बनिसक्ने उनको तर्क छ । तर टावर निर्माणको प्रगति कति भयो, महानगरपालिकालाई समेत थाहा छैन । महानगर, सार्वजनिक-निजी साझेदारी इकाइका प्रमुख ध्रुव काफ्ले भन्छन्, "पछिल्लो समय काम त भइरहेको छ तर प्रगति हामीलाई पनि थाहा छैन ।" भेटवाल भूमिगत संरचना बनाउन स्रोत जुटाइसकेको र जमिनमाथिको संरचना निर्माणका लागि बैंकले ऋण दिने भन्दै महानगरलाई आश्वस्त पारिरहेका छन् । लगानीको स्रोत खुलाउन त चाहेनन् तर उनले भने, "अब लगानीको समस्या रहेन, यो प्रोजेक्ट ढिलो हुँदा मलाई नै घाटा भइरहेको छ ।"

भ्यू टावर अनिश्चित बन्दासमेत महानगर तत्काल भेटवालविरुद्ध कुनै कारबाही गर्ने पक्षमा देखिँदैन । ठेकेदार कम्पनीसँग लिखित प्रतिबद्धतासमेत लिइएको छैन । टावर निर्माणको प्रगति, गुणस्तर थाहा हुन नसकेकाले स्वतन्त्र इन्जिनियरको समूह गठनको माग गर्दै सार्वजनिक-निजी साझेदारी इकाइले पत्र पठाएको एक वर्ष बित्दासमेत महानगर, कार्यपालिका चुप बसेको छ ।

महानगरका प्रवक्ता ईश्वरमान डंगोलले स्वतन्त्र इन्जिनियरको समूह गठन गरेर अध्ययन गराउने र त्यसले दिने प्रतिवेदनअनुसार अघि बढ्ने बताउन थालेको एक वर्ष बितिसक्यो तर प्रगति भएको छैन । कम्पनीसँग सीधै ठेक्का रद्द गर्दा ठेकेदार अदालत जान सक्ने भएकाले

कम्पनीसँग प्रक्रिया पुऱ्याउनुपर्ने हुन्छ । स्वतन्त्र इन्जिनियरको समूह नियुक्त गरी अध्ययन अगाडि बढाए उसको प्रतिवेदनको आधारमा 'आवश्यक देखिए सम्झौता खारेज पनि हुन सक्छ' । समितिमा महानगर र कम्पनी दुवैतर्फका प्रतिनिधिसमेत रहने व्यवस्था छ । वडाध्यक्षसमेत रहेका प्रवक्ता डंगोल भन्छन्, "सम्झौता नसकिँदै एकपक्षीय ठेक्का रद्द गर्दा क्षतिपूर्ति पनि दिनुपर्ने हुन सक्छ, त्यसैले अहिले नै एक्सन लिन नसकिएको हो, अध्ययनका लागि विज्ञ नियुक्तिको निर्णय भइसकेको छ । अब अगाडि बढ्छ होला ।"

सम्झौताअनुसार कम्पनीले ३ अर्ब ५० करोड लगानीमा टावर बनाएर ३० वर्षसम्म चलाउनेछ । भूमिगत पहिलो तलामा बस पार्किङ स्थल रहनेछ भने भूमिगत दोस्रो तलामा हलुका गाडीको पार्किङ, व्यवस्थित चलचित्र कक्ष, पौडी पोखरी, खाजाघर, बैंक तथा वडा कार्यालयसमेत रहने विस्तृत परियोजना अध्ययन प्रतिवेदन (डीपीआर) मा उल्लेख छ ।

महानगरको वडा नं २८ अध्यक्ष भाइराम खड्गी ठेकेदार कम्पनीले भ्यू टावरको नाममा पुरानो बसपार्क ओगटेको वर्षौं बित्दासमेत वडा कार्यालयले केही गर्न नसकेको बताउँछन् । "भ्यू टावर बन्ने क्षेत्र यतै (वडा नं २८ मा) पर्छ तर हामीसँग कुनै कागजात छैन," उनी भन्छन्, "महानगरसँग पटक-पटक सम्झौतासहितका कागजात माग्दासमेत नपाइएपछि लिखित निवेदन दिएका छौं ।"

भेटवालले १० वटा आकासे पुलमा रहेका सटर भाडामा दिएर (कलंकीको पुल चक्रपथ विस्तारको क्रममा भत्काइसकिएको छ) वार्षिक साढे ४ करोड रुपैयाँ आम्दानी गरिरहेका छन् । १० वैशाख ०६७ मा भएको पुनः सम्झौताअनुसार कम्पनीले महानगरलाई वार्षिक २२ लाख (प्रत्येक ५ वर्षमा ३ प्रतिशतले बढ्ने गरी) रोयल्टी बुझाउनुपर्ने हुन्छ । कलंकीको पुल भत्काएको विषयलाई लिएर भेटवाल अदालत पुगेका छन् । उनले ०७२ वैशाखयता रोयल्टी बुझाएका छैनन् । ३ वर्षको बक्यौता (जरिवानाबाहेक) करिब ६८ लाख पुगेको छ । ने

पुगेको छ । जस्तो, माई खोलाको दुधाडबेंसीमा निर्माण गर्नुपर्ने पुल ६ वर्षसम्म बनेको छैन । यो पुलको लागत ६ करोड रुपैयाँभन्दा बढी थियो । अनि, इलामकै राजदुवाली, चिसावापी, दानाबारी-शनिश्चरे सडक खण्डमा पर्ने डेढ करोड रुपैयाँ लागतको अर्को पुल पनि ८ वर्षदेखि अलपत्र छ । यो पुल असार ०७३ मै सक्नुपर्ने थियो । असार ०७४ मै सक्नुपर्ने अर्को पुलको काम थियो, धनकुटाको सागुरीगढीस्थित लेउती खोलाको पक्की पुल । करिब ७ करोड लागतको त्यो पुल पनि ठेकेदार कुन्सालिङ, बिरुवा र सारासृष्टि निर्माण कम्पनीले समयमै बनाएनन् ।

पुलमाथि पप्पुको बदमासीको घटनासँगै जोडिने प्रसंग हो, जयराम लामिछानेको ठेक्का प्रकरण । कांग्रेस नेतासमेत रहेका लामिछानेको स्वच्छन्द निर्माण कम्पनीले काठमाडौंको बुढानीलकण्ठ क्षेत्रको बाटो निर्माणमा ठेक्का त लियो तर काम गरेन । पेटी ठेक्कामा गए । अर्थात्, लामिछानेले राम अवतार नाम गरेका अर्का ठेकेदारलाई जिम्मा दिए । भौतिक मन्त्रालयको अनुगमनले खोलेको तथ्य के भने 'क' वर्गको ठेकेदार कम्पनी स्वच्छन्दले 'घ' वर्गको ठेकेदारलाई काम दिएको रहेछ । "मन्त्रालयको अनुगमनमा 'क' वर्गको कम्पनीले 'घ' वर्गको ठेकेदारलाई काम दिएको भेटिएको छ । यसले गुणस्तरमा प्रश्न उठाउँछ" सहसचिव ज्ञवाली भन्छन् ।

ठेकेदारीको पुरानो प्रथा हो, पेटी ठेक्का । कतिपयले भने जेभीको नाममा पनि ठेक्कामा सौदाबाजी गर्छन् । जस्तो, पप्पुले नेपाल प्रगतिसँग मिलेर सिन्धुलीमा पुल निर्माणको जिम्मा लियो भने बास्तीलाई जोडेर तिनाउ खोला र डन्डा खोलाको पुल जिम्मा लियो ।

निरीह सरकार

०७६ वैशाखयताका आठ महिनामा प्रधानमन्त्री ओलीले तीन पटक ठेकेदारको काम गराइमा प्रश्न उठाए । जस्तो, १७ वैशाख ०७६ मा नेकपा संसदीय दलको बैठकमा ओलीले ठेकेदारको क्षमता र नियतमै प्रश्न उठाए । प्रधानमन्त्रीले क्षमता नभएका ठेकेदारले धेरै ठेक्का लिने अनि पेस्की रकमले अन्यत्र काम गर्ने प्रवृत्तिमाथि पनि टिप्पणी गरेका थिए । अर्का अध्यक्ष प्रचण्डका घरबेटी अर्थात् ठेकेदार शारदाप्रसाद अधिकारीमाथि कटाक्ष गर्दै त्यस दिन ओलीले भनेका थिए, 'काठमाडौंको वरिपरि साँखु जाने बाटो होस् कि चाँगुनारायण जाने बाटो या नागढुंगा-कंलकी जाने बाटो होस्, विभिन्न बाटा एउटै मान्छेले ठेक्का लिएको छ, काम गर्दैन । सायद उसको क्षमता पनि छैन, एकैचोटि त्यत्रो काम गर्ने ।' अधिकारीमाथि प्रश्न त उठाए तर उनको ठेक्का तोड्ने तागत सरकारसँग भएन ।

प्रधानमन्त्री ओलीको दोस्रो अभिव्यक्ति आयो, ७ असोज ०७६ मा । राष्ट्रिय योजना आयोगको त्यस कार्यक्रममा उनले भनेका थिए, 'समयमा काम नगर्ने ठेकेदारमाथि राजनीति संरक्षण छ, आइन्दा त्यस्तो हुँदैन ।' काम गराइप्रति रुष्ट ओली ९ मंसिर ०७६ मा पनि ठेकेदारप्रति आलोचक देखिए । त्यस दिन ओलीको भनाइमा दुइटा सन्दर्भ जोडिएका थिए । एक- भर्खरै मन्त्रिपरिषद् पुनर्गठन भएको थियो । र, ठेकेदारको पक्षमा रहेका भनिएका भौतिक, पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठ हटाइएका थिए । दुई- प्रचण्डका घरबेटी अधिकारीविरुद्ध भक्तपुर-नगरकोट क्षेत्रका स्थानीय आन्दोलित थिए । २५ कात्तिक ०७६ मा अधिकारीको फोटो सार्वजनिक यातायातमा टाँसेर 'काम नगर्ने ठेकेदार' भन्दै बदनाम गरियो । त्यो आन्दोलनको सिको दोलखा पुग्यो ।

समयमै चरीकोट सडक खण्ड निर्माण नगरेका ठेकेदार दीपक सापकोटाविरुद्ध पनि अधिकारी-शैली अपनाइयो । त्यही समय मन्त्री फेरिएकाले ओलीको भनाइ अलिक कडा आउनु

"सरकारले जग्गा प्राप्ति, ईआईए, साइट क्लियरेन्सजस्ता मुद्दा नटुंग्याई ठेक्का दिँदा कामले गति लिँदैन ।

– रवि सिंह

अध्यक्ष, नेपाल निर्माण व्यवसायी महासंघ

स्वाभाविकै थियो । र, प्रधानमन्त्रीले मन्त्री तथा सचिवहरूसँगको छलफलमा काम नगर्ने ठेकेदारलाई भटाभट कारबाही गर्न सुझाए । तेस्रो पटक आइपुग्दा ओलीले काम नभएका आयोजना र काम नगर्ने ठेकेदारको सूची १५ दिनभित्र तयार गर्न मन्त्रीलाई निर्देशन दिए ।

८ महिनाको बीचमा प्रधानमन्त्री ओलीले मात्रै तीन पटक ठेकेदारको ढिलासुस्ती र नियतमाथि प्रश्न उठाए । कारबाही भने भएको छैन । अहिलेसम्म भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले काम नगर्ने ठेकेदारको सूची तयार गर्नसमेत सकेको छैन । प्रधानमन्त्रीको निर्देशनअनुसार २४ मंसिरमा सूची तयार भइसक्नुपर्ने थियो । तर मन्त्री वसन्त नेम्वाङ मन्त्रालयले अहिलेसम्म समयमा काम नसकिएका आयोजना र ठेकेदारको सूची तयार गरिरहेको दाबी गर्छन् । “मन्त्रालयको संरचना ठूलो भएको र आयोजना पनि प्रशस्त भएकाले समय लागेको हो,” मन्त्री नेम्वाङको दाबी छ, “दुई-चार दिनमा तयार हुन्छ ।”

मन्त्रालयका कर्मचारीको भनाइ पत्याउने हो भने कर्मचारी-ठेकेदारको मिलेमतोमा हुने ठेक्कालाई प्राप्त राजनीतिक संरक्षणले रोगी आयोजनाको संख्या बढ्दो छ । हुन पनि, दुई वर्षपहिला महालेखाले त्यस मन्त्रालयका ८ सय ७ वटा आयोजना रुग्ण भइसकेको बताएको थियो । ०७५ मा अख्तियारले गरेको अध्ययनमा १ हजार ८ सय ४८ आयोजना रुग्ण देखाएको थियो । यस्ता आयोजनाको संख्या बर्सेनि बढ्दो छ ।

सरकार कतिसम्म निरीह छ भन्नलाई ओलीका यी अभिव्यक्ति जति काफी छन्, त्यति नै गतिलो उदाहरण हो- चावहिल-साँखु सडक खण्ड । त्यो सडक खण्ड निर्माणले गति लिएको छैन तर भौतिक पूर्वाधारमन्त्रीको निरीक्षण नियमितजस्तो भएको छ । पूर्वमन्त्री रघुवीर महासेठ सडक निर्माणमा गति दिन स्थलगत निरीक्षणमा चार पटक पुगे । ठेकेदारलाई निर्देशन दिए- तत्काल काम सक्न । तर वर्तमान भौतिकमन्त्री वसन्त नेम्वाङ २६ मंसिर ०७६ मा पूर्वप्रधानमन्त्री माधव नेपालसँगै बाटो निरीक्षण गर्न पुगे । र, उही निर्देशन दोहोरियो- तत्काल निर्माण सम्पन्न गर्न । विभागीय मन्त्रीकै निर्देशन ठेकेदारले किन टेर्दैनन् ? मन्त्रालयका एक कर्मचारीको भनाइमा ठेकेदारको राजनीतिक कनेक्सन र कमिसनको चक्करको परिणाम हो, यो । ती कर्मचारीको दाबीमा महानिर्देशक र आयोजना प्रमुखका लागि चलखेल हुने ठूलो धनराशिले ठेकेदारको संरक्षण प्रवृत्ति बढ्दा सडक, पुलको गुणस्तर भने घटाएको छ ।

गृहमन्त्री भएलगत्तै ०७४ मा रामबहादुर थापाले समयमा काम नगर्ने ठेकेदारमाथि कारबाही अभियान चलाए । करिब ३ सयजति साना ठेकेदार कारबाहीको दायरामा तानिएका थिए । तर जब ठूला ठेकेदारमा मन्त्री थापाले नजर लगाए, प्रधानमन्त्री ओली र अध्यक्ष प्रचण्डको दबाबमा अभियानै स्थगित भयो । मन्त्री थापा काम नगर्ने ठेकेदार शारदाप्रसाद अधिकारीलाई पक्राउ गर्ने सुरमा थिए । त्यसको सुइँको पाएका प्रचण्डले मन्त्री थापालाई निवासमै बोलाएर ठेकेदारमाथि कारबाही अभियान स्थगित गर्न दबाब दिए । त्यही बेला भौतिक पूर्वाधारमन्त्री रघुवीर महासेठ ठेकेदारको पक्षमा वकालत गरिरहेका मात्र थिएनन्, तिनको ज्ञापनपत्र बुझ्दै संरक्षणको जिम्मा लिने आश्वासन दिइरहेका थिए ।



ठेकेदारको दबाबमा ०७६ मात्रै तीन पटक नियमावली संशोधन भयो । तेस्रो संशोधनले आउँदो २२ जेठ ०७७ सम्म काम हुनेलाई मात्रै म्याद थप्ने व्यवस्था गऱ्यो । त्यसको विरोध गर्दै ठेकेदारहरू आन्दोलनमा छन् र म्याद हटाउनुपर्ने तर्क तिनको छ । त्यसबाहेक उनीहरू कम्पनीलाई कालोसूचीमा राख्न नहुने र म्याद थप गर्दा ५० प्रतिशत मात्र थप्ने व्यवस्थासँग पनि असन्तुष्ट छन् ।

महासंघका अध्यक्ष रवि सिंह तेस्रो संशोधनले निर्माण क्षेत्रमा समस्या पारेकाले आन्दोलित भएको दाबी गर्छन् । ठेक्का अवधिको ५० प्रतिशतभन्दा बढी समय थप्न नमिल्ने व्यवस्थाले समयमै काम नसकिएका करिब २ हजार २ सयभन्दा बढी ठेक्का सम्झौता प्रभावित हुन्थे । र, धेरै ठेकेदार कालोसूचीमा पर्ने थिए । अध्यक्ष सिंहको तर्क छ, “सरकारले जग्गा प्राप्ति, ईआईए, साइट क्लियरेन्सजस्ता मुद्दा नटुंग्याई ठेक्का दिँदा कामले गति लिँदैन ।” गुणस्तरहीन निर्माणमा भने सिंहले सरकारलाई दोष देखाउँछन् । भन्छन्, “ठेकेदारले तोकिएको मापदण्डमा बनाउने हो, सरकारले बनाएको मापदण्डमै समस्या हुन्छ त हामी के गरौं ?” ने

संघीयताको प्रभाव नाप्ने

चेतन अधिकारी

नेपालमा गणतन्त्र आएयताको पहिलो राष्ट्रिय जनगणना हुँदै छ, ०७८ मा। केन्द्रीय तथ्यांक विभागले 'मेरो गणना, मेरो सहभागिता' नारा तय गरेको छ। यस १२ औँ जनगणनालाई संघीय नेपालको आधार जनगणनाको रूपमा लिइएको छ।

हरेक जनताको घरदैलोमा सरकार पुग्ने एक मात्र कार्यक्रम जनगणना हो। यो जनताको घरदैलोमा सकेसम्म व्यक्तिगत रूपमै नभए पनि घरमूलीसँग प्रत्यक्ष अन्तर्वार्ता गरी वास्तविक सत्यतथ्य विवरण संकलन गर्ने बृहत् कार्य पनि हो, जनगणना। त्यस कारण यस जनगणनाले संघीय नेपालको वास्तविक मार्गचित्र प्रस्तुत गर्नेछ।

संवैधानिक व्यवस्थाअनुसार मौलिक हकको कार्यान्वयन अवस्था, समावेशी तथा समानुपातिक सिद्धान्त तथा विशेष अधिकारको समीक्षा र पुनरावलोकनजस्ता पक्षमा राष्ट्रिय जनगणनाबाट प्राप्त तथ्यांकले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नेछ। स्थानीय सरकार सञ्चालन ऐन, ०७४ ले व्यवस्था गरेको गाउँघरमा सिंहदरबार परिकल्पना कार्यान्वयन भए/नभएको मापन गर्न पनि आगामी जनगणना महत्त्वपूर्ण हुनेछ। प्रदेश र स्थानीय तहलाई आवश्यक पर्ने जनसांख्यिक, सामाजिक तथा वातावरणीय तथ्यांक उपलब्ध हुने गरी यस पटक तथ्यांक संकलन गर्ने केन्द्रीय तथ्यांक विभागको तयारी छ, जसबाट सरोकारवालाले तथ्यांकलाई राष्ट्रिय विकासमा आबद्ध गर्न सहज हुनेछ।

स्थानीय तहलाई नयाँ तथ्यांक : प्रदेश निर्माण र स्थानीय तह पुनर्संरचना गर्दा ०६८ सालको जनगणनाको नतिजा र त्यसका सूचकका आधारमा अनुमानित तथ्यांक बनाएर पालिकाहरू गठन भएका छन्। ०६८ मा राज्यका त्यसबेलाका संरचना विकास क्षेत्र, जिल्ला, महानगर, उपमहानगर, नगरपालिका र गाविसका आधारमा तथ्यांक संकलन गरिएको थियो। ती तथ्यांक संकलन गरिएको करिब ६ वर्षपछि ३ जेठ ०७२ मा संविधानसभाले संविधान जारी गरेसँगै नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेको हो। तथ्यांक विभागले त्यसबेला विकास क्षेत्रका तथ्यांकलाई प्रदेशगत रूपमा समायोजन गऱ्यो। यही तथ्यांकका आधारमा ०७४ सालको संघीय संसद् र प्रदेश संसद्का निर्वाचन क्षेत्र तोकिए। त्यसैगरी राज्य पुनर्संरचना आयोगले पनि उही पुराना तथ्यांकलाई अद्यावधिक गरेर गाउँपालिका र नगर, उपमहानगर र महानगरपालिका घोषणा गऱ्यो।

राज्य पुनर्संरचनापछि परिवर्तन भएको नेपालको चित्र भनेको सहरी जनसंख्या हो। ०६८ मा करिब १७ प्रतिशत भएको सहरी जनसंख्या नयाँ नगरपालिकाको उदयसँगै करिब ५९ प्रतिशत पुग्यो। नेपालको वास्तविक सहरी जनसंख्या यस्तै छ त? पक्कै छैन। यसका लागि वास्तविक सहरी तथा ग्रामीण क्षेत्रको जनसंख्याको अध्ययन गर्ने अवसरको रूपमा यस जनगणनालाई लिनुपर्ने हुन्छ। नगरपालिका गठनपछि करको दर बढेकोलगायत अन्य विविध शीर्षकमा आर्थिक बोझ थपिएको नयाँ नगरबासीको गुनासो छ।

आगामी जनगणनाले खासगरी हाम्रा नयाँ सहरी जनसंख्याको वास्तविक अवस्था के छ? उनीहरूलाई सडक, विद्युत्, सञ्चार, विद्यालय, स्वास्थ्य संस्था, सेवा केन्द्रसम्मको पहुँच र वडाको भौतिक संरचनाको वास्तविक अवस्थाबारे पत्ता लगाउनेछ, जसले तीनै तहका सरकारलाई सहरी क्षेत्र र त्यहाँका बासिन्दाबारे विकास निर्माणलगायत विविध संरचना निर्माणका लागि ठूलो सूचना उपलब्ध हुनेछ। यस जनगणनाले स्थानीय तहको गरिबी दर, बेरोजगारी दर, मानव विकास सूचकांकलगायत सुखी नेपाली समृद्ध नेपालको मापन गर्ने विभिन्न सूचक अनुमान गर्न ठूलो सहयोग पुग्नेछ।

जनगणनाले निर्वाचन क्षेत्रअनुसारको पनि जनसांख्यिक तथ्यांक उपलब्ध गराउने हुनाले सरकारलाई निर्वाचन क्षेत्रबारे पुनर्विचार गर्नुपर्दा र निर्वाचन क्षेत्रअनुसार संसद् विकास कोषको खर्च गर्न आवश्यक योजना तयार गर्न पनि सहज हुने देखिन्छ। यो जनगणना तथ्यमा आधारित विकास निर्माणमा जनसंख्या तथ्यांकलाई आबद्ध गर्ने संविधानको मर्मअनुरूप कार्य गर्न सहायक सिद्ध हुनेछ। यसले चुनावका बेला घोषणापत्र तयार गर्न र निर्वाचित भइसकेपछि त्यसैअनुसार कार्यक्रम र बजेटको विनियोजन गर्नसमेत सबै तहका सरकारलाई सहयोगी हुनेछ।

शक्ति विकेन्द्रीकरण प्रभावको दृश्य : आगामी जनगणनाले दिने सबभन्दा महत्त्वपूर्ण सूचना भनेको हामीले राज्य पुनर्संरचनापछि प्रयोग गरेको संघीय लोकतान्त्रिक गणतान्त्रिक प्रणालीको प्रभावकारिता हो। हामीले गाउँ-गाउँमा सिंहदरबारको अधिकारसहितका ७ सय ६१ सरकार बनाएका छौँ। नेपालमा यति ठूलो संख्यामा सरकार भएको पहिलो पटक हो। स्थानीय सरकारको अर्थ हरेक तहका जनता अधिकारसम्पन्न, सेवा-सुविधा र पहुँचमा छन् भन्ने बुझिन्छ। दैनिक कामकाजका लागि पहिलाका नगरपालिका र गाविसको सिफारिस बोकेर सेवा लिन जिल्ला वा केन्द्र धाउनुपर्ने बाध्यता हटेका छन्। ती पालिकाहरू आवश्यकताअनुसार सडक, बिजुली, सञ्चार विस्तार गर्ने,

जनगणना

आगामी जनगणनाले देखाउनेछ, मानिस संघीयतासँगै गाउँमै रम्दै छन् कि सहर पस्ने पुरानो प्रवृत्ति यथावतै छ ।

विद्यालय खोल्ने, स्थानीय स्रोत-साधन आफ्नै विवेकले प्रयोग गर्ने अधिकार पाएका छन् । गाउँगाउँमा व्यापारिक केन्द्र विकास भएका छन् । मानिसको चहलपहल त्यतातिर बढेको देखिन्छ । यस प्रकारका अधिकारको विकेन्द्रीकरणले जनसंख्याको बनावटमा खास परिवर्तन ल्याउँछ । आम मानिसले संघीयताको बहस सुरु गरेसँगै अपेक्षा गरेको कुरा के हो भने अब काठमाडौं र सदरमुकाममा केन्द्रित मानसिकता घट्छ र मानिस गाउँठाउँमै रम्नेछन् ।

संघीयताले अधिकारको मात्र नभई स्रोत र अवसरको पनि विकेन्द्रीकरण गरेको छ, जसले गर्दा अब हरेक गाउँहरू गुल्जार हुनेछन् । कम्तीमा पालिकाका केन्द्रमा साना-ठूला सहर बस्नेछन् भन्ने पूर्वानुमान हो । यसले हालसम्म भइरहेको गाउँबाट सहरको बसाइँसराइ, पहाडबाट तराईमा भइरहेको बसाइँसराइ र मोफसलबाट काठमाडौंतर्फ भइरहेको बसाइँसराइ रोक्नेछ भन्ने राजनीतिज्ञदेखि नीति निर्माताले कल्पना गरेको विषय हो । ०६८ को जनगणनामा काठमाडौंमा करिब १७ लाख ४४ हजार २ सय ४० मानिस बस्छन् । हरेक वर्ष ८१ हजार ९ सय ९ मानिस काठमाडौंमा थपिने गरेका छन् । यसको अर्थ काठमाडौंको जनसंख्या वृद्धिदर ४.७८ प्रतिशत छ । आगामी जनगणनामा त्यो प्रवृत्तिको घटबढको वास्तविकता पत्ता लाग्नेछ, जसले मानिस संघीयतासँगै गाउँमै रम्दै छन् कि सहर र काठमाडौं पस्ने पुरानो प्रवृत्ति यथावत राखेका छन् भन्ने कुराको झल्को दिनेछ ।



अघिल्लो जनगणनामा ताप्लेजुङदेखि दार्चुलासम्मका २७ वटा पहाडी र हिमाली जिल्लाको जनसंख्या वृद्धिदर ऋणात्मक अर्थात् घट्दो अवस्थामा देखाएको छ । त्यसको कारण बढ्दो बाह्य बसाइँसराइ दर नै हो । आगामी जनगणनामा यो अवस्था बदलियो भने हाम्रा स्थानीय तहले अधिकारसँगै जनताका आवश्यकता शिक्षा, स्वास्थ्य, रोजगार दिन सुरु गरेका रहेछन् भन्ने थाहा हुन्छ ।

मानिस खासगरी उन्नत जीवनको चाहनामा बसाइँसराइ गर्छन् । पहाडबाट तराई र गाउँबाट सहरमा हुने बसाइँसराइको बहाव यसैका लागि हो । यसैले गर्दा हाम्रा पहाडी र हिमाली जिल्ला रित्तिए, तराई र राजधानीका सहरमा मानिसको ठूलो भीड जम्मा भयो । यसले राजनीति, कृषि प्रणाली र सामाजिक बनावटमा ठूलो परिवर्तन ल्याइरहेको छ । विगतदेखि नै यही अवस्था रहँदा पहाड र हिमाली क्षेत्रमा निर्वाचन क्षेत्र घट्दै गए । तराईमा बढ्दै गए । कतिपय राजनीतिक दलले देशको यही अवस्थालाई बुझेर जनसंख्याका आधारमा निर्वाचन क्षेत्र हुनुपर्छ भन्ने जोडदार माग उठाए । यसले अमुक क्षेत्रले राज्यको नीति निर्माण तहमा पहुँच घटाउँदै लग्यो भने अमुक क्षेत्रको पहुँच बढाउँदै लग्यो ।

यस प्रकारको बसाइँसराइ रोक्न र जनसांख्यिक सन्तुलन कायम गर्न पछिल्लो दस वर्षमा सरकारका तर्फबाट थुप्रै प्रयास भएका छन् । यही दशकमा मध्यपहाडी लोकमार्गको धेरै काम सकिएको छ । यसले पहाडी क्षेत्रको बसाइँसराइलाई घनीभूत रूपमा रोक्ने, रोजगारीका अवसर पहाडमै सिर्जना गर्ने, बाँझिएका खेतबारीमा आधुनिक र नगदे बालीको खेती गरिने र खेतबारीबाट किसानको उत्पादन बजारसम्म पुग्ने सुनिश्चित गरेको छ । यसबाट बसाइँसराइका कारण सिर्जित समस्या एक हदसम्म हल हुने विश्वास गरिएको छ । त्यति मात्र होइन, बसाइँसराइलाई रोक्नकै निम्ति सरकारले मध्यपहाडी लोकमार्गमा १६ वटा ठूला सहर विकास गरिरहेको छ । जनगणनाले स्थानीय तहबीचको बसाइँसराइका प्रवृत्ति मापन गर्नेछ । यसले स्थानीय तहलाई जनसंख्या व्यवस्थापन र युवाको पलायन हुने प्रवृत्तिलाई समेत सम्बोधन गर्ने नीति निर्माणमा सहयोग पुग्नेछ । अझै पनि गाउँ छाडी सहर जाने यथावत देखिए तीनै तहका सरकारलाई विकास र स्रोतको बाँडफाँटमा व्यापक परिवर्तन गर्नुपर्ने पृष्ठपोषण प्राप्त हुनेछ ।

आगामी राष्ट्रिय जनगणना संघीय संरचनामा एक अवसरको रूपमा रहे पनि केही चुनौती भने छन् । तीन सरकार सञ्चालनमा छन्, तीन वटै आवधिक योजना तयार भएका छन् । व्यक्ति, नागरिक, समुदाय, संघसंस्था, अन्तर्राष्ट्रिय समुदाय, सरकार सबैलाई आवश्यक तथ्यांक जनगणनाले मात्र उपलब्ध गराउन सक्ने देखिएकाले पनि यसको माग अझ बढेको छ । मागअनुरूप सबै तथ्यांक जनगणनाबाट उपलब्ध हुन सकेको देखिँदैन । जनगणनाले पनि सबैको माग सम्बोधन गर्न सक्दैन । जनगणना संघीय सरकारको कार्यक्षेत्रभित्र पर्ने भए पनि तीनै तहका सरकारको सहयोग, समन्वय र सहकार्यबिना सफल हुन सक्दैन । वडा तहसम्म गुणस्तरीय र विश्वासिलो तथ्यांक उपलब्ध गराउनु विभागका लागि चुनौतीपूर्ण देखिन्छ । तीन समूह (लगत सूची, सामुदायिक र मूल प्रश्नावली) गरी सय वटा प्रश्नावलीमार्फत संकलन गरिने तथ्यांकलाई विश्वसनीय बनाउनु आफैंमा चुनौतीपूर्ण कार्य हो । यसअघिका जनगणनामा आधारभूत इकाइसम्मका तथ्यांक प्राप्त गर्न जनगणना सम्पन्न भएको करिब दुई वर्षसम्म पर्खनुपर्थ्यो । तर अब कसैले पनि बासी तथ्यांक पर्खेर बस्ने अवस्था छैन । प्रविधिको सहजतासँगै मानिसले सूचनाका लागि लामो समय पर्खन सक्दैनन् । "जन, वन, कृषि, उद्योग, प्राकृतिक स्रोतजस्ता सूक्ष्म तथ्यांकलाई जनसंख्या तथ्यांकसँग आबद्ध गराउनु, जनसंख्यालाई योजनासँग आबद्ध गराउनु, तथ्यांकको उपयोगमा स्थानीय तहको क्षमता विकास गर्नुजस्ता पक्ष जटिल छन्," केन्द्रीय तथ्यांक विभागको जनगणना शाखाका प्रमुख ढुण्डीराज लामिछाने भन्छन्, "यति हुँदाहुँदै पनि सही र विश्वासिलो तथ्यांक समयमै उपलब्ध गराउन हामी प्रतिबद्ध छौं ।" जनगणनाको विकल्प अरू कसैले गर्ने गणना वा सर्वेक्षण हुन सक्दैन । त्यसैले संघीयतामा जनगणनालाई एक अवसरको रूपमा लिई सबै क्षेत्रको सहयोग र सहकार्य हुनु आवश्यक छ । ने

13th
SOUTH ASIAN GAMES - 2019
Coca-Cola

यो शान हाम्रो

आयोजनासँगै पदकमा पनि नेपाल सफल

पवन आचार्य

नेपालले भाग लिएको २६ खेलमध्ये सुटिङलाई बिर्सने हो भने १३ औं संस्करणको दक्षिण एसियाली खेलकुद आयोजनाको हिसाबले मात्रै होइन, प्रदर्शनका आधारमा पनि सफल हुन गयो। खेलसामग्री समयमै आई नपुग्दा सुटिङ मात्रै एउटा यस्तो अभागी खेल भयो, जसले १३ औं सागमा नेपाललाई कुनै पनि पदक दिलाएन। सुटिङका लागि आवश्यक बन्दुक र गोली खेल सकिएको पर्सिपल्ट मात्रै नेपाल आइपुग्दा खेलाडीले विदेशी प्रतिस्पर्धीसँग सामान मागेर भाग लिए।

यसअघि सन् १९९९ मा आठौं संस्करणको साग खेल आयोजना गर्दा १२ खेलबाट नेपालले कीर्तिमानी ३१ स्वर्ण जितेको थियो। यस पटक २६ खेलबाट नेपालले ५१ स्वर्ण भित्र्यायो। यसै संस्करणमा नेपालले सागमा १ सय स्वर्ण पनि पार गर्‍यो। र, सागमा १ सयौं स्वर्ण दिलाउने खेलाडी बने, तेक्वान्दोका सक्षम कार्की। यस पटक नेपालले १३ खेलमा स्वर्ण जित्ने कीर्तिमान पनि बनायो। स्वर्णवहार १३ औं सागमा यसरी छायो कि यसअघि कास्य र रजतको लेखाजोखा गर्ने गरिएकामा यस पटक स्वर्णको मात्रै हिसाबकिताब राखेजस्तो भयो। नेपालले जितेको कुल २ सय ६ पदकमा ६० रजत र ९५ कास्य रह्यो। सागको पदक तालिकामा नेपाल दोस्रो स्थानमा उभिएको यो दोस्रो पटक हो। यसअघि यस्तै सफलता आठौं सागमा मात्रै मिलेको थियो।

अन्तिम समय आएर तयारी तीव्र पारिए पनि केही कमजोरीका बाबजुद साग सफलतापूर्वक आयोजना भयो। काठमाडौंमा २४ मंसिरमा सम्पन्न १३ औं सागको समापन समारोहमा आगामी संस्करणको आयोजक पाकिस्तानका ओलम्पिक कमिटीका अध्यक्ष शैयद आरिफ हसनले प्रतियोगिता अहिलेसम्मकै सर्वोत्कृष्ट भएको बताए। यसबाट पनि आयोजक राष्ट्रका रूपमा नेपाललाई सफलै मान्न सकिन्छ। उनले १४ औं सागलाई पनि यस्तै भव्य बनाउने प्रयास गर्ने बाचा गरे।

इलिट जोशी

13th SOUTH ASIAN GAMES-2019

‘मलाई नेपाली होइन भन्न कहाँ पाइन्छ !’

‘गोल्डेन गर्ल’ गौरिका सिंहका नलेखिएका कथा

बेलायतमा बस्ने छोरी गरिमा र ज्वाइँ पारस सिंहलाई भेट्न ससुरा लोकभक्त राणा र सासू कविता राणा बेलाबेला उता गइराख्थे । चिसो बिहान पनि सबेरै कलिली नातिनी गौरिकालाई उठाएर स्विमिङ खेल्न छोरीले लैजाँदा हजुरआमाको मन साह्रै कुँडिन्थ्यो ।

स्विमिङ पुलको पानी र क्लोरिनले गर्दा गौरिकालाई एक्जिमा भयो । शरीरका छालामा कडा फोकाजस्तो देखिन थाल्यो । नातिनीको अवस्था देखेर हजुरआमा कविताले एक रात भनिन्, ‘तिमीलाई स्विमिङ खेल्न मन छैन भने मलाई भन । म तिम्रो बुबाआमालाई सम्झाउँछु । यसरी आफैँलाई गाह्रो हुने काम नगर ।’

तर नातिनी गौरिकाले स्विमिङ खेल्न मन लाग्ने र परिवारको करले मात्रै नभएर आफैँ यसमा लागेको बताएपछि हजुरआमाका आँखा रसाए । त्यतिबेला नातिनीको मायाले रसाएको कविताको आँखा यस पटक भने दक्षिण एसियाली खेलकुद सागको एकै संस्करणमा ४ स्वर्ण जित्ने कीर्तिमान आफ्नै आँखाअगाडि बनेपछि झन् बढी रसाए ।

सागको १३ औँ संस्करण नेपालमा आयोजना हुने भएपछि गौरिका थप हौसिएकी थिइन् । अघिल्लो संस्करणमा रजत पदकमा अड्किएको स्वर्णिम सपनालाई आफ्नै घरमा हुने प्रतियोगितामा पूरा गर्न उनी चाहन्थिन् । तर नेपालमै केही यस्ता व्यक्ति पनि थिए, जो गौरिकाले प्रतियोगितामा भाग लिएकामा भन्दा नलिएकामा खुसी हुन्थे । आफ्नो देशका लागि स्वर्ण जित्ने गौरिकाको सपनाको अघि कसैको केही चलेन । अन्ततः उनले प्रतियोगितामा भाग मात्र लिइनन्, कीर्तिमानको ओइरो नै लगाइन् ।

भन्छिन्, "नेपालमा प्रशिक्षण गरेर स्वर्ण ल्याउन गाह्रो हुन्छ । खर्च पनि धेरै हुन्छ । तर मेरा बाआमाले लगानी गरेर विश्वस्तरीय प्रशिक्षण उपलब्ध गराएर देशका लागि मेडल ल्याउँछु भन्दा किन अरूको चित्त दुख्छ, म बुझ्दिनँ ।"

सागअघि बेलायतमै प्रशिक्षणरत हुँदा उनको बायाँ काँधमा चोट लाग्यो । त्यही चोटले सागको प्रदर्शनमा असर गर्ने हो कि भन्नेमा उनीभन्दा आमा गरिमा बढी चिन्तित थिइन् । फिजियोथेरापिस्टकहाँ लैजाने र उपचार गराउने काममा गरिमा नै सक्रिय भइन् । काठमाडौँ ओर्लिएपछि हजुरबुबा र हजुरआमाले पनि दैनिक मालिस गरिदिए । यस मानेमा पनि आफूलाई भाग्यमानी ठान्छिन्, गौरिका ।

"कतिपय खेलाडीलाई परिवारबाट साथ र सहयोग हुन्न । तर म त भाग्यमानी हुँ," उनले भनिन्, "मेरा लागि खटिदिने बाआमा, हजुरबुबा र हजुरआमा पाएकी छु । म राम्ररी निदाओस् भनेर आमाले आफ्नो निद्रा बिगार्नुभएको छ । प्रतिस्पर्धा गर्दा मलाई हौस्याउन स्विमिङ पुलमा आउने नेपाली फ्यान पाउँदा झन् बढी भाग्यमानी महसुस गर्छु ।"

यस पटक सागमा केही यादगार प्रदर्शन गर्नुपर्छ भन्ने गौरिकाको मनमा थियो । तर सातदोबाटोको स्विमिङ पुलमा प्रतिस्पर्धा सुरु हुने अघिल्लो दिनसम्म पानी चिसै भएपछि उनले त्यहाँ अभ्यास गर्न सकिनन् । "हिटिङ पुल भने पनि पानी चिसो हुँदा मन डराएको थियो । तर भोलिपल्टबाट पानी तात्यो र पौडिन सजिलो भयो," उनले सुनाइन् ।

पहिलो स्वर्णभन्दा पनि दोस्रो आफ्ना लागि बढी यादगार भएको उनको अनुभव छ । दोस्रोमा कम्पिटिसन पनि ज्यादा भएकाले त्यो क्षण नभुल्ने उनले बताइन् । तेस्रो र चौथो जित्दा भने आफ्नो राष्ट्रका लागि केही गर्नुपर्छ भन्ने भावनाले प्रेरणा दिएको उनले सुनाइन् ।

"म विदेशमा बस्छु भन्दैमा नेपालको होइन भन्छन् । त्यो सुन्दा साह्रै नरमाइलो लाग्छ । मेरा बाआमा र मेरो पनि नेपालकै पासपोर्ट हो । म पनि नेपाली नै हुँ । मैले जितेको पदक पनि नेपाल र नेपालीकै लागि हो," भावुक मुद्रामा उनी प्रस्तुत भइन् ।

सानो मिहिनेतले गौरिका यो स्थानमा आएकी हैनन् । औसत मानिसले दैनिक हिँड्ने दूरीभन्दा बढी त गौरिकाले स्विमिङ पुलमा पौडिन्छिन् । बुबा पारस भन्छन्, "दैनिक ८ किलोमिटर स्विमिङ त यिनले अभ्यास मात्रै गर्छिन् । एक दिनमा ९ सेसन स्विमिङ क्लास लिनुपर्छ । छोरीको मिहिनेत देख्दा म आफैँ अचम्मित हुन्छु ।" तर गौरिका घरपरिवार, प्रशिक्षक र आफ्ना टिमका सदस्यहरूको सहयोगले मात्रै सफलता प्राप्त भएको सुनाउँछिन् ।

सन् २०१६ को रियो ओलम्पिककी कान्छी ओलम्पियन गौरिकालाई २५ मंसिरमा प्रधानमन्त्री निवास बालुवाटारमा अन्य खेलाडीसँगको भेट झन् अविस्मरणीय लागेको छ । मार्चपासमा धेरै खेलाडीसँग बोलचाल नभए पनि २५ मंसिरमा तेक्वान्दो क्विन आयशा शाक्यसँग भएको कुराकानीले उनमा थप ऊर्जा भरेको छ । "उहाँले दुईटा बच्चा पाएर पनि स्पोर्ट्समा कमब्याक गर्नुभएको रहेछ । धेरैले त्यस्तो गर्न सक्दैनन्," उनले भनिन्, "उहाँसँग भेट्दा मलाई साह्रै खुसी लाग्यो । उहाँ त सबै नेपाली महिलाको रोल मोडल हो ।"

चार वटा स्वर्ण जितेर कीर्तिमान बनाए पनि उनी टिम गेम उत्तिकै महत्त्वपूर्ण भएको बताउँछिन् । "स्विमिङमा धेरै इभेन्ट हुने भएकाले एकभन्दा बढी गोल्ड मेडल आउँछ । हाम्रोमा हिट राउन्डपछि सीधै गोल्ड मेडल हुन्छ," उनी भन्छिन्, "तर टिम गेममा त धेरै राउन्ड खेलेपछि मात्रै गोल्ड मेडलको फाइट हुन्छ । कुनै पनि खेल आफैँमा सानो वा ठूलो हुँदैन ।"

सरकारले हरेक स्वर्णका लागि प्रदान गर्ने पुरस्कार राशिलाई लिएर गौरिका उत्साही छिन् । "मेरा लागि बाआमाले धेरै गर्नुभएको छ । पैसा पनि धेरै लगानी गर्नुभएको छ । यहाँ पाउने पैसा बेलायत लगेर म बाआमालाई थोरै भए पनि सघाउन चाहन्छु । एउटै स्विमसुट किन्न ३ सय पाउन्डभन्दा बढी पर्छ । एउटा स्विमसुट ९ पटकभन्दा बढी लगाउन मिल्दैन । स्विमिङ खर्चिलो खेल हो । त्यसैले बाआमाको खर्चमा सघाउन चाहन्छु," यसो भनिरहँदा हँसिली गौरिकाको मुहारमा सन्तुष्टिको छुट्टै आभा प्रकट भएको थियो ।

सागमा आफ्नो प्रदर्शनपछि सारा नेपालीले प्रशंसा गर्दा उनलाई खुसी लागेको छ । केही व्यक्तिले नेपाली हैन भने पनि अन्यले नेपाली छोरीको रूपमा बधाई दिँदा उनी गद्गद् छिन् । त्यसैले त पत्रकारले कंग्राचुलेसन वन्स एगेन भनेर कुराकानी सुरु गर्दा उनी भन्छिन्, "तपाईं मसँग नेपालीमा बोल्नुस् न । मलाई नेपाली आउँछ । म पनि नेपाली छोरी हो ।"

१३ औँ सागमा नेपालले केही यस्ता खेलबाट पदक भित्र्यायो, जुन खेलबाट आश गरिएको थिएन । महिला कबड्डीमा नेपालले ऐतिहासिक रजत जित्यो । अहिलेसम्म सागको फाइनलमा पुग्न नसकेकेको महिला टोली भारतसँग १३-५० ले पराजित भएर रजतमा सीमित भएको थियो । महिला खोखोमा पनि नेपालले ऐतिहासिक रजत जितेर खुसी तुल्यायो । पुरुषको स्पर्धामा नेपालले कास्यमा चित्त बुझायो ।

तेक्वान्दो र कराँते यस्ता खेल बने, जसले सर्वाधिक पदक दिलाए । तेक्वान्दोले १२ र कराँतेले १० स्वर्ण दिलाए, १३ औँ सागमा । यी दुई खेलबाट सागमा सहभागिता जनाएका सबै खेलाडीले नेपाललाई पदकविहीन हुनबाट जोगाए । उसुले ५ स्वर्ण दिलाउँदा निमा घर्तीमगर सागमा लगातार २ स्वर्ण जित्ने पहिलो उसु खेलाडी बनिन् । उनले अघिल्लो सागमा पनि नेपाललाई स्वर्ण दिलाएकी थिइन् । साइक्लिङले ४, एथ्लेटिक्सले ३, बक्सिङले ३, गल्फ, जुडो, ट्रायथलन, भारोत्तोलनले २-२ स्वर्ण दिलायो । फुटबल र कुस्तीमा पनि नेपालले १-१ स्वर्ण जित्यो । पौडीमा कीर्तिमानी ४ स्वर्ण जितिन्, गौरिका सिंहले । १ सय मिटर फ्रि स्टाइल, २ सय मिटर फ्रि स्टाइल, २ सय मिटर ब्याकस्ट्रोक र ४ सय मिटर फ्रि स्टाइलमा उनले स्वर्ण जितेर एकै संस्करणमा ४ स्वर्ण जित्ने कीर्तिमान बनाइन् । ५० मिटर ब्याकस्ट्रोक र १ सय मिटर ब्याकस्ट्रोकमा रजत जितेकी उनले ४ सय मिटर फ्रि स्टाइल रिले र ४ सय मिटर मेड्ले रिलेमा कास्य जितिन् । सागमा ४ स्वर्ण जित्ने खेलाडी दीपक विष्ट हुन् । उनले ८ औँदेखि ११ औँसम्म लगातार तेक्वान्दोमा स्वर्ण जितेका थिए ।

तेक्वान्दोका आयशा शाक्य र कराँतेका मण्डेकाजी श्रेष्ठले एउटै सागमा २-२ स्वर्ण जिते । त्यस्तै, युवा गल्फर सुवास तामाङले पनि पुरुष र टिमतर्फ स्वर्ण जितेर एकै संस्करणमा २ स्वर्ण जित्ने कीर्तिमान बनाए । बक्सिङमा २० वर्षपछि नेपालले स्वर्ण जित्दा भूपेन्द्र थापाले ६४ केजीमुनि तौल समूहमा आफूलाई अब्बल सावित गरे । १३ औँ साग बक्सिङका लागि अभूतपूर्ण रह्यो । बक्सिङले हात पारेको ३ स्वर्णमा मिनु गुरुङले ५४ केजी तौल समूहमा जितेको स्वर्ण खास बन्यो

जसले जिते स्वर्ण

पौडी

गौरिका सिंह
(२०० मिटर फ्रिस्टाइल, ४०० मिटर फ्रिस्टाइल,
२०० मिटर ब्याकस्ट्रोक, १०० मिटर फ्रिस्टाइल)

फुटबल

कराते

मन्डेकाजी श्रेष्ठ
(एकल काता, पुरुष)

निर्मला तामाङ,
सरु कार्की र संगीता मगर
(महिला टिम काता)

मन्डेकाजी श्रेष्ठ,
महसुस तामाङ र प्रवीण मानन्धर
(पुरुष टिम काता)

कुसुम खड्का
(४५ केजी महिला)

अनुपमा मगर
(६८ केजीमुनि महिला)

लक्ष्मण तामाङ
(कुमिते ४५ केजी)

विप्लवमान श्रेष्ठ
(८४ केजीमाथि)

नवीन रसाइली
(६७ केजीमुनि पुरुष)

अनु अधिकारी
(५० केजीमुनि महिला)

सुनीता महर्जन
(६७ केजीमुनि महिला)

साइक्लिङ

राजेश मगर
(डाउनहिल)



निस्मा श्रेष्ठ
(डाउनहिल)

लक्ष्मी
(क्रसकन्ट्री

एथलेटिक्स

सन्तोषी श्रेष्ठ
(महिला १०,००० मिटर दौड)

किरण सिंह बोगटी
(म्याराथन पुरुष)

तेक्वान्दो - पुम्से एकल

सिना मादेन लिम्बू
(१८-२३ वर्ष)

कमल श्रेष्ठ
(२४-२९ वर्ष)

पार्वती गुरुङ
(२४-२९ वर्ष)

आयशा शाक्य
(३० वर्षमाथि)

बक्सिङ

भूपेन्द्र थापामगर
(पुरुष ६४ केजी)

मिनु गुरुङ
(महिला ५४ केजी)

तेक्वान्दो - क्योरोगी

वीरबहादुर महरा
(६८ केजी मुनि)

काजल श्रेष्ठ
(४६ केजी मुनि)

संगीता वस्याल
(६२ केजी मुनि)

सक्षम कार्की
(८७ केजी माथि)

भूपेन श्रेष्ठ
(८७ केजी मुनि)

ट्रायथलन

सोनी गुरुङ
(इलाइट स्प्रिन्ट)

हिमाल टमाटा
(दुवाथलन)

तेक्वान्दो - पुम्से एकल

सन्जीवकुमार ओझा र आयशा शाक्य
युगल (३० वर्षमाथि)

तेक्वान्दो - पुम्से महिला टिम

नीता गुरुङ,
प्रशंसा क्षेत्री, सुशीला राई
(२३ वर्षमाथि)

सन्जिला तिमाल्सिना,
निशा दर्नाल, स्वस्तिका तामाङ
महिला (१८-२३ वर्ष)

कुस्ती

संगीता धामी
(महिला ५५ केजी तौलसमूह)

जुडो

देविका खड्का
(महिला ५२ केजीमुनि)

पुनम श्रेष्ठ
(महिला ७८ केजी)

मगर
२० किमि)

बुद्धिबहादुर तामाङ
(क्रसकन्ट्री २० किमि)

गोपीचन्द पार्की
(५००० मिटर दौड)

सनिल शाही
(पुरुष ६० केजी)

उसु

विजय सिंजाली
(थाउलु)

सुस्मिता तामाङ
(थाउलु)

दीपक हमाल
(नान छुवान अलराउन्ड)

निमा घर्तीमगर
(नान छनुवान, थाउलु)

जुनी राई
(५६ केजीमुनि सान्सौं)

गल्फ

सुभाष तामाङ
(व्यक्तिगत पुरुष)

सुभाष तामाङ, शुक्रबहादुर राई,
निरज तामाङ र टंकबहादुर कार्की
(टिम इभेन्ट पुरुष)

भारोत्तलन

सञ्जु चौधरी
(महिला ५९ केजी तौलसमूह)

विकास थापा
(८९ केजीमुनि)

किनभने नेपालले बक्सिङको महिला स्पर्धामा जितेको यो नै पहिलो पदक हो ।

यस्तै कीर्तिमान भारोत्तोलनले पनि बनायो । सञ्जु चौधरीले ५९ केजी तौल समूहमा स्वर्ण जित्दा उनी भारोत्तोलनमा स्वर्ण जित्ने पहिलो महिला खेलाडी बनिन् । कुस्तीकी संगीता धामीले पनि पहिलो पटक नेपाललाई स्वर्ण दिलाइन् । उनले स्वर्ण जितेको विधा ५५ केजी तौल समूहको थियो । नेपालले यस पटक जितेको स्वर्णमा अधिकांश महिला स्पर्धामा छ । अझ २ सन्तानकी आमा आयशाले तेक्वान्दोमा गरेको कमब्याक लोभलाग्दो र अन्य महिलाका लागि प्रेरणादायी छ ।

पुरुष फुटबलमा नेपाल चौथो पटक स्वर्ण जित्न सफल भयो । साढे ३ दशकपछि घरेलु भूमिमा फुटबलको स्वर्ण जित्नु मुख्य उपलब्धि रह्यो । नेपालले सन् १९८४ को पहिलो संस्करणको साफ गेम्समा फुटबलतर्फको स्वर्ण जितेको थियो । सन् १९९९ मा सम्पन्न आठौं सागमा नेपाल बंगलादेशसँग फाइनलमा १-० ले पराजित भएको थियो । नेपालले यो स्वर्णसँगै सागमा पाकिस्तानले जितेको ४ स्वर्णको पनि बराबरी गऱ्यो ।

१२ औं संस्करणको साग आयोजक भारतबाट १३ औं सागको झन्डा लिएर नेपाल फर्किंदा भूकम्पले तहसनहस पारेको भौतिक संरचनाबाहेक सरकारसँग अर्थोक केही थिएन । दशरथ रंगशालाको हालत खराब थियो । अन्य खेलस्थल पनि अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजनाका लागि लायक थिएनन् । तैपनि साग समयमै आयोजना गर्छौं भन्नचाहिँ राखेपको तत्कालीन नेतृत्वले छाडेन । त्यसबीच खेलकुद मन्त्रालयको नेतृत्व गर्ने ४ मन्त्री पनि फेरिए । सागको मिति दुई पटक सऱ्यो । तीन महिनाअघि नयाँ सदस्य-सचिवका रूपमा राखेपमा रमेशकुमार सिलवाल आए । उनले पनि उही रटान दोहोऱ्याए- साग समयमै सम्पन्न हुन्छ । तर उनलाई पत्याउने आधार तयार भइसकेको थिएन । अझ दशरथ रंगशालामै कुवेतविरुद्ध विश्वकप फुटबलको छनोटअन्तर्गत होम म्याच खेल्ने भनेर उनले गरेको वाचा पूरा भएन । बढी बोल्ने र काम कम गर्ने सदस्य-सचिवले भनेको कुरा पत्याउने अवस्था थिएन । तर दक्षिण एसियाली ओलम्पिक कमिटीको काठमाडौंमा बसेको बैठकले कुनै पनि हालतमा १३ औं साग नेपालमा तोकिएकै समय १५ देखि २४ मंसिरसम्म गर्ने निर्णय गरेपछि

अंगद ढकाल

साग आयोजनाको आशा पलायो। यसबीच फेरि सदस्य-सचिव सिलवालले नेपालले ५० स्वर्ण जित्ने दाबी गरे। त्यसलाई आधारहीन मान्नेहरू पनि निस्किए। त्यसो हुनुमा सिलवालले यसअघि गरेका दाबी समयमै सम्पन्न भएका थिएनन्।

तर साग आयोजना गर्न कुनै कसर बाँकी नराखेर सरकारले राखेपलाई पूर्ण सहयोग गऱ्यो। खेलाडीहरू वैदेशिक प्रशिक्षणमा पनि गए। विदेश नजाने खेलका लागि नेपालमै विदेशी प्रशिक्षकलाई बोलाइयो। खेलाडीको दैनिक भत्ता पनि बढ्यो। इन्डोनेसियाको एसियाडदेखि आठौं राष्ट्रिय खेलकुद र त्यसपछि बन्द-प्रशिक्षणमा बसेका खेलाडीबाट राष्ट्रले पदकको आश गर्नु स्वाभाविकै थियो। अघिल्ला संस्करणको प्रदर्शन हेर्दा ५० स्वर्ण टाढा त होइन भन्नेहरू भने पनि कम थिएनन्। तर खेलाडीको मिहिनेतले ५० स्वर्णको लक्ष्य पार भयो। अर्थात्, नेपालले सागमा ५१ स्वर्ण जित्यो।

सरकारले सागका विजेता खेलाडीका लागि विशेष प्याकेज घोषणा गर्ने बताएको थियो। साग सुरु हुनुअघि नै त्यस्तो प्याकेज घोषणा गर्ने भनिए पनि प्रधानमन्त्री केपी ओली अस्वस्थ भएपछि घोषणा कार्यक्रम पछि सऱ्यो। सोही कार्यक्रमका लागि पोखरा र जनकपुर पुगेका खेलाडीलाई रातारात काठमाडौं ल्याइएको थियो। सागअघि घोषणा गर्ने भनिएको विशेष प्याकेज सकिएको भोलिपल्ट आयोजना हुँदा पनि अपूरै रह्यो। कारण, सबै विधामा स्वर्ण, रजत र कास्य जित्नेले कति रकम पाउँछन् भन्ने खुलेन। प्रधानमन्त्री ओलीले स्वर्ण विजेतालाई ९ लाख, रजतलाई ६ र कास्य विजेतालाई ३ लाख दिने घोषणा गरे। त्यस्तै, एकभन्दा बढी स्वर्ण जित्नेलाई जनही ११ लाख दिइने घोषणा भयो। टिमतर्फ स्वर्ण जित्ने खेलाडीलाई जनही ५ लाख र प्रशिक्षकलाई ५ लाख दिने भनिए पनि रजत र कास्य विजेतालाई कति दिने भन्ने टुंगिन बाँकी छ।

इलिट जोशी

सागमा पाएको सफलताको जस लिन राखेपले तँछाडमछाड गरिरहँदा खेलाडीको मिहिनेत र प्रशिक्षकको लगाव छायामा परेको छ। साग आयोजनाको जस राखेपले र पदकको जस खेलाडी, प्रशिक्षक र सम्बन्धित संघले खेलाडीलाई उपलब्ध गराएको सुविधालाई दिए न्यायोचित हुन्छ। ने

सागको समग्र समीक्षा सुन्न पोडकास्ट : soundcloud.com/nepalmagazine
सागको प्याकेज पढ्न र हेर्न : nepalmag.com.np

KANTIPUR PUBLICATIONS PVT. LTD.

KMG
KANTIPUR MEDIA GROUP

नारी
म्यागेजीन
अब APP मा पनि



डाउनलोड गर्नुहोस्

GET IT ON
Google Play

सर्वोत्तम
नारी

फेरि आत्मश्लाघाकै डम्फु

यादव देवकोटा

'जननिर्वाचित प्रथम मेयर तथा न्यायाधीश जनकमान श्रेष्ठको जीवन गाथा' उपशीर्षक राखेर प्रकाशित ९१ वर्षीय जनकमान श्रेष्ठको *हराएको इतिहास* हालै बजारमा आएको छ । क्रान्तिकारी युवादेखि जननिर्वाचित प्रथम मेयरसम्म, बर्खास्त मेयरदेखि माननीय न्यायाधीशसम्म, साहसी न्यायाधीशदेखि स्मृतिमा सहाना प्रधान, स्मृतिमा चिनियालाल श्रेष्ठलगायत शीर्षक राखेर प्रकाशित पुस्तकले पाठकलाई अहिले सत्तामा झन्डै दुई तिहाई बहुमतसहित आसीन 'कम्युनिस्ट' पार्टीको आरम्भकालीन टिठलाग्दो अवस्थाबारे जानकारी दिन्छ । पुस्तकले सहिद गंगालाल, नेता पुष्पलाल, काठमाडौँ उपत्यकाको तत्कालीन जनजीवन, राजनीतिक खिचातानी, काठमाडौँ नगरको पहिलो मेयरको निर्वाचन र त्यसपछि विकसित घटनाक्रम, नेपालको पहिलो अन्तर्राष्ट्रिय सुपुर्दगी घटना, मेलमिलाप नीति लिएर बीपी स्वदेश फर्किएपछि उनीमाथि लगाइएको मुद्दा, बीपी, गणेशमानको बयान, त्यसमा राजनीतिक प्रतिशोध साँध्न शक्तिमा रहेकाहरूले दिएको दबाब र फैसलाबारे बुझ्न त्यसबारे जानकार प्रथम व्यक्तिको अनुभवको आँखीझ्याल उपलब्ध गराउँछ ।

पुस्तकमा उल्लिखित विवरणअनुसार गंगालाल, पुष्पलाल जनकमानका मामाका छोरा रहेछन् भन्ने थाहा हुन्छ । युवावयमै सहादतको बाटो रोजेका गंगालालबारे नेपाली समाजसँग रहेको निकै संक्षिप्त विवरणमा केही हरफ भए पनि थप्न उनको यो संस्मरणले सहायता गर्नेछ । गंगालाललाई गोली हानी हत्या गरेको खबर सुनी हेर्न गएका जनकमानले गंगालालको मृत अवस्थाको विवरण लेखेका छन्, 'विष्णुमती नदी किनारमा दुइटा बाँसको खम्बा गाडेर सो खम्बाको बीचमा गंगालाललाई उभ्याई दुवै हात नाडीदेखि पाखुरासम्मै डोरीले बाँधी दक्षिणतर्फ फर्काई दायाँ घुँडा, पेट र छातीमा गोली दागी हत्या गरिएको थियो ।' उनका माइला भाइ पुष्पलालले दागबत्ती दिनुअघि श्रद्धाञ्जली दिने क्रममा गंगालालको खुट्टा समाई ढोगेर दाइ म यसको बदला नलिई छोड्दिनँ भनी झन्डै दस मिनेट रोए ।' यसले पुष्पलाल किन सामन्ती व्यवस्थाविरूद्ध लागे र देशमा नागरिक सर्वोच्चता अपरिहार्य रहेको वकालत गरिरहे भन्ने बुझ्न सघाउँछ । पुस्तकले गणेशमान सिंह भारतमा बस्दा कृष्णबहादुर थापाको नाममा कारोबार गर्ने गरेको जानकारीसमेत दिन्छ ।

पुस्तक जनकमानको राजनीतिक र न्यायालयको यात्राको विवरणमा मात्रै संकुचित छैन । बरू काठमाडौँको समाज, विकास र अवस्थाको विवरणात्मक बयानले पाठकलाई उस बखतको नेपालको अवस्थाबारे जानकारी दिन्छ । उनी लेख्छन्, 'वसन्तपुरबाट टुँडिखेलसम्म पूर्वपश्चिम र इन्द्रचोकदेखि पुरानो नगरपालिका भवनसम्म उत्तर-दक्षिण चार लाइनको बाटो चौडा गरी मानिस हिँड्ने पेटी दायाँ-बायाँ राखी अर्धपक्की रोड बनाइएको थियो । प्रायः घरका झ्याल एउटै डिजाइनमा बनाउन लगाई जुद्धशमशेरको शालिक राखी जुद्धसडक नामकरण गरिएको थियो ।' उनले उल्लेख गरेबमोजिम सम्भवतः काठमाडौँमा मालसामान ओसार्ने ठेला-गाडाको सुरूआत गर्ने लगनटोलका हाराँ नकर्मी थिए ।

कांग्रेसले वीरगन्ज कब्जा गरेसँगै त्यो फौजले वीरगन्ज जेलमा रहेका सयभन्दा बढी बन्दीलाई खुकुरीले छप्काएर मारेको जनकमानको विवरण यसअघि प्रकाशमा नआएको घटना हो । अखिल नेपाल विद्यार्थी फेडेरेसनको कार्यालयमा राख्न हँसिया हथौडाअंकित झन्डा नभएर रातो तुल टाँगेको मार्मिक घटना उनले उल्लेख गरेका छन् । आज त्यसरी पुष्पलाल, जनकमान, मदनलोचनहरूले टाँगेको रातो तुलको बलमा सत्तामा पुगेकाहरूले त्यो रातो झन्डाको गरिमालाई कर्तुतले विद्रूप बनाइदिएको यथार्थ टिठलाग्दो महसुस हुन्छ ।

उनको खास कथा सुरू हुन्छ, १८ भदौ ०१० सालको काठमाडौँ नगरपालिकाको पहिलो आमचुनावको घटनाबाट । नेपाल कम्युनिस्ट पार्टी र टोल सुरक्षा समिति (ज्याःवहा, ब्रह्म टोल र इनाखा टोल) बाट उम्मेदवारी दिएका जनकमान तत्कालीन वडा नं २ बाट निर्वाचित भएका थिए । नेकपाका ६, स्वतन्त्र ३ र नेपाली कांग्रेसका ३ गरी १२ मत पाएर सदस्यमध्येबाट उनी काठमाडौँ नगरको सभापतिमा चुनिएका थिए । पछि नेपाल कम्युनिस्ट पार्टीसँग सहकार्य गरेर जनआन्दोलनको सर्वमान्य नेता बन्न सफल गणेशमान सिंह त्यसबखत नै जनपक्षीयबीचको संयुक्त संघटनका लागि उत्प्रेरक रहेको जनकमानको पुस्तकबाट थाहा लाग्छ । बीपीले नेकपालाई समर्थन गर्न नमाने पनि गणेशमानले आफ्नो पार्टीबाट निर्वाचित ३ सदस्यलाई नेकपाका उम्मेदवार जनकमानलाई काठमाडौँ नगरको सभापतिमा निर्वाचित गराउन मतदान गर्न भित्री सहमति दिएको विवरणबाट थाहा हुन आउँछ ।

टंकप्रसादले 'तपाईंहरूको संगतमा बसिरहयो भने सरकारमा कहिल्यै जान नपाउने भयो । भारतीय राजदूतले कम्युनिस्टसँगको मोर्चा तोड्नुस् । ग्यारेन्टीका साथ प्रजा परिषद्लाई सरकार गठन गर्न दिइनेछ भनी प्रतीज्ञा गरेका छन् । माइला भाइ (पुष्पलालजी) तपाईं पत्याउनुहुन्न भने



हराएको इतिहास

लेखक : जनकमान श्रेष्ठ
प्रकाशक : चेतना पब्लिसर्स
पृष्ठ : २५८
मूल्य : ४२५ रुपैयाँ

पर्सि भारतीय राजदूत मसँग कुरा गर्न मेरो घरमा आउँदै छन् । तपाईं अर्को कोठामा लुकेर उनले मसित गरेको कुराकानी सुन्नुस् ।' त्यसपछि पुष्पलाललाई लिएर आफू टंकप्रसादको घर गएको र राजदूतसँगको प्रत्यक्ष कुरा सुनेको जनकमानले उल्लेख गरेका छन् । त्यसरी नेकपासँग प्रजा परिषद्ले मोर्चा तोडेको केही समयमै टंकप्रसाद प्रधानमन्त्री बने । त्यसरी उनलाई भारतीय प्रत्यक्ष योजनामा प्रधानमन्त्री बनाउने पात्र थिए- यताका दिनमा आफूलाई असली राष्ट्रवादी ठान्नेहरूले आफ्नो राष्ट्रवादको जाज्वल्य शिक्षालय थापेका राजा महेन्द्रले ।

राजाबाट मनोनीत मातृकाप्रसाद कोइरालाले जनताबाट निर्वाचित मेयर जनकमान श्रेष्ठलाई आफूअनुकूल काम नगरेको र बीपीबाट फुटाएर गठन गरेको पार्टीमा आउन नमानेको झोँकमा हटाएपछि उनको जीवनको दोस्रो इनिङ थालनी हुन्छ । उनी कहिले शिक्षक, कहिले पत्रिकाको सम्पादक, कहिले वकिल हुँदै न्यायाधीशको जागिरे बन्न पुग्छन् । शिक्षक बन्दा उनी पुरानो सम्बन्ध समात्दै आएका कम्युनिस्ट नेता निर्मल लामालाई आफू प्रधानाध्यापक रहेको विद्यालयबाट प्रवेशिका परीक्षा दिने व्यवस्था मिलाइदिन्छन् । जनकमानको पुस्तकअनुसार लामालाई उनैले पुष्पलालसँग भेटाएका थिए । त्यसअघि लामा कांग्रेसमा सामेल थिए, पुष्पलालसँगको सम्पर्कपछि कम्युनिस्ट पार्टीमा सक्रिय भएका थिए ।

न्यायालयमा छिर्न लोकसेवा पास गर्दासमेत कम्युनिस्ट भएको आरोपमा श्रेष्ठ कहिले डिल्लीरमण रेग्मीबाट गलहत्याइन्छन् भने कहिले रणधीर सुब्बाबाट । कहिले कुनै मन्त्रीबाट अपमानित हुन्छन् त कहिले कुनै अञ्चलाधीश या बडाहाकिमबाट । कहिले भनेअनुसार सजाय नतोकिएको भनेर सेनाबाट सताइन्छन् त कहिले राप्ती दुनको जग्गा वितरण समितिको प्रमुख भएर जाँदा जग्गा नपाएको भनेर वासु पासाहरूको उट्पट्याङपूर्ण चुक्लीको सिकार हुन्छन् । कहिले प्रधानमन्त्री नगेन्द्रप्रसाद रिजालको छोरा डेरामै आएर भन्थे, 'आज हाम्रो जग्गा मुद्दा छ, न्यायाधीशज्यूले हेरिदिनुपर्‍यो ।' कहिले पञ्जाबका मुख्यमन्त्री प्रतापसिंह कैरोंको हत्या गरी नेपाल आउँदा पक्राउ परेका सुच्चा सिंहलाई भारतीयलाई सुम्पने व्यवस्था मिलाउन प्रधानमन्त्री सूर्यबहादुर थापाको निवासमा परराष्ट्र, कानुन, गृहमन्त्रीसमेत राखेर भनिन्थ्यो, 'ए जनकमानजी, त्यत्रो ठूलो भारतसित हाम्रोजस्तो सानो मुलुकले जोरी खोज्ने पोलिटिक्स खेल्न हुन्छ र ? खुरुक्क सुच्चा सिंहलाई सुपुदर्गी दिने निर्णय गरिदिए पुग्ने, नचाहिने झन्झट नगर्नुस् ।' अनि तिनै जनकमान हुन्छन्, नेपालको पहिलो सुपुर्दगीसम्बन्धी फैसला गर्ने न्यायाधीश । आज पनि कानुनका विद्यार्थी उनको त्यो फैसलाको प्रतिलिपि नपाएर खोज्न भौँतारिइरहेका हुन्छन्, जसको पूर्ण विवरण उनले पुस्तकमा छपाएका छन् ।

त्यसपछि आउँछ देश मात्रै होइन, सिंगो प्रजातान्त्रिक दुनियाँले चनाखो भई हेरेको 'हाई प्रोफाइल' मुद्दा, जसमा बीपी, गणेशमानमाथि ज्यान सजायसमेत हुने गरी लगाइएका विभिन्न अभियोगउपर फैसला गर्न गठन हुन्छ राजकाजसम्बन्धी मुद्दा हेर्न विशेष अदालत, सिंहदरबारमा । राजदरबार र सत्ता-शक्तिमा क्रियाशील उच्च पदस्थहरूको चाहना हुन्छ, बीपीलाई अदालतमार्फत फैसला गराएर फाँसीमा लड्काउने । त्यही निहित उद्देश्य पूरा गर्न छानेर ल्याइन्छन्, विशेष अदालतको प्रमुख बनाएर कम्युनिस्ट पृष्ठभूमि भएका न्यायाधीश जनकमान । बीपीलाई कानुनी रूपमा पन्छाउन पाए, पञ्चायत, जनता र राजनीतिको

नेपाली समाजको लघु स्मरणशक्तिको फाइदा उठाउन सम्भवतः उनले बीपीलाई दरबारबाट ज्यान सजायको दबाब दिए पनि आफूले नमानेको दाबी गरेका छन् ।

नाममा आफ्नो हालीमुहाली कायम गर्न पाइराखिन्छ भन्ने सोचका साथ अदालत चलिरहेको बखत राजदरबारका सचिव रञ्जनराज खनालले बीपी, गणेशमानलाई ज्यान सजाय दिनुपर्ने दबाब दिन्छन्, कहिले राजाको नाममा, कहिले संविधानको नाममा, कहिले अराष्ट्रिय तत्त्वको नाममा । राजा वीरेन्द्रसँग भेट्न खोज्छन्, समय पाउँदैनन् । उनी लेख्छन्, 'राजाको नाममा खेल्न खोज्ने, राजा देखाएर विरोधी तह लगाएर आफ्नो दुनो सोझ्याउन चाहने रञ्जनराजहरूको मनसायबमोजिम मैले फैसला गरिनँ, बीपी र गणेशमानउपरको दाबी नपुग्ने फैसला गरी निजहरूलाई छुटकारा दिलाएँ ।' त्यही रिस साँध्न आफूलाई क्षेत्रीय अदालतको न्यायाधीश रहँदा अकस्मात बिदा दिइएको उनको दाबी छ ।

समग्रमा जनकमान श्रेष्ठको *हराएको इतिहास* झन्डै एक शताब्दी लामो नेपाली समाजको शब्दचित्रको रूपमा पाठकसामु उपस्थित छ । निकै जानकारीमूलक यो पुस्तक बजारको होहल्लाकै बीच फेरि पनि 'हराइरहेको' छ । यो पुस्तक भैरव रिसालले भनेजस्तै हराएको होइन, फेला परेको इतिहासका रूपमा आएको छ । तर जनकमानको यो पुस्तक पनि बजारमा चलेका अनेक संस्मरणजस्तै आफूलाई मात्रै भव्य देखाउने र अरूलाई गिराउने आत्माश्लाघाको स्तरबाट माथि उठ्न सकेको छैन भन्ने केही विवरणले संकेत गर्छन् ।

नेपाली समाजको लघु स्मरणशक्तिको फाइदा उठाउन सम्भवतः उनले बीपीलाई दरबारबाट ज्यान सजायको दबाब दिए पनि आफूले नमानेको दाबी गरेका छन् । तर बिरामी बीपीलाई अदालतमा मुद्दा चल्दाचल्दै रोकेर उपचार गर्न अमेरिका पठाउनेदेखि, 'बीपी तपाईं निको भएपछि मात्रै राजनीतिबारे कुरा गरौँला' भन्ने राजा वीरेन्द्रको व्यवहारले दरबार बीपीलाई फाँसी दिन चाहन्थ्यो भन्ने जनकमानको दाबीमा बल पुग्दैन । खासमा जनकमानले बीपी, गणेशमानलाई ज्यान सजाय हुने फैसलाको अग्रिम प्रति दरबारमा पठाइसकेका थिए, जो उनले पुस्तकमा पनि उल्लेख गरेका छन् । त्यो अग्रिम फैसलाको नोट पढेपछि दरबारले सिलबन्दी फैसला लेखेर जनकमानलाई पठाएको, त्यही पढेर फैसला सुनाउन भनिएको र उनले अन्तिम फैसलामा त्यही पढेको त्यसबखत दरबारको उच्च ओहोदामा रहेर काम गरेका एक अधिकारीले पंक्तिकारलाई जानकारी दिएका थिए । यसले जनकमानले बित्थामा आफूलाई ठूलो देखाउन फुइँ लगाएको पुष्टि हुन्छ । क्षेत्रीय अदालत पोखरामा करसम्बन्धी फैसला भइसकेको मुद्दामा पछि प्रतिवादीसँगको मिलेमतोमा फैसला लेखिसकेपछि केरमेट गरेर कम जरिवाना गरेको उजुरी संयुक्त फैसला गर्ने अन्य दुई न्यायाधीशले दरबारमा पुर्‍याएपछि उनी कारबाहीमा परेको त्यसबखतका घटनाबारे जानकार वकिल, न्यायाधीशले अहिले पनि खुलेआम भनिरहेको पाइन्छ । यसले जनकमानले पुस्तकमा उल्लेख गरेको अन्य विवरणको सत्यमाथि पनि प्रश्न उठाउँछ र त्यसमा कति विश्वास गर्ने भन्ने संशय पैदा गराउँछ । ने



तीन किताब

प्रा उदयराज खनाल | भौतिकशास्त्री

ब्रह्माण्डका कानुन

भौतिकविज्ञानको सिद्धान्तअनुसार हामीले केही नगरे पनि भविष्यतिर डोरिइरहेका छौँ किनकि समयले आफ्नो सुई घुमाइरहेकै हुन्छ । आइन्सटाइनको सापेक्षतावादअनुसार हामी छिटो हिँड्यौं भने घडी ढिलो घुम्छ अर्थात् भविष्यमा छिट्टै पुग्छौं । भूतकालमा जान नसक्नुमा कार्य-कारणको वैज्ञानिक प्रक्रिया हुन्छ, जसलाई पूर्वीय दर्शनमा कारणत्व मानिन्छ । कारणत्व भत्किए विगत मात्रै होइन, वर्तमानको अवस्था पनि आनका तान फरक हुन्छ । विज्ञानमै विश्वास रहेकाले कारणत्वलाई जोगाएर आख्यान लेखेका छन्, कर्ट भनेगटले । उनी मेरा प्रिय लेखक हुन्, जसको पुस्तक अभिव्यक्ति स्वतन्त्रता अधिकतम भएको मुलुक अमेरिकामा समेत जलाइएको थियो । उनका उत्तरआधुनिक ढाँचाका विज्ञान-आख्यानहरूले वरपरकै यथार्थलाई फरक ढंगले सोच्न बाध्य तुल्याउँछन् । **टाइमक्वेक** यस्तै अद्भुत रोचक उपन्यास हो, जसमा नायकलाई भुइँचालोजस्तै आउने *टाइमक्वेकले* अतीतमा पुऱ्याउँछ । अतीतका कार्य पुनरावृत्ति भए पनि त्यसमा पात्रको स्वतन्त्र नियन्त्रण हुँदैन । स्वैरकल्पनाको माध्यमबाट उनका अन्य आख्यानमा झैं यसमा पनि मनुष्यको स्वतन्त्र इच्छा नहुने दाबी गरिएको छ । विगतमा फर्कंदा दुर्घटना हुने ज्ञात भए पनि मुख्य पात्र निरूपाय हुन्छ । पुस्तकका अधिकांश ससाना कथाले अवसाद र दुःख अभिव्यक्त गर्छ, जसमा मानिसले आफ्ना आमाबुबालाई पुनः मृत्युयात्रामा गएको देख्छन् । आदि-मध्य-अन्त्यको परम्परागत आख्यान ढाँचालाई मात्रै होइन, ईश्वरीय खेलको पुराना मिथकमाथि पनि प्रहार गर्छन् । दैविक विधानमा मात्रै भरोसा गर्ने हो भने फलको भागीदार मानिस नभएर ईश्वर हुनुपर्ने हुन्छ । भनेगट आफ्ना कतिपय लेखनबाट परोक्ष व्यंग्य गर्दै क्राइस्टदेखि हिटलरसम्मलाई स्वर्गमा पुऱ्याउँछन् ।

आफ्नो अहं तुष्टिका लागि युद्ध गरे पनि हिटलरले आफूलाई कृष्णकै दाँजोमा उभ्याएका छन्, **हिटलर र यहुदी**मा । उपन्यासमा विश्वेश्वरप्रसाद कोइरालाले आफ्नो मानवतावादी विचार पस्कनका लागि द्वितीय विश्वयुद्धको प्रसंग ल्याएका छन् । कृष्णको गीतादर्शनलाई आलोचनात्मक टिप्पणी गर्न उनले हिटलरलाई पात्रको रूपमा उभ्याएजस्तो लाग्छ । हिटलर ठान्थे कि यहुदीहरूको विनाशबाट मात्रै जर्मनीको भलाइ हुन्छ । एकोहोरो राष्ट्रवादमा डुबेका हिटलरले मानव इतिहासकै कहालीलाग्दो घटना निम्त्याए । उपन्यासमा युद्धको अपरिहार्यतालाई पुष्टि गर्दै हिटलर भन्छन्, 'म निष्ठुरतालाई घृणा गर्छु । आफ्नोसाथ कवचजस्तो सदासर्वदा कृष्णको गीतालाई लिएर हिँड्छु ।' मानवतावादी अवधारणाको वकालत गर्ने क्रममा महाभारतको युद्धलाई पुनर्व्याख्या गरिएको छ । पाण्डव-कौरव युद्धमा अनगन्ती मानिस मारिए, द्वितीय विश्वयुद्धमा पनि लाखौंको जीवन सकियो र सम्बन्धित परिवारजनको पीडाको हरहिसाब छैन । समस्याको समाधान युद्ध होइन भन्ने जीवनवादी दृष्टि नै *हिटलर र यहुदीको* मूल सन्देश हो । गीताको निष्काम कर्मयोगप्रतिको आशक्तिका कारण हिटलरमा अतिमानवीय आकांक्षा पलाएको देखिन्छ । साहित्यलाई राजनीतिभन्दा उच्चतम विषय मान्ने कोइरालाले युद्धजन्य दीर्घ घाउ बोक्न बाध्य मानिसका दुःख अनुभूत गरेरै यो उपन्यास लेखेका छन् ।

वैज्ञानिक रोजर पेनरोजको किताब **द रोड टु रियालिटी**मा ब्रह्माण्डको उत्पत्ति, विकासक्रम र गणितसम्मको व्याख्या गरिएको छ । यस किताबलाई स्टेफेन हकिङको *अ ब्रिफ हिस्ट्री अफ टाइमसँग* पनि तुलना गरिन्छ । भौतिक विज्ञानमा बिग ब्याङलगायत अनुत्तरित प्रश्न धेरै रहे पनि पेनरोज संसारको यथार्थलाई कालचक्रका रूपमा हेर्छन् । क्वान्टम भौतिकी, कण सिद्धान्त र गुरुत्वाकर्षण आदिलाई गहिराइमा बुझाउने यस पुस्तकमा सिद्धान्तदेखि सम्भावित खोजबारे पनि चर्चा गरिएको छ । प्राविधिकजस्तो लागे पनि संसारको प्राकृतिक कानुन र नियमविरूद्ध जान नसकिने अवधारणाले पुस्तकलाई बलियो बनाएको छ ।

धेरै वैज्ञानिकलाई समेट्दा शून्यका आविष्कारक भारतीय गणितज्ञ ब्रह्मगुप्तलाई समेत अध्ययन गरेका छन्, उनले । मानव सञ्चारको गतिलो माध्यम भइसक्यो, गणित । पहिले व्यावहारिक जीवनको गणनाक्रममा शून्यको अवधारणा नै थिएन । पछि बुद्ध र नागार्जुनले पनि शून्यवादको व्याख्या गरे । छन्दशास्त्रमा गुरु र लघुको संयोजन गर्दा पिंगलाचार्यले शून्यको प्रयोग गरेका छन् । कालान्तरमा शून्यको अवधारणा पूर्वबाट पश्चिमतिर सरेको देखिन्छ, जसलाई न्युटनहरूले समेत प्रभावकारी प्रयोग गरे । यो किताबलाई वैदिक ग्रन्थसँग पनि तुलना गर्न सकिन्छ । ऋग्वेदको आरम्भमा चर्चा गरिएको अग्निको नियन्त्रणबाटै सभ्यताको सुरुआत भयो । विज्ञानमा भएको विकास र विश्वशक्ति परीक्षणको केन्द्रमा पनि आगो नै छ । युद्धमा प्रयोग हुने आणविक भट्टी र प्राविधिक यन्त्र पनि आगोकै फरक स्वरूप हुन् । आइन्सटाइनले अन्तरिक्षबाहेक अन्य तत्त्वलाई अग्निकै रूप हो भनिदिए । भौतिकविज्ञानमा चेतनालाई लिएर अनेक विमर्श हुन्छन् । तर चेतनाको मापन गर्न मुस्किल छ । लाग्छ- चेतना पनि भौतिक तत्त्व नै हो । युनानी दर्शनमा अणुवाद आएकै ताका पूर्वमा पनि कणलाई दार्शनिक व्याख्यामा ल्याउने कणाद महर्षिले पञ्चतत्त्वमा दिक्, काल, मन र आत्मालाई थपेर नवद्रव्य भनेका छन् । पूर्वीय र पश्चिमी भौतिक विज्ञानका दर्शनलाई दाँजेर अध्ययन गर्न पनि *द रोड टु द रियालिटीले* बलियो आधार दिन सक्छ ।

■ **प्रस्तुति : गुरुङ सुशान्त**

KANTIPUR PUBLICATIONS PVT. LTD.

KMG
KANTIPUR MEDIA GROUP

बदलिँदो नेपालको
'अन्तरकथा

nepal.ekantipur.com
नेपाल
राष्ट्रिय साप्ताहिक

समसामयिक विषयवस्तुको वृत्तान्त
नेपाल म्यागेजिनको आधिकारिक वेबसाइट

www.nepalmag.com.np

GET IT ON Google Play

Available on the App Store

रङ

'...तपाईलाई कविताको पाप लाग्छ'

गोकर्ण गौतम
तस्बिर : सरोज बैजु

आफ्ना विद्यार्थीसँगै कवि माधव घिमिरेसामु कविता सुनाउने मौका जुऱ्यो, नवराज पराजुलीलाई । उनी कविता सुनाउँदै थिए, घिमिरेका आँखा टिल्पिलाए । त्यसपछि नवराजको हात सुम्सुमाउँदै भनेछन्, 'तपाई कवितामा आउनु भएन भने तपाईलाई कविताको पाप लाग्छ ।'

तीनताका नवराज आफैँचाहिँ बडो सकसमा थिए । २८ वर्ष पुगिसक्दा पनि कहाँ, कता, के गर्ने भन्ने पहिल्याउन सकेका थिएनन् । घिमिरेसँगको त्यो पल सम्झँदा नवराजको मुहारमा चमक छाउँछ, "मैले कविता पर्फर्मेन्स गर्दा राष्ट्रकविलाई समेत छुन्छ भने अरूलाई किन नछोला भन्ने आत्मविश्वास पलायो । त्यसपछि मैले उहाँले भनेजस्तै कविता समाएँ ।"

त्यो भेट उनका लागि साँच्चै स्वर्णिम बनिदियो । यो चार वर्षमा उनले संसारका १८ देशमा झन्डै २५ कविता-कन्सर्ट गरे । देशभित्र यो संख्या ६० नाघिसकेको छ, त्यो पनि आकर्षक पारिश्रमिक लिएर । 'सेलिब्रिटी' बनिसकेका नवराजले कवितालाई व्यावसायिक बनाए । भन्छन्, "सिर्जनाको सम्मानका लागि पनि सित्तैमा सुनाउँदिनँ ।"

दाम र नाम त भइहाल्यो, त्यसबाहेक पनि कविताले उनका अनेक चाह पूरा गरिदिएको छ ।

नवराजको सपना थियो, संसार घुम्ने । अंग्रेजीमा स्नातकोत्तर गरिरहँदा एउटा साथीले सुझायो, 'परराष्ट्रमा जागिर खायो भने कम्तीमा ६ देश घुम्न पाइने रहेछ । तिम्रो अंग्रेजी राम्रो छ, लोकसेवाको तयारी गर ।' नवराजलाई लागेछ, आधा दर्जन देश जाँदा फरक मान्छेलाई भेट्न पाइन्छ, फरक संस्कृति र कला बुझ्न पाइन्छ । उनी लोभिए । यो सुनौलो अवसर नगुमाउन घुँडा धसेर पढ्न थाले । तर लोकसेवाका निरस प्रश्नले उनमा बेचैनी पैदा गऱ्यो । जति पढे पनि त्यसमा 'जीवन' भेटेनन्, 'कला' अनुभूत भएन । परिणाम थियो, लोकसेवा परित्याग ।

त्यसपछि नाटक सिक्न खोजे । गुरूकुल बन्द भइसकेको थियो । अन्त पैसा तिर्नुपर्थ्यो तर उनीसँग थिएन । यही छटपटीबीच उनको जीवनमा प्रवेश भएका थिए, कवि घिमिरे । तर उनी आम कविझैँ कविता लेख्न र छपाउन मात्र सीमित हुन चाहेनन् । उनले कविको परिकल्पना गरे, जसले लेख्न सकोस् अनि गायकझैँ 'पर्फर्म' गर्न सकोस् । अर्कैले लेखेको र कम्पोज गरेको गायकले गाउन सक्छ, मान्छेको मन जित्छ भने आफैँले लेखेको कविता संगीतसहित आफैँले पर्फम गर्दा अझ सशक्त हुन्छ भन्नेमा दृढ भए । "तर कविता कन्ठ गरेर सुनाउनु र पर्फर्म गर्नु नितान्त अलग हो । कविताको कलात्मक प्रस्तुतिका लागि लेख्नु र कन्ठ गर्नु पहिलो खुड्किलो हो," नवराज भन्छन्, "म शब्द र पर्फर्मेन्सलाई समान प्रेम गर्छु ।" सायद यही गुणले हुनुपर्छ, नवराज कविको भीडमा 'विशेष' छन् । र, आफूलाई 'कवि' होइन, 'आर्टिस्ट' भन्न रूचाउँछन् ।

कविताको कलात्मक प्रस्तुतिका लागि लेख्नु र कन्ठ गर्नु पहिलो खुड्किलो हो ।

नवराजले लेखेको पहिलो कविता हो, 'सगरमाथाको गहिराइ' । यसले उनलाई उचाइ दिलायो । सगरमाथाको गहिराइ र सतीदेवीको गान्डिव सुनाएपछि अल नेपाल स्ल्याम पोयट्री कम्पिटीसन, २०१४ मा प्रथम भए । त्यही उपलब्धिपछि उनलाई झापाको कला-साहित्य उत्सवबाट निम्तो आयो । 'सगरमाथाको गहिराइ' सुनेपछि मनु मञ्जिलले स्टेजमै उक्लिएर अँगालेर भनेछन्, 'कवितामा योभन्दा सुन्दर अरू के हुन सक्छ ?' मञ्जिल उनै कवि थिए, जसको कविता गुरूकुलमा लगातार एक घन्टा सुनेपछि नवराजलाई महसुस भएको थियो, मेरो 'जोन' पनि कविता नै हो ।

उनका प्रिय लेखकहरूबाट पनि प्रशंसा पाए । रवीन्द्र मिश्रले 'सगरमाथाको गहिराइ' का केही पंक्ति *फेसबुकमा* सेयर गरेपछि त एक सातामै फेसबुकमा *उनको साथीको संख्या ३ सयबाट* ४ हजार पुग्यो । सर्वनाममा यही कविता सुनेपछि नै हो, प्रकाशक अजित बरालले कवितासंग्रह प्रकाशनका लागि प्रस्ताव गरेको । अढाई वर्षअगाडि पुस्तक प्रकाशित भयो । नाम थियो, *सगरमाथाको गहिराइ* ।

यता पुस्तक प्रकाशन भयो, उता विभिन्न स्टेजमा नवराजले 'पर्फर्म' गरेको कविताको भिडियोले *फेसबुक* र *युट्युबमा* लाखौं भ्युज बटुल्न थाले । देशभित्र मात्र होइन, बाहिरबाट समेत कन्सर्टको अफर आउन थाले । 'कविता कोलाज' मा पहिलो पटक कन्सर्ट गर्दै उनले पारिश्रमिक लिए । यही कार्यक्रमका लागि बाँसुरीवादक सम्यक महर्जनसँग सात दिन कीर्तिपुरको जंगलमा रिहर्सल गरेका थिए । अस्ट्रेलिया हुँदै लन्डन, फिनल्यान्ड, स्कटल्यान्ड, स्वीडेन, दक्षिण कोरिया, दुबईजस्ता मुलुकमा कविता 'पर्फर्म' गरिसके । अमेरिका, क्यानडा र कतारमा कन्सर्ट तय भइसकेको छ । शुक्रबार चार घन्टा एक निजी स्कुलमा थिएटर पढाउनुबाहेक बाँकी समय कलाकर्ममै बिताउँछन् । फिल्म, गीत लेख्दै छन्, नयाँ कवितासंग्रह तयार पार्दै छन् । नाम र सन्तुष्टिबाहेक कविताले के दियो ? उनी भन्छन्, "झापामा जग्गा जोडेको छु ।"

नवराजमाथि एउटा आरोप छ, उनका कविता 'पपुलिस्ट' हुन्छन् । शब्द होइन, उनको प्रस्तुति शैली सशक्त हुन्छ । त्यसैले सुन्न मात्र लायक हुन्छ, पढ्न होइन । तर उनी कविता र कविको परम्परागत घेरामा अल्झिदैनन् । उनको बुझाइमा, चाहे सुनेर पुगोस् वा पढेर, कविता मान्छे-मान्छेसम्म पुग्नुपर्छ किनभने यो अनन्त हुन्छ । "आम मान्छे जति सुन्दर ढंगले कविता पढ्न सक्छ, त्योभन्दा सुन्दर शैलीमा म कविता पर्फर्म गर्न सक्छु भन्ने विश्वास छ," उनको प्रश्न छ, "त्यसमाथि कविता सुनाउँदा घाटाचाहिँ के भयो ? माध्यम जुन भए पनि मान्छेले अनुभूत गर्नु हो ।" र, उनले लेखेका पनि छन्-

मलाई कसैले देखेन भन्ने दुःख छैन मलाई
हावाले बाँचेको मान्छेले पनि हावालाई देख्दैन ।

बदलिँदो **नेपाल**को 'अन्तर्कथा

बदलिँदो समयको
रुपमा पाठकसम
हाम्रो उद्देश्य हो
प्रवृत्तिहरू पहिचान

प्रत्येक कथाको निष्कर्षसम्म पुग
'आजै ग्राहक ब

KMG
KANTIPUR MEDIA GROUP

nepalmag.com.np

नेपाल

राष्ट्रिय साप्ताहिक

विषयवस्तुपरक सुक्ष्म विश्लेषणका साथ
तपाईंका लागि साप्ताहिक रूपमा प्रस्तुत

ो साक्षी बनी देशका महत्वपूर्ण घटनाहरूलाई समेटेर साप्ताहिक
क्ष प्रत्येक क्षेत्रका खोजमूलक एवं विश्लेषणात्मक विवरण प्रस्तुत गर्नु
। ती घटना र विचारको माध्यमबाट नै देश विकासलाई आकार दिने
न गर्न हामी निरन्तर प्रयासरत छौं।

ज
न्नुहोस्।

थप जानकारीको लागि

NTC: 16600122222, 9851216800
Ncell: 9801572222, 9801016850

तेन्जिङ र हिलारीको जय



प्रकृतिले जति नै कठिनाइ दिए पनि मानिस अहोरात्र खटेर निरन्तर चुनौती दिइरहेको छ । कहिले शिखर चढेर त कहिले विशाल आकाशमा हवाईजहाजमा उडेर । प्रकृतिमाथिको एउटा जितको कडी बन्दै आएको छ, सगरमाथाको चढाइ । हिजोजस्तै आज पनि सगरमाथाको चुचुरोमा पाइला टेक्न मानव उत्तिकै लालायित छन् ।

१६ जेठ ०१० सालमा पहिलो मानव पाइला सगरमाथा शिखर चढ्यो । न्युजिल्यान्डका नागरिक एडमन्ड हिलारी र तेन्जिङ नोर्गे शेर्पाले चढेको त्यो पहिलो फत्तेले आज पनि उत्तिकै महत्त्व राख्छ । यिनै हिलारीले यस धर्तीमा भ्रमण गरेको यो वर्ष सय वर्ष पूरा भएको छ । मानव साहसका प्रतीक हिलारीको योगदानलाई स्मरण गरिएको थियो, काठमाडु इन्टरनेसनल माउन्टेन फिल्म फेस्टिबल (किम्फ) मा । २५ मंसिरदेखि ५ दिन चलेको महोत्सवमा हिलारीको जीवनीमा आधारित दुइटा वृत्तचित्र *द एसेन्ट अफ एभरेस्ट* र *ओसन टु स्काई* देखाइएको थियो । पहिलो वृत्तचित्र ५६ मिनेट २७ सेकेन्ड लामो एन्टोनेल्लो पादोभानोले निर्माण गरेका थिए भने दोस्रो माइकल डिलनले । *एसेन्ट अफ एभरेस्ट*मा हिलारी र शेर्पाको जोडीले सगरमाथा आरोहण गरेको साहसिक कथा देखाइएको छ । साथमा सगरमाथा चढ्दा भोगेका कठिनाइ, नभनिएका कथा, दुई आरोहीको मित्रता र शिखर चढ्नुको उद्देश्य चित्रांकन गरिएको छ ।

किम्फ

महोत्सवमा वृत्तचित्र देखाउन र फिल्ममेकिङको मास्टरक्लास चलाउन काठमाडौं आएका डिलन *नेपाल* म्यागजिनसँग गफिए । उमेरले ७३ कटिसकेका डिलनले पहिलोपल्ट १० वर्षको कलिलो उमेरमा हातैले कागज काटेर रिलजस्तै बनाई फिल्म बनाएका थिए, *अ हिस्ट्री अफ द अर्थ* । उनले बनाएको सो कागज चलचित्रको स्क्रिप्ट दिदीले पढेर सुनाइन् भने कुकुर र अभिभावकले चलचित्र हेरेर छक्क परेका थिए । यति भन्दै डिलन हाँसे र सँगै रहेकी उनकी पत्नी रोबिन पनि हाँसिन् ।

विश्वविद्यालयमा पार्ट टाइम जागिरको रूपमा डिलनले वृत्तचित्र बनाउने, स्क्रिप्ट लेख्ने काम पाए । सोही कामको हौसलाले उनी ०२५ मा सगरमाथा क्षेत्रका लागि व्यावसायिक ट्रेकमा जोडिए । सगरमाथा यात्राका टिम नेता बिरामी भएपछि उनले क्यामेरा बोक्न पाए । यसरी फिल्ममेकिङमा हात हालेका डिलनले पछि हिमालयको साहसिक यात्राबारे बनाएको फिल्म बीबीसीले किन्यो । त्यहाँबाट आएको पैसाले पुनः नेपालमा अर्को फिल्म बनाउन उनी कुदे ।

८ वर्षकै उमेरमा हिलारीबारे सुने पनि डिलनको पहिलो भेट भने सन् ७० को दशकमा मात्र सम्भव भयो । हिलारीले चलचित्र बनाउन नयाँ समूह खोजेको पत्रिकाको विज्ञापनबाट थाहा पाएपछि डिलनले उनलाई चिट्ठी लेखे । अन्त्यतः उनले हिलारीसँग काम गर्ने मौका पाए । *ओसन टु स्काई* त्यसै सहकार्यमध्येको एक हो । उनले हिलारीसँग मिलेर ६ वटा चलचित्र बनाएका छन् । सन् १९७५ मा हवाईजहाज दुर्घटनामा हिलारीले पत्नी र छोरी गुमाए । त्यही समय हिलारी ठूलो यात्रामा निस्के, जसलाई *ओसन टु स्काई*मा देखाइएको छ । समुद्रको जेट डुंगाको अनुभवदेखि भारतको गंगा हुँदै हिमाल यात्रा वृत्तचित्रमा देखाइएको हो । शालीन स्वभावका डिलनले हिलारीलाई भलाद्मी तथा विनम्र व्यक्तित्वको रूपमा सम्झन्छन् । भन्छन्, "चर्चित थिए तर उनमा घमन्ड पटक्कै थिएन । सबैसँग बोल्थे, हाँस्थे ।"

२५ पटक नेपाल आइसकेका डिलनलाई यहाँ पानीपँधेरो भइसकेको छ । हिमाली भेगका संस्कृति, दृश्यावली र मानिसको मिलनसार व्यवहार देखेर प्रभावित डिलन अझै चुनौतीपूर्ण फिल्म बनाउन चाहन्छन् । समुद्रदेखि सगरमाथा टुप्पोसम्मको यात्रालाई देखाउन उनले *एभरेस्ट सी टु समिट* नामक वृत्तचित्र बनाए । अस्ट्रेलियाली आरोहीको ३ महिने यात्रा देखाइएको सो वृत्तचित्रले ९ वटा अन्तर्राष्ट्रिय अवार्ड जितेको थियो । थुप्रै पुरस्कृत वृत्तचित्र बनाएका डिलन आफ्नो अन्तर्मुखी स्वभावले फिल्ममेकिङ सहज भएको बताउँछन् । भन्छन्, "अन्तर्मुखी भएकै कारण म बढी संवेदनशील छु । वरपर भइरहेका घटनालाई ध्यान दिन्छु । यसले कथा भन्नलाई मद्दत पुर्‍याउँछ ।"

▪ सुनिता लोहनी

शर्माको सम्बन्धन

मानिस र प्रकृतिको सम्बन्ध अन्योन्याश्रित छ । चाहे मानिसले वन फँडानी गरोस् या भौतिक संरचनामा मग्न भएर प्रकृतिलाई भुलोस् । प्रकृतिबिना उसको गुजारा असम्भव छ ।

मानिस र प्रकृतिको अटुट सम्बन्धलाई चित्रमा उतारेका छन्, कलाकार भीमप्रसाद शर्माले । ६३ वर्षीय कलाकार शर्माले काठमा गौँथली र मानिसको सम्बन्धको विभिन्न आयाम कोरेका छन् । थाहा नै होला, गौँथलीले मानिसको घरको दलिन, बार्दलीमा गुँड बनाउँछन् । भौतिक सुविधामा भुलेको मानव गाउँबस्ती छाडेर सहर पसिरहेका छन् । यस्तोमा ताल्चा लगाएको घरमा गौँथली चुकुलमा आएर बसेको चित्र हृदयविदारक लाग्छ । यस्तै, आमाको दूध तपतप खस्दै गौँथलीले भने मुख आँ..गरिरहेको, आमाको गर्भमा रहेको बालक गौँथलीबीच कुराकानी, बन्द घरको झ्यालबाट हेर्दै महिला, साथमा दुई जोडी भँगेरा र गौँथली । यी चित्र मार्मिक त छन् नै, साथमा चित्रकारले रङसँग यति मज्जाले खेलेका छन् कि भित्तामा झुन्ड्याइएका ३५ वटै चित्र हेर्दा आनन्द लाग्छ । एक्रेलिक रङ र प्राकृतिक, झारपात र वनस्पतिको रङ मिसाएर बनाएका छन् ।

शर्माले प्रकृति र मानिसको सम्बन्ध देखाउन 'सम्बन्धन' शीर्षकमा चित्र प्रदर्शनी गरेको बताए । गौथलीसँग वार्ता गर्ने सानो बालक आफू भएको उनले जिकिर गरे । यस्तै, कुनै बेला ठमेल घुम्दा बुद्धको टाउको भएको ताल्चा भेट्याए । बुद्धको टाउकोमा ताल्चा लगाउने देख्दा उनको कलाकार मन थाप्न सकेन । भन्छन्, "त्यही भएर यो पेन्टिङ बनाएँ । बुद्धकै टाउकोमा ताला लगाएपछि संसारमै ज्ञानको के हालत होला । मैले यसलाई बिम्बको रूपमा बुझेको छु ।"

सम्बन्धन शर्माको दसौँ एकल कला प्रदर्शनी हो । यसअगाडि उनले ७ वटा प्रकृति र अन्य ३ वटा सामाजिक विषयमा आधारित भएर चित्र प्रदर्शनी गरेका थिए । नेपाल आर्ट काउन्सिलमा २२ मंसिरबाट सुरू प्रदर्शनी ६ दिनसम्म चलेको थियो ।

पोखरामा शब्द उत्सव

IME
नेपाल
साहित्य
महोत्सव
आठौं संस्करण
२७ - ३० मंसिर, २०७६
बाराही घाट, लेकसाइड, पोखरा

मेला थरीथरीका हुन्छन् । तर साहित्यिक मेलाको रौनक छुट्टै हुन्छ । यस्तै, साहित्यिक मेलामा जान रूचाउँछन्, विकेस कविन, २१ । इटहरीमा स्नातक दोस्रो वर्ष पढिरहेका विकेस २७ मंसिरबाट सुरू भएको नेपाल साहित्य महोत्सवबारे उत्साहित देखिए । पढाइका कारणले स्थलमै जान नसके पनि सामाजिक सञ्जालबाट महोत्सवमा भएका कार्यक्रम प्रत्यक्ष सुन्ने उनले बताए ।

विकेसले साहित्यिक मेलाबारे अमर न्यौपानेबाट थाहा पाएका थिए । केही वर्षअगाडि सोही मेलामा रूञ्चे साहित्य शीर्षकमा न्यौपाने र बुद्धिसागरले बोलेका थिए । फेसबुकबाट सो कार्यक्रम हेर्न पाएपछि उनी दंग परेका थिए । महोत्सव किन मन पर्छ ? विकेस भन्छन्, "यस्ता महोत्सवले ज्ञानको दायरा फराकिलो पार्छ । कथा, कविता मात्र होइन, मानव, प्रकृति, विज्ञानबारे चर्चित लेखकका धारणा सुन्न पाइन्छ ।"

त्यसो त यस पटकको शृंखलामा *नेपाल* म्यागजिनको स्तम्भ तीन किताबको अवधारणामा आधारित सेसन पनि छ- तीन किताब : कथाको अन्तर्कथा । गुरूङ सुशान्त प्रस्तुतकर्ता रहेको उक्त सेसनमा सञ्जीव उप्रेती, मुना चौधरी र छुदेन काविमोले आफूलाई आख्यान लेख्न घच्घच्याउने तीन मुख्य किताबको चर्चा गर्नेछन् ।

हरेक सहरको कथा हुन्छ । ती कथाका पात्रहरू त्यही अदृश्य रूपमा सलबलाइरहेका हुन्छन् । सहर र सहरसँग जोडिएका कथाव्यथा सुनाउन, त्यसमाथि विमर्श गर्न नेपाल साहित्य महोत्सव सुरू भएको हो । ०६८ बाट सुरू भएको महोत्सव सुरूका केही शृंखला राजधानीमा आयोजना गरिए पनि पछिल्लो समय पोखरामा भइरहेको छ । यस पटक पनि सामाजिक चासोका विषय छन्- लेक रहेको पो रहला लेकसाइड, समानताको लडाइँ, संघीयताको सकस, नेपाल नेक्सस: राजनीतिमा भूराजनीति आदि । अध्ययनको भोक, राइटिङ इन द एज अफ पपुलिज्मजस्ता लेखनका विषयमा विमर्श हुनेछ । चलचित्रका हिरोजस्तै कवि तीर्थ श्रेष्ठ, शीतल कादम्बिनी, गनेस पौडेल, महेशविक्रम शाह, सन्दुक रूइतजस्ता व्यक्तित्वको कुरा सुन्न दर्शक रमिरहेका छन् । कार्यक्रममा विदेशी लेखक तथा साहित्यकारको पनि उपस्थिति रहेको छ ।

नोटबुक

पवन आचार्य

महिला हिंसा देखाउने दाँत

१३ औं दक्षिण एसियाली खेल नेपालमै आयोजना हुंदा सबैभन्दा खुसी खेलाडी नै थिए । अझ उद्घाटन समारोहमा राष्ट्रिय झन्डा बोक्ने र खेलाडीका तर्फबाट शपथ लिन पाउने भाग्यशाली खेलाडीको खुसीको त सीमा नै भएन । राखेपले उद्घाटनको केही दिनअघि राष्ट्रिय झन्डा क्रिकेटका पारस खड्काले बोक्ने र शपथ तेक्वान्दोकी आयशा शाक्यले लिने जानकारी गराएको थियो । उद्घाटनको ग्रान्ड रिहर्सलमा पनि आयशाले नै शपथ लिएकी थिइन् । तर उद्घाटनको दिन बिहान झन्डा ओलम्पियन भारोत्तोलक कमलबहादुर अधिकारीले बोक्ने समाचार आयो । प्रतियोगितामा सहभागिता जनाउने खेलाडीमध्ये ओलम्पियन भए उसैले झन्डा बोक्ने प्रचलनअनुसार कमललाई त्यो मौका दिइयो । तर पारसलाई अब के गर्ने ? राष्ट्रिय खेलकुद परिषद् समस्यामा पर्‍यो । झन्डा बोक्न नमिलेपछि राखेपले पारसलाई शपथका लागि तयार बनायो । उद्घाटन सुरू हुनुअघिसम्म पनि आयशा यसबारे बेखबर थिइन् ।

खेलाडीका तर्फबाट शपथ लिन पारस ट्र्याक सुटमा गए । मन्त्रीहरूलाई समेत दौरासुरुवाल कोट उपलब्ध गराएको राखेपले शपथ लिने खेलाडीका लागि पोसाकको व्यवस्था गर्न सकेन । साडीचोलोमा आएकी आयशा हेरेको हेर्‍यै भइन् । कार्यक्रमको समापनका बेला झन्डै ५ मिनेटको महिला हिंसाविरूद्धको अभियानको भिडियो सन्देश देखाएको राखेपले महिला खेलाडीलाई बिनाजानकारी शपथ लिनबाट हटाउँदाचाहिं हिंसा भयो कि भएन होला !

प्रहरीले खेल हेर्ने कि दर्शकको सुरक्षा गर्ने ?

खेलकुदका ठूला प्रतियोगिता आयोजना गर्दा खेलस्थल सुरक्षाको जिम्मा प्रहरीलाई दिने नेपाली चलनै हो । यस पटकको सागमा पनि व्यापक संख्यामा प्रहरी परिचालन भए । प्याराफिटमा खटिएका प्रहरी दर्शकको सुरक्षामा कम र खेल हेर्नमा बढी व्यस्त हुन्थे । विदेशतिर सुरक्षाका लागि खटिनेहरू दर्शकतिर फर्केर बसेका हुन्छन् तर हामीकहां भने सबै सुरक्षाकर्मीको नजर खेलस्थलमा हुन्छ । हजारौंका संख्यामा खटाइएका भनिएका स्वयंसेवकको अत्तोपत्तो नहुंदा दर्शकले सिट खोज्न प्रहरीको सहयोग लिन खोज्दा पनि उनीहरूलाई त्यसबारे जानकारी हुन्नथ्यो ।

अझ बर्दी लगाएपछि सुरक्षाकर्मीलाई रंगशाला छिर्न पनि

सजिलो र आफूसँगै चिनेजानेका लागि छिराउन पनि सहज भएको थियो । टिकट काटेर लाइन बसेका दर्शकलाई कुटुंलाभैं गर्ने प्रहरीचाहिं आफन्तलाई भने चोरबाटोबाट छिराइरहेका भेटिए ।

कहीं नभएको जात्रा समापनमा

नियम मान्ने हो भने फुटबलमा अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना हुंदा मैदानमा एक साताअघि नै कुनै पनि खेल गर्न पाइन्न । ओलम्पिक, एसियाड र सागजस्ता प्रतियोगितामा ट्र्याक एन्ड फिल्डका स्पर्धा हुंदा रंगशालाको ट्र्याकको प्रयोग मात्रै गर्न पाइन्छ । मैदानमा खेल्न पाइन्न । तर १३ औं सागको समापनअघि नेपाल र भुटानबीच स्वर्ण स्पर्धा हुनुअघि दशरथ रंगशालामा रातारात मैत्रीपूर्ण फुटबल आयोजना भयो । त्यो पनि सांसद र संसद् सचिवालयका कर्मचारीबीच ।

सांसद र कर्मचारीलाई पहिल्यै रंगशालाभित्र छिराएर पासको टन्टाबाट राखेप मुक्त हुन खोजेको हो कि भन्ने भान परेको छ ।

त्यस्तै समापनका बेला नाइटिंगल स्कुलका विद्यार्थीले पनि मनमोहक प्रस्तुति दिए । तर काठमाडौंको चिसोमा कोरियोग्राफरले विद्यार्थीलाई अर्धनग्न भेषभूषामा उतारेर उनीहरूको सातो लिने काम गरे । झन्डै एक घन्टा चिसोमा कठांग्रिएका विद्यार्थी आफ्नो प्रस्तुति सकिएपछि बाक्लो र न्यानो कपडा खोज्न हतारिएका थिए । छात्राहरूलाई फुल स्लिभमा नचाउन मिल्दा छात्रहरूलाई चाहिं किन अर्धनग्न पार्नुपर्ने रहेछ ? कहीं नभएको जात्रा हांडीगाउँमा यस्तैलाई पो भन्ने हो कि ? ने

CENTURY BANK

सेञ्चुरी बैंक

कर्मचारीहरूको साथमा सेञ्चुरी बैंक

सेञ्चुरी प्रीमियम पेरोल म्यानेजमेन्ट खाता

Rs.

रु. ७,००,०००/- बराबरको आकस्मिक दुर्घटना बीमा (Flat)
रु. १,००,०००/- सम्मको औषधि उपचार सुविधा (Hospitalization)

आकर्षक बीमा सुविधाहरू

विशेष छुटहरू

Locker Facility, Good for Payment, Balance Certificate र Credit Card को वार्षिक शुल्कमा ५०% छुट*

न्युनतम मौज्दात रु. १,०००/-

SMS Alert, Mobile & Internet Banking, ABBS सेवा, DEBIT CARD, CREDIT CARD को आबद्ध शुल्क*

नि:शुल्क सुविधाहरू

कर्जा सुविधा

सरल कर्जा प्रवाह बैंकका सबै शाखाहरुबाट प्राप्त गर्न सकिने

६.५% ब्याजदर

*शर्तहरू लागु हुनेछन् ।

सरल बैकिङ्... सबैका लागि

सेञ्चुरी कमर्सियल बैंक लिमिटेड

प्रधान कार्यालय: पुतलीसडक, काठमाडौं, फोन : ४४४५०६२/४४४०४२१
फ्याक्स: ४४४१४२२, ईमेल: welcome@centurybank.com.np, वेब: www.centurybank.com.np

का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८

Introductory Offer: 10% Discount

MARTIN ICE CREAM

Vital

An Italian Gelato

NOW in Jamal

Martin Ice Cream's
1st Ever Franchise

Aus scoops & Smile

AUS Scoops and Smile

Open Time : Every Day 11:00 am to 6:00 pm

Next to Nepal Chamber of Commerce Building, Jamal, Kathmandu |
| RSVP: 9823492444, 9860574755 |

Pixelpro\2019

Franchisor MARTIN ICE CREAM

An ISO 22000 Certified Company

You Tube